## चामुन्डाबिन्द्रासैनी नगरपालिकाको

# जलउपयोग गुरुयोजना, २०८०



पादुकाखोलाको पृष्ठभुमिमा चामुण्डाविन्द्रासैनी


## चामुण्डाबिन्द्रासैनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,

जम्बुकाँध, दैलेख

चामुन्डाबिन्द्रासैनी नगरपालिकाको

# जलउपयोग गुरुयोजना, २०८०

९८४८०३८१७८ /९८४८०७६३४९
टोल फ्रि नं.१६६००१८२२२२

# चामुण्डाबिन्द्रासैनी नगरपालिका

जम्बुकाँध, दैलेख

पत्र संख्या २०८०/०८१
च.नं.

कर्णाली प्रदेश, नेपाल

## दुई शब्द

नेपालको संबिधान २०७२ को भाग-३ मा मौलिक हक: धारा ३५ अन्तर्गत स्वास्थ्य सम्बन्धि हक र धारा ५१ मा राज्यका नीतिहरु मध्ये प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक र जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोतविकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरी लागु गर्न सक्ने व्यवस्था छ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाले पनि आफ्नो क्षेत्रभित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल,जंगल र जमिनको एकीकृत विकासका लागि कर्णाली जल परियोजना, अमेरिकीअन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा चामुण्डाबिन्द्रासैनी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण ) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो ।
जलउपयोग गुरुयोजनाको मुख्यअवधारणा भनेको जलस्रोतको एकीकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी विधिअपनाउदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुऱ्याउनु हो। यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको कूल परिणाम तथा त्यसको सम्भाव्य उपयोगको आँकलन गर्दछ।

जलउपयोग गुरुयोजनाले कुनै आयोजना वा जलस्रोत क्षेत्र (खानेपानी र सिंचाइ) बिशेष मात्र नहेरी स्थानीयस्तरमा उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीको माग र यसको समुचित प्रयोग र सम्भाव्य उपयोगलाई मध्यनजर गर्ने हुनाले गुरुयोजनाको एकदमै आवश्यकता रहेको देखिन्छ।

चामुण्डाबिन्द्रासैनी नगरपालिका भौगोलिक रुपमा पहाडी भू-भाग रहेको छ। पूर्वमा पर्ने देउगाड खोला, पश्चिममा पर्ने रामगाड खोला र दक्षिणमा अविरल वगिरहेको कर्णाली नदी यस नगरपालिकाका ठूला जल सम्पदाहरू हुन् । यहाँका सबै जसो घरधुरीहरु खानेपानीका लागि प्राय स-साना मूल लगायतका जलस्रोतहरुमा निर्भर रहेको पाइन्छ। पानीको स्रोतहरुमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक र जैविक पदार्थहरु रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरुलाई पनि सम्बोधन गर्नु पर्दछ भन्ने कुरा यस जलउपयोग गुरुयोजनाले मान्यता राख्दछ। यसका साथै जलवायु परिवर्तन/विपद् जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरणका सवालहरुलाई जलउपयोग गुरुयोजनाले समेटेको छ।
जलउपयोग गुरुयोजना स्थानीय सरकारकै नेतृत्व तथा समुदायको सहभागितामा बन्ने भएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि स्थानीय सरकार र समुदायको ठूलो भूमिका रहन्छ। त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरुको प्राथमिकता अनुसार कार्यान्वयन गरी नगरपालिकाको विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने र जलस्रोतको न्यायोचित वितरण मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरी समुदायको जीविकोपार्जनमा सुधार ल्याउन सहयोग पुर्याउने विश्वास लिएको छु ।

धन्यवाद ।

..................................
गणेश कुमार शाही
नगर प्रमुख
गणेश कुमार शाही
नगर प्रमुख

"दिगो विकासका लागी पुर्वाधार, शिक्षा,स्वास्थ्य, ,कृषि र रोजगार समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणका [illegible]
Email;info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com,
Website:www.chamundabindrasainimun.gov.np

☎ ९८५८०३८१७८-
टोल फ्रि नं. १६६००१८२२२२

चामुण्डाबिन्द्रासैनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जम्बुकाँध, दैलेख

पत्र संख्या: २०८०/०८१
च.नं.:

कर्णाली प्रदेश, नेपाल


## प्रकाशकीय

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानुनहरुको परिधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने कार्य अन्तर्गत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन प्रणालीमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH PLAN) र जलउपयोग गुरुयोजनाका विभिन्न खुड्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको जलउपयोग गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौं । नगरपालिकाले क्षेत्र भित्र प्रत्येक वडामा सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयार पारिएको यस जलउपयोग गुरूयोजनाले खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धित योजनाहरुलाई समावेश गरेको छ । विद्यमान स्थितिसँग अवगत हुनु र भविश्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न सक्दैन। तसर्थ दिगो विकासका लागि योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ समचित प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ। यस सन्दर्भमा यस नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समूह/संस्था तथा नगरपालिकाका कर्मचारीहरु, फिल्ड स्तरमा खटिने प्राबिधिक तथा सामाजिक कर्मचारिहरु लगायत नगरपालिकामा क्रियाशिल बिभिन्न संघ-संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

चामुण्डाबिन्द्रासैनी  नगरपालिकाको NWASH MIS अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपूर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुर्‍याउने युएसएआइडी, कर्णाली जल परियोजना, अमेरिकी र अन्तरांष्ट्रिय विकास नियोग (युएसएआइडी) प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

यस नगरपालिकाले भविश्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत विकास, सिंचाइ तथा ढल निकास लगायत वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुकरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु। नगरपालिका आफैले निर्माण गरेको जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशावादी हुँदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु।

..................................
**श्याम बहादुर रावत**
**नि. प्रमुख प्रशासकीय अधिकृत**
नि.प्रमुख प्रशासकीय अधिकृत


"दिगो विकासका लागी पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि र रोजगार समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार"
Email;info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com,
Website:www.chamundabindrasainimun.gov.np

# संक्षेप र संक्षिप्त नामहरूको सूची

जलउपयोग गुरुयोजना भन्नाले चामुण्डाबिन्द्रासैनी "जलउपयोग गुरुयोजना २०८०/८१ देखि २०८४/८५ (सन् २०२३ -२०२७)लाई सम्झनु पर्दछ ।

| | |
|---|---|
| NWASH MIS Information System | National Water Sanitation and Hygiene Management |
| उ.स. | उपभोक्ता समिति |
| एस.डी.ज़ी. | भन्नाले संयुक्त राष्ट्र संघको "दिगो विकास लक्ष्य सन् २०१६-२०३०"लाई सम्झनु पर्दछ । |
| एस.डी.पी. | भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७"लाई सम्झनु पर्दछ । |
| कि.मि. | किलो मिटर |
| खा.पा. | खानेपानी |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| खानेपानी उ.स.स./उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| खानेपानी सुविधास्तर | भन्नाले खानेपानी आयोजनाहरूले उपभोक्ता घरपरिवारहरूलाई उपलब्ध गराएको खानेपानीको चार तहको सुविधास्तरहरू सुरक्षित व्यवस्थापन सुविधास्तर, आधारभूत सुविधास्तर, सिमित सुविधास्तर, र सुविधा नभएको (सुन्य सुविधास्तर)लाई बुझ्नु पर्दछ । खानेपानी सुविधास्तर सूचकहरू परिमाण, गुणस्तर, पहुच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सुविधास्तर निर्धारण हुन्छ । यी चारवटा सुविधा सूचकहरूको समग्र सुविधास्तरलाई खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सुविधास्तर भन्नाले यस जलउपयोग गुरुयोजनामा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । |
| गा.वि.स. | गाउँ विकास समिति |
| गैसस | गैर सरकारी संस्था |
| जलउपयोग सेवा प्रदायक | भन्नाले जलउपयोग आयोजना सञ्चालन व्यवस्थापन गर्ने उद्देश्यले स्थापना भई नेपाल सरकार अन्तर्गत दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्थाहरू नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, जलउपयोग प्रयोजनका उपभोक्ता समिति, निजि उद्योग, जलउपयोग स्व-सेवा गर्ने ससाना उपभोक्ता समुह वा परिवार, आदि समेत जलउपयोग सेवा प्रदायक अन्तर्गत पर्दछन । |
| जलस्रोत व्यवस्थापन कुर्सी | भन्नाले जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत् विकास संरचनाहरू, कानूनी प्रावधानहरू र दिगो विकास अवधारणा अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाई योजना |

| | |
|---|---|
| | निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गरिएको जलस्रोत व्यवस्थापन कुर्सीको चित्रगत अवधारणालाई सम्झनु पर्दछ । यो अवधारणा सरोकारवालाहरूको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका क्षेत्रहरूमा केन्द्रित रहेर नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिन्छ। |
| नगरपालिका | नगरपालिका |
| नेपाल रोडम्याप | भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७"लाई सम्झनु पर्दछ । |
| लि.प्र.से. | लिटर प्रति सेकेन्ड |
| लै.स.सा.स. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| स.सं. | सहकारी संस्था |
| सा.ब.उ.स. | सामुदायिक वन उपभोक्ता समुह |
| सिबिआरटी / CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरू) भन्नाले तर्जुमा गरिएका आयोजनाहरूको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा प्रयोग गरिने "मापदण्डमा आधारित प्राथमिकीकरण औजार"लाई बुझ्नु पर्दछ । |

# कार्यकारी सारांश

"जल उपयोग गुरुयोजना" भनेको समुदायसँगको सहभागितामा आधारित जलस्रोत व्यवस्थापन योजनाको बारेमा हो । यसको प्रमुख उद्देश्य चिन्ता गर्ने पानीका स्रोतहरूको विवरण गर्न, नक्सा तयारी गर्न, विश्लेषण गर्न र तिनीहरूको संरक्षण, प्रवर्द्धन, प्रबन्ध र न्यायोचित रूपमा वितरण गर्नका लागि समुदायको सहभागितामा आधारित योजना बनाउने बुझिन्छ । यसले उपलब्ध जलस्रोतहरूको विश्लेषण गर्दछ, योजना बनाउँछ, आवश्यक लागतको अनुमान गर्दछ, सहयोगी संघ संस्था पहिचान गर्दछ लगानी नीति, लक्ष्य, तथा कार्यान्वियन रणनीति तयार गर्दछ । यसमा समुदायको क्षमता विकास, जलस्रोतहरूको उपयोग, पर्यावरण तथा प्राकृतिक संरक्षण, पानीको विविध उपयोग, जलस्रोतसँगको विवादको कमी र समाधान, सुशासन प्रवर्द्धनका साथै संस्थागत क्षमता बृद्धि गर्नका लागि क्षेत्रीय योजनामा लिने गर्दछ ।

जलउपयोग गुरुयोजनाले स्थानीयस्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रूपले पानीको बहुउपयोग गर्न एकीकृत योजना विकास गर्न र आफ्नो नगरपालिका क्षेत्रभित्र रहेका निश्चित समुदायहरूको लागि जलस्रोतको समानुपातिक वितरण र दुर्गम समुदायसँगको पानीसँग सम्वन्धित आवश्यकताहरूको पूर्ति गर्न लक्ष्य राख्दछ । यस योजनाले जलवायु परिवर्तनलाई समुदाय र सरोकारवालाहरूले चाहेको क्षेत्रमा नयाँ अवधारणाहरूको प्रवर्द्धन गर्दछ, जस्तै एकजल अवधारणा, पानीको उत्पादनसिल प्रयोग गर्ने तरिका, स्थानीय समुदायलाई शक्तिशाली बनाउने, समुदाय सञ्चालन र जागरणमा प्रेरित गर्दछ ।

जल उपयोग गुरुयोजनाको तयारी प्रक्रिया अनुसार महिला, पिछडिएका समुदाय, अति गरीब, सीमान्तकृत समुदाय र पानीको उपभोगबाट बञ्चित समुदायहरूको परिप्रेक्ष्यमा योजनाले प्राथमिकता निर्धारण गरी यस्ता समुदायहरूको मूलप्रवाहीकरणद्वारा खानेपानी लगायतको संविधानद्वारा सुनिश्चित गरिएको जलस्रोतको प्रयोग सम्बन्धी अधिकारहरूको सुनिश्चित गर्दछ ।

यसकारण, समुदायको क्षमता विकास, जलस्रोतहरूको सदुपयोग, पानीको विविध उपयोग, पर्यावरण र प्राकृतिक संरक्षण, जलस्रोतसँगको विवादको कमी र समाधान, जलवायु परिवर्तनको अनुकूलन तथा सम्भावित प्राकृतिक जोखिम व्यवस्थित गर्न र सुशासन प्रवर्द्धन गर्नका लागि दीर्घकालीन उपायको रूपमा जल उपयोग गुरुयोजनालाई लिन सकिन्छ ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्देश्य भनेको

- स्थानीयस्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु ।
- नगरपालिका क्षेत्रका निश्चित समुदायभित्र तथा समुदाय-समुदायका बिचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्वन्धित आवश्यकताहरू पुरा गर्नु ।
- जलवायु परिवर्तन अनुकूलन तथा सम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागि समुदाय र सरोकारवालाहरूको क्षमता विकास गर्नु ।
- जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरू जस्तै एकजल अवधारणा, पानीको उत्पादनशील उपयोगका लागि स्थानीय जनसमुदायहरूलाई शक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउनु ।

जलउपयोग गुरुयोजनाले उपलब्ध पानीको सहयोगपूर्ण, सामाजिक र आर्थिक उपयोग गर्नका लागि समुदायहरूलाई सशक्त बनाउने प्रयास गर्दछ र स्थानीयस्तरमा जलस्रोतको व्यवस्थापनमा मद्दत पुऱ्याउँछ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरू (तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिवेदन लेखन तथा प्रतिवेदन प्रमाणीकरण चरणहरू) मा क्षेत्रगत बिज्ञहरूको परिचालन गरी स्थानीय समुदायहरूको सहभागिता र ज्ञान सिप र प्रबिधीको अधिकतम उपयोग सहित तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रमाणीकरण गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि NWASH र DAI Collect KoBo मोबाइल एप्लिकेशनहरूको प्रयोग गरिएको छ ।

सङ्कलित तथ्याङ्कहरूलाई एकत्रित गरी तथ्याङ्कहरूलाई प्रबिष्टीका समयमा हुन गएका त्रुटीहरू र प्रमाणीकरण गोष्ठीहरू मार्फत सुझाइएका थप तथ्याङ्कहरूलाई युएसएआइडी कर्णाली जल परियोजनाको सहयोग र समन्वयमा सच्याउने तथा प्रबिष्टी गर्ने, सान्दर्भिक नरहेका तथ्याङ्कहरूलाई हटाउने कार्य गरिएको थियो । ९ वटै वडाहरूमा वडास्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन मार्फत तथ्याङ्कहरूको प्रमाणिकरण तथा तत्पश्चात वडागत योजना तर्जुमा गोष्ठीमा योजनाहरूको तर्जुमा तथा प्राथमिकीकरण गरी समग्र नगरपालिकाको योजना तर्जुमा तथा प्राथमिकीकरण गरिएको थियो ।

यसरी जलउपयोग गुरुयोजना निर्माणका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न बिधिहरू अपनाई विश्लेषण गर्नुका साथै सरोकारवालाहरू माझ गरिएका छलफल, अन्तर्क्रिया र प्रमाणिकरण पश्चात तथ्याङ्कहरूलाई आवश्यक तालिका, ग्राफ, र अनुसूचीमा राखी त्यसको विश्लेषणात्मक प्रस्तुती सहित यो प्रतिवेदन तयार गरिएको छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरूमा (१३ वटा खुड्किलाहरू) सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरू निम्न अनुसार रहेका छन् ।

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र सांझेदारहरू बिचको सम्झौता तथा अन्य तथ्याङ्क सङ्कलनका औजार तथा विधिहरूको छनौट गरिएको थियो ।
- क्षमता विकास चरणमा ९ जना तथ्याङ्क संकलकहरूलाई NWASH/ DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क सङ्कलन बिधि सम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।
- ९ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागितात्मक तरिकाले सामाजिक तथा प्राविधिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । तथ्याङ्कहरू सङ्कलन गर्दा महिला तथा पछाडिपारिएका बर्गका मुद्दाहरू/सवालहरूको अध्ययन र विश्लेषण गरिएको थियो ।
- ९ वटै वडाहरूमा वडास्तरीय समन्वय बैठक/अनुशिक्षण र २/२ दिन क्षमता विकास तालिमहरू सम्पन्न गरिएको छ र अनुशिक्षणमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयवस्तुहरू समावेश गरिएको थियो ।
- ९ वटै वडाहरूबाट छनौट गरिएका महिला तथा पछाडि पारिएको बर्गका व्यक्तिहरूका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।
- नगरपालिकास्तरमा १ पटक समन्वय बैठक र १ पटक २ दिने योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो ।

## मुख्य तथ्याङ्कहरू:

- राष्ट्रिय जनगणना २०७८को प्रतिबेदन अनुसार यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाको कूल घरधुरी संख्या ५,११३ र कूल जनसंख्या २६,५५९ (https://censusnepal.cbs.gov.np) रहेको देखिन्छ भने हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा सङ्कलन गरिएको २०८० को तथ्याङ्क अनुसार कूल घरधुरी संख्या ५५३५ र कूल जनसंख्या २८,७८६ रहेको छ । कूल घरधुरी मध्ये ३२९४ घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, १,९१५ घरधुरी दलित, र ३२६ घरधुरी जनजाति रहेका छन् ।
- यस नगरपालिकामा ठूला जलाधारको रुपमा कर्णाली नदी रहेको छ भने उप-जलाधारको रुपमा अन्य खोलाहरू जस्तै देउगाड र रामगाड खोला रहेका छन् । ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व बोकेको साना ठूला जल सम्पदाहरू छन् भने खानेपानीका लागि मुख्य स्रोतको रुपमा सतही/मूलहरू मात्रै प्रयोग भएको देखिन्छ ।
- नगरपालिकामा हाल विद्यमान खानेपानी योजना संख्या १५७ भएता पनि ४० वटा खानेपानी योजनाहरू मात्र व्यवस्थित रहेको छ । आगामी पाँच वर्षको लागि जलउपयोग गुरुयोजनामा प्रस्तावित नँया खानेपानी योजनाहरूको संख्या ९३ वटा रहेका छन् । विद्यमान व्यवस्थित खानेपानी योजनाबाट हाल ८३५ घरधुरी लाभान्वित भएको देखिन्छ । विद्यमान १५७ वटा खानेपानी आयोजनाहरू मध्ये कुनै पनि योजनाहरूमा पानी सुरक्षा योजना लागु गरेको पाइन्न । त्यसकारण नगरपालिकाले सबै योजनामा पानी सुरक्षा योजना लागु गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाको सरसफाइ तथा स्वच्छता अवस्था विश्लेषण गर्दा प्राय ८९.५७% घरधुरीमा शौचालय रहेको छ । सर्वेक्षण गरिएका कूल ५८५ घरधुरीहरू मध्ये करिब १०.४२% घरधुरीसमा शौचालय नभएको अवस्था छ । शौचालय भएका घरधुरी मध्ये प्राय सबै (८८% भन्दा बढी) घरधुरीमा सुधारिएको सुरक्षित शौचालय रहेको छ[1]।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विद्यमान सिंचाइ योजनाहरू[2] ८० वटा कुलो सिंचाइ तथा ८५ वटा लघु सिंचाइ योजनाहरू रहेका छन् । यी विद्यमान सिंचाइ आयोजनाहरूबाट नगरपालिकाको कूल खेतीयोग्य भू-भाग मध्ये करिब २३,८२३ रोपनी (१,२१२ हेक्टर) अर्थात खेतीयोग्य भू-भागको ३२.३६% क्षेत्रफलमा सिंचित भईरहेको देखिन्छ ।
- नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत् छलफल, विषयक्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसारअगामी पाँच वर्षमा ४७ वटा नयाँ खानेपानी आयोजनाहरू, ४६ वटा मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार तर्फका खानेपानी आयोजनाहरू, ८७ वटा सिंचाइ (४४ कुलो सिंचाइ र ४३ लघुँ सिंचाइ) आयोजनाहरू, १२ वटा बहुउपोयोगी आयोजनाहरू, वातावरण तथा पर्यावरण संरक्षण तर्फ ३७ वटा योजनाहरू र १४ वटा पानीघट्ट (जलउर्जा) योजनाहरू प्रस्ताव गरिएका छन् ।

---

[1] स्रोत: NWASH सर्वेक्षण गर्दा नगरपालिकाको कूल घरधुरि मध्ये १०% घरधुरिहरूमा नमुना सर्वेक्षण गर्दा प्राप्त तथ्यांक अनुसार

[2] अनुसुचीको बिस्तृत विवरण फारम विवरणमा हाल बन्द रहेको र भविश्यमा सँचालन गर्ने सकिने १० वटा गरी जम्मा १७५ सिचाँइ योजनाहरूको नामावली पालिकास्तरीय वैठकको निर्णय अनुसार समावेस गरिएको छ ।

- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०७९ मा दफा ३३ को उपदफा ४ र दफा ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकारणका सवालहरूलाई आत्मसात गर्दै सरसफाइका लागि गरीब/अत्ति विपन्न तथा पछाडि पारिएका समुदाय र घरधुरीलाई अनुदान तथा खानेपानी महशुलमा छुट दिने व्यवस्था गरिएको छ ।

माथिका मुख्य क्षेत्रगत आयोजनाहरूका साथै ठोस फोहोरलाई आगामी दिनमा व्यवस्थित गर्दै जनचेतनाका क्रियाकलापहरू बढाउने छलफल समेत गरिएका छन् । समग्रमा चामुण्डाबिन्द्रासैनी नगरपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरू ५ वर्षभित्रै कार्यान्वयन गर्न सकिने र नगरपालिकाको क्षेत्रगत परिकल्पना, लक्ष्य तथा उद्देश्यहरू पुरा हुने देखिन्छ ।

# विषय सूची


संक्षेप र संक्षिप्त नामहरूको सूची ........ ख
मुख्य तथ्याङ्कहरू: ........ ङ
अध्याय १: परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.१.१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरू ........ १
नेपालको संविधान २०७२बाट प्राप्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित अधिकार क्षेत्रहरू, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) क्षेत्रगत विकास योजनाहरू, राष्ट्रिय तथा लक्ष्यहरूलाई प्राप्त गर्न र प्रभावकारी जलस्रोत व्यवस्थापनद्वारा नागरिकको मौलिक अधिकार सुरक्षण गर्न व्यवस्थित योजना तर्जुमा गर्नआवश्यक देखिन्छ । ........ १
१.१.२ एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरू ........ ३
१.१.३ दिगो विकास लक्ष्य........ ४
१.१.४ अन्तरक्षेत्रीय सवालहरू........ ६
१.२ जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र........ ८
१.२.१ जलउपयोग गुरुयोजनाका उद्देश्यहरू ........ ८
१.२.२ जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरू........ ९
१.३ जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरू ........ ११
१.३.१ स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरूको समिक्षा ........ ११
१.३.२ रणनीतिक योजनाहरूको एकीकरण ........ १२
१.३.३ जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरू ........ १२
अध्याय २: नगरपालिकाको वस्तुस्थिति विश्लेषण ........ १९
२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ १९
२.४ प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण ........ २५
२.५ नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण........ २५
२.५.१ नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण........ २५
२.५.२ जातियता........ २७
२.५.४ व्यवसाय ........ २८
२.५.५ कृषि र जीविकोपार्जन ........ २९
२.५.६ मौसमी पात्रो तथा कार्यबोझ ........ ३०
२.५.७ नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण........ ३१
२.६ सेवाकेन्द्रहरू सम्बन्धी विवरण........ ३३
२.७ विकास साझेदारहरू, गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा सहकारी सम्बन्धी विवरण ........ ३३
अध्याय-३: विद्यमान जलस्रोतहरूको अवस्था र प्रयोग........ ३६
३.१ नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विवरण........ ३६
३.२ नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विश्लेषण ........ ३६
३.२.१ स्रोतहरूको अवस्थितिको आधारमा जलस्रोतहरूको विश्लेषण ........ ३९

३.२.२ स्रोतहरूको क्षमताको आधारमा जलस्रोतहरूको विश्लेषण ...... ३९
३.२.५ विद्यमान अवस्थामा प्रयोग नभएको आधारमा स्रोतहरूको विश्लेषण ...... ४१
३.३ विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण ...... ४१
३.३.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र ...... ४२
३.३.२ विद्यमान खानेपानी योजनाहरूको सञ्चालनको अवस्था ...... ४३
३.३.३ विद्यमान खानेपानी योजनाहरूको सुविधास्तरको अवस्था विश्लेषण ...... ४३
३.४ विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण ...... ४४
३.४.१ बस्तीहरूको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति ...... ४४
३.४.२ विद्यालय तथा सार्वजनिकस्थलहरूको सरसफाइ अवस्था ...... ४५
३.४.३ वातावरणीय सरसफाइको अवस्था ...... ४७
३.४.४ दिसाजन्य लेदो, ठोस फोहोर तथा फोहोरपानी व्यवस्थापनको विद्यमान अवस्था ...... ४८
३.४.५ सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि आनीबानी तथा व्यवहार परिवर्तन ...... ४९
३.५ विद्यमान सिंचाइ योजनाहरूको अवस्था विश्लेषण ...... ५०
३.५.१ विद्यमान सिंचाइ योजनाहरू र सेवाक्षेत्र ...... ५०
३.५.३ निर्माणाधीन सिंचाइ योजनाहरू र लक्षित सेवाक्षेत्र ...... ५२
३.६ विद्यमान बहु-उपयोगी योजनाहरूको अवस्था विश्लेषण ...... ५२
३.६.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र ...... ५२
३.६.२ विद्यमान योजनाहरूको सञ्चालनको अवस्था ...... ५२
३.६.३ निर्माणाधीन योजनाहरू र लक्षित क्षेत्र ...... ५२
३.७ विद्यमान जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरूको अवस्था विश्लेषण ...... ५२
३.७.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र ...... ५३
३.७.२ विद्यमान योजनाहरूको सञ्चालनको अवस्था ...... ५४
३.७.३ निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र ...... ५४
३.८ विद्यमान जल उर्जा योजनाहरूको अवस्था विश्लेषण ...... ५४
३.७.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र ...... ५५
३.७.२ विद्यमान योजनाहरूको सञ्चालनको अवस्था ...... ५५
३.७.३ निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र ...... ५५
३.८ जलस्रोतहरूको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र ...... ५५
३.९ जलस्रोतमा विवाद ...... ५६
अध्याय-४ : गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना ...... ५८
४.१ नगरपालिकाको दीर्घकालीन सोंच ...... ५८
४.२ लक्ष्य ...... ५८
४.४ जलउपयोग गुरुयोजना रणनीति ...... ५९
४.५. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन ...... ६१
४.६ एक जल नीति तथा अवधारणा ...... ६३
४.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन ...... ६४
४.१० जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरू ...... ६८
४.११ मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू (CBRT) ...... ६९

४.८ स्रोत संरक्षण ........ ७२
५.१ अन्तर विश्लेषण ........ ७४
५.२ आवधिक योजनाको सारांश ........ ७७
५.२.१ खानेपानी योजनाहरू ........ ७९
५.२.३ बहुउपयोगी योजनाहरू ........ ८०
५.२.४ सिंचाइ योजनाहरू ........ ८१
५.२.६ जलउर्जा सम्बन्धी योजनाहरू ........ ८४
अध्याय-६: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक ........ ८६
६.१ गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना ........ ८६
६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरूको पहिचान ........ ९०
६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति ........ ९२
६.५ गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र ........ ९२
६.६ गुरुयोजना कार्यान्वयन रणनीति ........ ९३

**संलग्न तालिकाहरू :**

तालिका-१: नगरपालिकाले तयार गरेको ऐन/नीति तथा कार्यविधिहरू ........................................ ११
तालिका-२: प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण........................................................... १५
तालिका-३: क्षमता विकास सम्बन्धी तालिमका सहभागीहरूको लैङ्गिक र जातिगत विवरण ................... १६
तालिका-४: योजना तर्जुमा गोष्ठीका सभागीहरूको विवरण.....................................................१८
तालिका-५: नगरपालिकाको भू-उपयोगको विवरण ............................................................. २३
तालिका ६: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण............................................... २७
तालिका-७: वडा अनुससार जातिगत घरधुरीको विवरण ....................................................... २७
तालिका -८ व्यवसाय सम्बन्धी विवरण ............................................................................२८
तालिका-९: वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण ............................................... २९
तालिका १०: दक्ष मानव शंसाधन विवरण............................................................................ ३१
तालिका-११: स्थानीय सामग्रीहरूको उपलब्धता................................................................... ३२
तालिका-१२: पालिकामा रहेका सेवाकेन्द्रहरूको विवरण .................................................... ३३
तालिका-१३: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण................................३४
तालिका-१४: वडा अनुसार सहकारी संस्थाहरूको विवरण......................................................३४
तालिका-१५: पालिकामा विद्यमान जलस्रोतहरूको वडागत रुपमा विवरण.................................... ३७
तालिका-१६: स्रोतहरूको विद्यमान प्रयोगको विवरण.............................................................. ४१
तालिका-१७: विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण .............................................४१
तालिका-१८: वडागत रुपमा खानेपानी योजनाहरूको सुविधास्तरको आधारमा विश्लेषण.................... ४४
तालिका-१९: घरायसी सरसफाइको अवस्था वडागत विवरण ................................................. ४५
तालिका-२०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था........................................४६
तालिका-२१: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था....................................... ४७
तालिका-२२: गतिविधि तथा सुझावहरू ............................................................................. ४९
तालिका-२३: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा).....................................५०
तालिका- २४: वडागत रुपमा बहु-उपयोगी योजनाहरूको विवरण ............................................५२
तालिका- २५: वातावरण संरक्षणका योजनाहरूको वडागत विवरण ........................................... ५४
तालिका-२६: वडागत योजना संख्या र लाभान्वित घरधुरीहरूको विवरण......................................५५
तालिका-२७: प्रयोगमा रहेका विद्यमान प्रविधिहरूको विवरण....................................................६८
तालिका-२८: सिबिआरटी सूचक र अंकभार (नयाँ निर्माण आयोजनाको लागि)...................................६९
तालिका-२९: सिबिआरटी सूचक र अंकभार (विद्यमान आयोजनाको सेवास्तर बृद्धिको लागि)..................७०
तालिका-३०: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (सिंचाइ योजना) ...................................७०
तालिका-३१: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (बहुउपयोगी योजना) ...............................७०
तालिका-३२: :मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (वातावरण/पर्यावरण तथा स्रोत संरक्षण योजना).. ७१
तालिका-३३: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (पानी घट्ट योजना)................................. ७१

तालिका-३४: सिबिआरटी सूचक र अंकभार (विद्यमान आयोजनाको सेवास्तर बृद्धिको लागि)................. ७२
तालिका-३५: लागत मापदण्ड नगरपालिका गोष्ठीबाट प्रस्तावित................................................ ७८
तालिका-३६: प्रस्तावित खानेपानी योजनाहरूको विवरण.......................................................७९
तालिका-३७: प्रस्तावित बहुउपयोगी योजनाहरूको वडागत विवरण ............................................ ८०
तालिका-३८: वडागत रुपमा प्रस्तावित सिंचाइ योजनाहरूको विवरण ..........................................८१
तालिका-३९: वातावरण तथा पर्यावरण सम्बन्धी तर्जुमा गरिएका योजनाहरू....................................८३
तालिका-४०: प्रस्तावित जल उर्जा तथा अन्य योजनाहरूको विवरण........................................... ८४
तालिका-४१: पहिलो वर्षमा कार्यान्वयन गर्ने गरी तर्जुमा गरिएका योजनाहरू.................................. ८८
तालिका ४२ जल उपयोग गुरुयोजना कार्यान्वयन गर्न लगानी सहकार्य गर्ने सम्भावित सरोकारवालाहरू ...... ९१

**संलग्न नक्शाहरू:**

नक्शा १ -: चामुन्डा बिन्द्रासैनी नगरपालिका वडाहरूको प्रशासनिक सिमाना सहितको नक्शा ........ २१
नक्शा २-: चामुन्डा बिन्द्रासैनी नगरपालिकाको भौगोलिक अवस्थिति र पहुँच ......................... २२
नक्शा ३: चामुण्डा बिन्द्रासैनी नगरपालिकाको भूउपयोग नक्शा ....................................... २४
नक्शा ४: चामुण्डा बिन्द्रासैनी नगरपालिकाको उप-जलाधार क्षेत्रहरूको नक्शा........................२६
नक्शा ५: नगरपालिकामा विद्यमान जलस्रोतहरूको अवस्था.......................................................... ३८

**संलग्न चित्रहरू:**

चित्र-१: जलउपयोग गुरुयोजना तथा जलस्रोत व्यवस्थापन कुर्सी..............................................१०
चित्र २: जलउपयोग गुरुयोजना निर्माणका चरणहरू......................................................................१४
चित्र ३: नगरपालिकामा समुदायको मौसमी काममा व्यस्तहुने समय............................................. ३०
चित्र ६: पानीका स्रोतहरू ............................................................................................ ३६
चित्र ७: अवस्थितका आधारमा विद्यमान जलस्रोतहरू ........................................................ ३९
चित्र ८: क्षमताका आधारमा विद्यमान जलस्रोतहरू ............................................................. ३९
चित्र ९: गुणस्तरको आधारमा जलस्रोतहरू ............................................................... ४०
चित्र १०: पानीका स्रोतहरूको विद्यमान परिप्रयोगको .........................................................४१
चित्र ११: विद्यमान खानेपानी सुबिधास्तर सम्बन्धी विश्लेषण............................................... ४२
चित्र १२: सिंचाइ सुबिधा स्तर सम्बन्धी विश्लेषण...............................................................५१
चित्र १३: वातावरण/पर्यावरण क्षेत्रका योजना विश्लेषण ...................................................... ५४
चित्र १४: विद्यमान जलउर्जा क्षेत्रहरूको विश्लेषण.................................................................५५
चित्र १५: नगरपालिकाको जलउपयोग गुरुयोजनामा समेटिएका क्षेत्रगत योजनाहरू र अनुमानित लागत......७९
चित्र १६: जलगुरुयोजनामा प्रस्तावित खानेपानी योजनाहरूको लागत अनुमान................................ ८०
चित्र १७: नगरपालिकाको प्रस्तावित बहुउपयोगी योजना (नयाँ) ...............................................८१

चित्र १८: प्रस्तावित सिंचाइ योजना (मर्मत) को लागत अनुमान ........ ८२
चित्र १९: प्रस्तावित सिंचाइ योजना (नयाँ) को लागत अनुमान ........ ८२
चित्र २०: प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजनाहरूको विवरण तथा लागत अनुमान ........ ८४
चित्र २१: प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजनाहरूको विवरण तथा लागत अनुमान ........ ८५
चित्र २२: पहिलो वर्षमा प्रस्तावित लगानीको सारांस ........ ८८
चित्र २३: जलस्रोत संरक्षण तथा जलउपयोग क्षेत्रका सरोकारवाला पहिचान चित्र ........ ९०

# अध्याय १: परिचय

## १.१ पृष्ठभूमि

जलउपयोग गुरुयोजना जलस्रोत व्यवस्थापनका पक्षहरू जस्तै पानीका स्रोतहरू लगत तयार पार्ने, विद्यमान प्रयोग र भविश्यमा उपयोग गर्न सकिने क्षेत्रको पहिचानका साथसाथै स्रोतहरूको अवस्थाको खोज र विश्लेषण, समुदायहरूमा विद्यमान पानीसँग सम्वन्धित योजनाहरूको अवस्था विश्लेषण र समग्र समुदायहरूको सुविधास्तर वर्गीकरण गरी भविश्यमा पानीका क्षेत्रमा आवश्यक सेवा बिस्तार र सुदृढीकरणका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो । जलउपयोग गुरुयोजनाले कुनै निश्चित भूगोललाई लक्षित गरी समग्र जलाधार व्यवस्थापनको आधारमा पानीको उपभोग र दिगोपनाका लागि उपभोगलाई न्यायोचित तथा समतामूलक सिद्धान्तलाई अवलम्वन गरेको हुन्छ । जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरूको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरूको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत विवाद न्यूनीकरण र समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्देश्य भनेको, "स्थानीयस्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो गाउँपालिका क्षेत्रका निश्चित समुदायभित्र तथा समुदाय (समुदायका बिचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्वन्धित आवश्यकताहरू पुरा गर्न रहेको छ । गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा सम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागि समुदाय र सरोकारवालाहरूको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरू जस्तै एकजल अवधारणा, पानीको उत्पादनशील उपयोगका लागि स्थानीय जनसमुदायहरूलाई सशक्तीकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउदछ ।

### १.१.१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरू

नेपालको संविधान २०७२बाट प्राप्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित अधिकार क्षेत्रहरू, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) क्षेत्रगत विकास योजनाहरू, राष्ट्रिय तथा लक्ष्यहरूलाई प्राप्त गर्न र प्रभावकारी जलस्रोत व्यवस्थापनद्वारा नागरिकको मौलिक अधिकार सुरक्षण गर्न व्यवस्थित योजना तर्जुमा गर्नआवश्यक देखिन्छ ।

यसरी संविधान, ऐन नियमावलीहरूले गरेका प्रवन्ध तथा दिगो विकास लक्ष्यहरू हासिल गर्नमा जलउपयोग गुरुयोजनाले पालिकाहरूलाई एकीकृत जलस्रोत व्यवस्थापन गर्न योगदान पुर्याउने देखिएको छ । यसका अतिरिक्त गुरुयोजनाको कार्यान्वयन पश्चात् जलवायु परिवर्तन तथा सेवाहरूको न्यायोचित वितरण तथा सेवाहरूमा विद्यमान असमानता घटाउन सहयोग पुर्याउनुका साथै स्थानीयस्तरमा उन्नत जीविकोपार्जनका अवसरहरूमा सुधार हुने बिश्वास गरिएको छ । नेपाल सरकारको नीति नियमहरू, अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धता तथा छलफल, एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम र यस क्षेत्रमा प्राप्त भएको अनुभवका आधारमा हेल्भटास स्विस इन्टर कोपरेशन नेपालले सन २००१ देखि नै

जलउपयोग गुरुयोजनाका पद्धतिहरूलाई अगाल्दै आएको छ भने यसको महत्व र प्रभावकारीतालाई वुझेर अन्य संस्थाहरूले पनि अनुसरण गर्दै आएका छन् । त्यस्तै नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त सहयोगमा सञ्चालित ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले सन् २००६ देखि नै जलउपयोग गुरुयोजनालाई परियोजना क्रियाकलापको आधार बिन्दु मान्दै स्थानीय तहहरूमा परियोजनाका क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । हालसम्म नेपालमा विभिन्न संघ संस्था मार्फत साविकका दर्जनौ गाविसहरूमा जलउपयोग गुरुयोजना तयार भई सफल कार्यान्वयनमा आएका छन् । जलउपयोग गुरुयोजनाको सफल सिकाईका आधारमा हाल एशिया तथा अफ्रिकी मूलुकका केही देशहरूमा समेत लोकप्रिय बन्दै गईरहेको छ । जलस्रोतको योजना तयार गर्न गुरुयोजना एक एकीकृत, सहभागितात्मक र समावेशी प्रकृया हो । यो प्रकृयाले स्थानीयस्तरमा पानीको प्रयाप्तता र पानीको आवश्यकतालाई सुनिश्चित गर्दछ ।

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरूमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरू रहेका छन् । जलउपयोग गुरुयोजना र जलस्रोत विकास सम्बन्धित केहि प्रावधान निम्मानुसार रहेका छन।

**मौलिक हकः**

- धारा ३० को उपधारा १ मा स्वच्छ वातावरणको हकमा “प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने हक हुनेछ“
- धारा ३० को उपधारा ४ मा स्वास्थ्य सम्वन्धी हकमा “प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ“
- धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक “प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ”।
- धारा ५१: “राज्यका नीतिहरू, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने”।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने ।
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बवन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने ।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भु भागमा वन क्षेत्र कायम-गर्ने ।
- प्रकृती, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने ।
- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८ खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा भनी उल्लेखित छ ।
- साझा अधिकार सूची ७ र ९

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को :**

- परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयन,

- परिच्छेद २४ मा योजना बनाई कार्यान्वयन गर्नेः "गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत योजना बनाई कार्यान्वय गर्नु पर्नेछ भनी उल्लेख गरेको । "
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०७९ मा दफा ३३ को उपदफा ४ र दफा ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई आत्मसात गर्दै सरसफाइका लागि गरीब अति विपन्न तथा/पछाडि पारिएका समुदाय र घरधुरीहरूलाई अनुदान तथा खानेपानी महशुलमा छुट दिने व्यवस्था गरिएको छ ।

- **त्यसै गरी पन्ध्रौँ योजनामा**

४.१ सोंचः स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा,

४.२ लक्ष्यः सबैलाई आधारभूतस्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सेवा अभिबृद्धी गर्ने ।

४.३ उद्देश्यः

- खानेपानी र सरसफाइ सेवाको प्रयाप्त, सुरक्षित र सर्वसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु,
- सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल (मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्नु,
- जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु,
- खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिबृद्धि गर्नु ।

माथि उल्लेखित संबैधानिक व्यवस्थाहरूले समेत स्थानीय तहहरूको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरू सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ । पानी क्षेत्रका निर्दिष्ट योजनाहरूको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेको छ। यसरी स्थानीय सरकारहरूले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरी आवधिक योजनाहरू मार्फत नागरिकका संविधान प्रदत्त अधिकार सुनिश्चितता लागि समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ ।

## १.१.२ एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरू

एउटा जलाधार भित्रका पानीसँग सम्वन्धित आवश्यकताहरू सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरू बिच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकीकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ[3]।

[3] एशियाली विकास बैक (ADB) को सहयोगमा संचालित "जलाधार क्षेत्र ब्यबस्थापन कार्यक्रम" अन्तर्गत तयार पारिएको "सहभागितामुलक एकीकृत जलाधार क्षेत्र ब्यबस्थापन हाते पुस्तिका, २०७६

जलस्रोत विकासका विभिन्न क्षेत्रहरू जस्तैः खानेपानी, सिंचाइ, जलविद्युत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुऱ्याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकीकृत जलस्रोत व्यवस्थापन हो । एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना जलभाग अथवा स्रोतहरूलाई संरक्षण र विवेकपूर्ण उपयोग तथा माटो, पानी, र वनस्पतीय स्रोत बिचको सामनजस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखी ती स्रोतहरूको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरूको लेखाजोखा गर्नु हो ।

त्यसैले एकीकृत जलस्रोत व्यवस्थापन एउटा व्यवस्थित प्रक्रिया हो जसले जलस्रोत, जमिन र सम्बन्धित स्रोतहरूको समन्वयात्मक विकास एवं व्यवस्थापनलाई प्रवर्द्धन गर्दै समतामूलक ढङ्गले वातावरणमा असर नपर्ने गरी आर्थिक र सामाजिक कल्याणलाई बढावा दिएर जलस्रोतको उपयोग बहुआयामिक ढङ्गले गरिन्छ । एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्तले पानीको व्यवस्थापन गर्दा सबै तहमा नीति निर्माता, योजनाविद् र उपभोक्ताहरूको सहभागिता हुनुपर्नेमा जोड दिईएको छ । जलस्रोत ऐन, २०४९को धारा ७मा पानीका विविध उपयोगहरू उल्लेख गर्दै तिनको प्राथमिकताक्रम तोकिएको छ ।

कुनै पनि जलस्रोत सम्बन्धी योजना निर्माण गर्दा यसको दिगो विकास र व्यवस्थापनका लागि एउटा निश्चित भूगोल र अझ विशेष गरेर त्यहाँको जलाधार क्षेत्रभित्र रहेका अलग अलग अवयव वा पर्यावरणहरूलाई अलग अलग दृष्टिकोणबाट नहेरी यीनीहरूमा निहित अन्तरसम्बन्धका आधारमा समष्टिगत रूपमा हेरिनु पर्दछ । पानीको उपलब्धता, यसको विविध उपयोग र स्वामित्वलाई लिएर उपभोक्ताहरू बिच वैमनश्य, विवाद र कहिलेकाहीँ सङ्घर्षको स्थिति उत्पन्न हुने गरेको छ । तसर्थ खानेपानी, सिंचाइ, जलविद्युत्, वातावरण तथा पर्यावरण आदि जलस्रोत विकासका विभिन्न क्षेत्रहरूलाई सँगसँगै र एक अर्कालाई सहयोग पुर्याउने किसिमले लैजानुपर्ने हुन्छ ।

एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई सन् १९९२ मा संयुक्त राष्ट्र सङ्घको रियो डि जेनेरियोमा सम्पन्न 'वातावरण तथा विकास' विषयक सम्मेलनबाट पारित 'एजेन्डा–२१' मा समेत अनुमोदन गरिसकिएको छ । एकीकृत जलस्रोत व्यवस्थापनका प्रस्तुत अवधारणाहरू यस पूर्व नै 'डब्लिन सम्मेलन'बाट पारित ४ ओटा निम्नलिखित सिद्धान्तहरूमा आधारित छनः

**सिद्धान्त १ :** शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ ।

**सिद्धान्त २:** पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीतिनिर्मातालाई समाहित गर्दछ ।

**सिद्धान्त ३:** पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरूको महत्वपूर्ण भूमिका हुन्छ ।

**सिद्धान्त ४:** पानी सामुदायिक वस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ ।

### १.१.३ दिगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वव्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याङ्कन गर्न २३२ सूचकहरू पनि तयार गरिएका छन् । यसै गरी नेपालमा ती १७ वटा लक्ष्य पूर्तिका निम्ति ४७९ वटा

सूचकहरू निर्धारित गरिएका छन्[4]। यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरू एकआपसमा अन्तरसम्बन्धित छन् । माथि परिच्छेद १.१.२ मा उल्लेख गरिएका राष्ट्रियस्तरका कानूनी प्रावधानका अतिरिक्त दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले समेत खानेपानी तथा सरसफाइको निर्धारित मार्गचित्र प्रस्ट्याएको छ ।

यसै गरी दिगो विकास लक्ष्य ६ खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत-व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धी हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ । दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्बन्धमा दिशानिर्देश गरेको छ । अन्तराष्ट्रियस्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तव्य हुन आउछ । यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूले प्रक्रियागत विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ ।

दिगो विकास लक्ष्य – ६को समग्र सूचक " सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" रहेको छ भने, विशिष्ट सूचकहरू निम्न रहेका छन् ।

- ६.१ सन् २०३० सम्ममा सवैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने ।
- ६.२ सन् २०३० सम्ममा सबैका लागि पर्याप्त सरसफाइ र स्वच्छतामा समतामूलक पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने यस क्रममा महिला बालबालिका, किशोरी तथा संकटासन्न अवस्थामा रहेकाहरूको आवश्यकतालाई विशेष ध्यान दिने ।
- ६.३ सन् २०३० सम्ममा प्रदुषण कम गरेर, खतरनाक रसायन एवं अन्य सामाग्रीको न्यूनीकरण गरेर पानीको गुणस्तर सुधार गर्ने, विश्वव्यापीरुपमा प्रशोधन नगरिएको फोहोर पानीको मात्रालाई आधा गर्ने तथा उल्लेख्य मात्रामा प्रशोधन गर्ने र सुरक्षित रुपमा पुन प्रयोग गर्ने ।
- ६.४ सन् २०३० सम्ममा पानीको अभावलाई सम्वोधन गर्न तथा पानीको अभाव भोगीरहेका जनसंख्यालाई उल्लेख्य रुपमा घटाउन सवै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा बृद्धि गर्ने र स्वच्छ पानीको दिगो निस्कासन तथा आपूर्ति गर्ने ।
- ६.५ सन् २०३० सम्ममा सवै तहमा एकीकृत जलस्रोत व्यवस्थापन लागु गर्ने उपयुक्त भए सम्म यो कार्य अन्तरसीमा सहयोग मार्फत गर्ने ।
- ६.६ सन् २०२० सम्ममा हिमाल,पहाड,वनजंगल, सिमसार,नदी, भूमीगत जलभण्डार र ताल तलैया लगागतका पानीसँग संवन्धित पर्यावरणीय अन्तरनिर्भरताको संरक्षण र पुनस्थापना गर्ने ।
- ६.क सन्२०३० सम्ममा विकासोन्मुख मुलुकहरूको खानेपानी र सरसफाइ संम्बन्धि कार्यक्रम र क्रियाकलापहरू जस्तै आकासे पानी सङ्कलन, निर्मलीकरण, जल कुशलता, प्रदुषित पानी प्रशोधन, पुनःचक्रण तथा पुन प्रयोग प्रविधिहरूका लागि क्षमाता अभिबृद्धि र अन्तराष्ट्रिय सहयोग बिस्तार गर्ने ।

[4] राष्ट्रिय योजना आयोग: दिगो विकास लक्ष्यहरू, बर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०), www.npc.gov.np

- ६.ख पानी र सरसफाइ व्यवस्थापनका लागि स्थानीय समुदायको सहभागितालाई सुदृढ गर्न सहयोग गर्ने ।
- दिगो विकास लक्ष्यहरूमा उल्लेखित लक्ष्य र नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्दताहरू हासिल गर्न क्षेत्रगत विकास योजना (ई. २०१६ – २०३०) तर्जुमा भएको छ । क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरू लिईएको छ ।
- तत्कालीन चरण (ई. २०१६ – २०२०): सबैको आधारभूत "वाश" सेवाहरूमा पहुँच सेवाकोस्तरमा सुधार (मध्यम २५५/उच्च १५५) जनसंख्या
- मध्यमकालीन चरण (ई. २०२१ – २०२५): सेवाकोस्तरमा सुधार (मध्यम ४०५ /उच्च ३०५) जनसंख्या, कार्यदक्षता र दिगोपनमा सुधार
- दीर्घकालीन चरण (ई. २०२६-२०३०): सेवाकोस्तरमा सुधार (मध्यम ५०५/उच्च ५०५) जनसंख्या, प्रभाव लेखाजोखा

### १.१.४ अन्तरक्षेत्रीय सवालहरू

#### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानीसँग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ । नेपाल सरकारले बि.सं. २०८४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ । त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समावेशी बनाउन जलउपयोग गुरुयोजनाले सहयोग पुर्याउँदछ । पानीको घरायसी प्रयोगका लागि महिलाहरू पानीसँग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरूमा जलउपयोग गुरुयोजनाले महिलाहरूको उल्लेख्य सहभागिता गराउने गर्दछ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरूको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरूमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरूको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ । हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातिय भेदभावबाट प्रायः महिला, बालीका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ । पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत, लैङ्गिक हिंसाको जोखिम, शोषण र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुदा त्यस्ता विपन्न वर्गहरूको सहभागिता जस्ता लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वयन प्रकृयामा समेटेको हुन्छ ।

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाको कुल जनसंख्याको २६,५५९ (५,११३ घरधुरी )[5] रहेको छ भने कूल जनसंख्याको ५३.७५% महिला छ । नगरपालिकाले यो जनसंख्यालाई समेटन आफनो लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति हालसम्म तयार गरेर कार्यान्वयनमा ल्याउन सकेको छैन तर स्थानीय

[5] राष्ट्रिय जनगणना २०७८, केन्द्रिय तथ्यांक कार्यालय, सन् २०२१ (बि. सं. २०७८)

तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ तयार गरेर स्थानीय विकासका क्रियाकलापहरूमा महिला तथा दलितहरूको सहभागिता र भूमिकालाई समावेश भने गरेको छ । नगरपालिकाले लैङ्गिक हिंशा, सामाजिक तथा आर्थिक बञ्चितीकरणमा परेका वर्गको उत्थान तथा न्यायका निमित्त गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ तथा न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्य विधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ तयार गरेको कार्यान्वयनमा ल्याएको छ ।

यस नगरपालिकाको केही ग्रामीण स्थानहरूमा महिनावारीको धारणामा केही हदसम्म अझैपनि सोंचमा परिवर्तन आउन बाँकी नै छ । तथापि यस पालिकामा राज्य पुर्नसंरचना पश्चात स्थानीय तहहरूमा महिलाहरूको सहभागिता संविधानमा ब्यवस्था भए अनुसार रहेको छ । स्थानीयस्तरमा गरिने विकास निर्माणका कामहरूमा उपभोक्ता समिति गठन गर्दा महिलाहरूको न्यूनतम ३३ प्रतिशत सहभागिता राख्ने गरेको पाईन्छ । त्यसै गरी दलित तथा विभेदमा परेका अन्य जातिहरूको सहभगिता पनि प्रायः उनीहरूको जनसंख्याकै अनुपातमा हुने गरेको देखिन्छ ।

यही अवधारणालाई अनुकरण गरेर यस नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चित गराउन यस गुरुयोजनालाई अगाडि बढाएर सुशासनको उदाहरणीय पालिका बन्नु पर्नेछ ।

### जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापन

जलवायु परिवर्तन विश्वव्यापी मुद्दा हो । नेपालको परिप्रेक्ष्यमा पनि यो प्रमुख वातावरणीय तथा सामाजिक चुनौतीका रूपमा उभिएको छ । Intergovernmental Panel for Climate Change (IPCC)को प्रतिवेदन अनुसार जलवायु परिवर्तनको जोखिमका हिसाबले नेपाल विश्वमै चौथो नम्बरमा पर्छ र जलवायु परिवर्तनले यस क्षेत्रमा धेरै समस्या ल्याउने अनुमान गरिएको छ । अनियमित वर्षा र मनसुनी वर्षाको तालिकामा गडबडी, एक्कासि आउने बाढी पहिरोमा बृद्धि, नदी कटान आदि जलवायु परिवर्तनका असरहरू हुन् ।

जलवायु परिवर्तनले गर्दा नेपालमा औसत पानी पर्ने समयमा घटबढ भइरहेको हुँदा जलस्रोतहरूमा पानीको बहाव घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति सिंचाइ लगायत , जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेकोछ । त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीका मुहानहरू पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी, कृषि प्रणाली, सिंचाइ, जैविक विविधता तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरूको दिगोपना र सुचारुपनामा असर पुर्‍याई रहेको छ ।

स्थानीयस्तरमा पानीका स्रोतहरूको संरक्षण, वर्षाको पानी सङ्कलन र पानीको सही उपयोग नै मौसम परिवर्तनसँग अनुकूलन हुने सही उपायहरू हुन् । यी उपायहरूको अवलम्बनका लागि पनि यो जलउपयोग गुरुयोजना स्थानीयस्तरमा आवश्यक एउटा महत्त्वपूर्ण दस्तावेज भएको महसुस गरिएको छ । यो जलउपयोग गुरुयाजना प्रक्रियाले स्थानीयस्तरमा पानीको पर्याप्तता र पानीको आवश्यकतालाई सुनिश्चित गर्दछ साथै स्थानीय समुदायमा पिछडिएका समूहहरूलाई आफ्नै समुदायका बिचमा वा समुदाय समुदायका बिचमा पानीको समानुपातिक वितरणका सन्दर्भमा अधिकार र सशक्तीकरणको

साझा थलो प्रदान गर्दछ । एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्तले पानीको व्यवस्थापन गर्दा सबै तहमा नीति निर्माता, योजनाविद् र उपभोक्ताहरूको सहभागिता हुनुपर्नेमा जोड दिएको छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिका जलवायु परिवर्तन र त्यसको प्रभावका दृष्टिले संवेदनशील देखिन्छ । विगतका वर्षहरूमा यस नगरपालिकाका विभिन्न स्थानहरूमा बाढी, पहिरो, भूस्खलन र पानीका स्रोतहरूको क्षयीकरण जस्ता घटनाहरू घटिरहेका छन् । पानीका मुहानहरू कम हुदै गइरहेको भन्ने कुरा स्थानीय बासिन्दाहरूले विभिन्न छलफलका क्रममा बताएका छन् भने पहिले पहिले खोलामा सञ्चालन हुने घट्टहरू पानीको अभावले सञ्चालन हुन छोडेका छन्, भइहाले पनि आंशिकरुपमा मात्र सञ्चालन हुने गरेका छन् ।

यस्ता घटनाहरूको पुनरावृत्ति हुन नदी जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम व्यवस्थापनका व्यावहारिक उपायहरूको अवलम्बनका लागि समेत यस गुरुयोजनाले पहल गरेको छ । साथै यस्ता समस्याहरूको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिबृद्धि गरी जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरू आइपर्दा पनि जोखिम न्यूनीकरण हुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ ।

## १.२ जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१ जलउपयोग गुरुयोजनाका उद्देश्यहरू

जलउपयोग गुरुयोजनाको उद्देश्य स्थानीयस्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरू भित्रका कुनै निश्चित समुदाय वा समुदायहरू बिचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरू पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ । जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरू यसप्रकार छन्;

- सम्बन्धित भूगोलभित्रको जलस्रोतसँग सम्बन्धित सूचना तथा सुविधाहरू पहिचान गर्ने ।
- सम्वन्धित भूगोल भित्रको वस्तुस्थिति पत्ता लगाउनुका साथै जलस्रोतसँग सम्वन्धित सूचना तथा सुविधाहरू पहिचान गर्ने ।
- पानीका उपलब्ध सबै स्रोतहरूको विश्लेषण गरी स्रोतहरूको न्यायोचित समतामूलक , विवेकपूर्ण वितरण प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरूलाई दीर्घकालीन बनाउन मद्धत गर्ने ।
- जलस्रोतहरूको बहुउपयोग गर्नको लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा गरी यस क्षेत्रमा दीर्घकालीन लगानी प्राप्त गर्ने ।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धी भौतिक पूर्वाधारहरू र तिनको दिगो व्यवस्थापनको लागि संस्थागत र वित्तीय व्यवस्था सुनिश्चित गर्ने ।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरी लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्ने ।
- पालिकास्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरूको संरक्षण गर्न, सरसफाइ र स्वच्छता प्रवर्द्धन आदिमा सरोकारवालाहरूको क्षमता विकास गर्ने ।

- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रवर्द्धन गर्ने ।
- जलाधार तथा उपजलाधार क्षेत्रभित्र पर्ने पानीका स्रोतहरूको संरक्षणमा बढावा दिदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरूमा सम्वन्धित सरोकारवालाहरूको क्षमता विकास तथा सचेतिकरण गर्ने ।
- जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने ।
- पानीसँग सम्वन्धित योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रवर्द्धन गर्ने ।

### १.२.२ जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरू

कुनै निश्चित क्षेत्रभित्र अवस्थित पानीका स्रोतहरू (पृथ्वीको सतह माथि वा सतहका वा सतह भित्रका)को व्यवस्थापन गरी दिगो उपयोग गर्न गुरुयोजनाले समटने क्षेत्रहरूलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी :-** जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरू अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सीको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरूको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावकारी औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरूको चर्चा तल गरिएको छ ।

**खानेपानी तथा सरसफाइ:-** खानेपानीका योजनाहरू (नयाँ, मर्मत, पुनर्निर्माण, सेवा बिस्तार र सतह, भूमिगत, वर्षातको पानी आदि), स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ खुला दिसामुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरूको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।

**सिंचाइ तथा निकास:-** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरू र ढल निकास । परम्परागत सिंचाइ (कुलो, नहर) प्रणालीहरूको मर्मत सम्भार तथा पुनःनिर्माण आदि । आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि ।

**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, स्रोतहरूको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग क्रियाकलापहरू, वर्षातको पानी सङ्कलन, विभिन्न पोखरीहरू निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरूको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि,।

**जलशक्ति र अन्यः** परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलविद्‌युत उत्पादन आदि । पानी मिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलविद्‌युत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नतस्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि) माथि उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका विषयवस्तु समेटेको हुन्छ ।

- जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम व्यवस्थापनका लागि पानीका स्रोतहरूको पुनर्भरण , पुनर्धारण र पुनप्रयोग।
- सरोकारवालाहरूको छलफलको थलोः जलस्रोतहरूको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्यूनीकरण, जलाधार क्षेत्रहरू बिचको पारस्परिक सम्बन्ध, पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्रहरूको प्राथमिकता आदि ।
- टेवा तथा क्षमता अभिबृद्धीस् स्थानीय तह, समुदायहरूको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन, जनसहभागिताका पक्षहरू, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानूनी विषयहरूको सचेतिकरण, स्थानीय स्रोत साधनहरूको समग्र विश्लेषण र स्थानीय समुदायहरूको क्षमता विकास आदि ।
- समग्रमा स्थानीय सरकारहरूले आफ्नो योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र सरोकारवालाहरूलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत व्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन् ।




**चित्र-१: जलउपयोग गुरुयोजना तथा जलस्रोत व्यवस्थापन कुर्सी**

## १.३ जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरू

### १.३.१ स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरूको समिक्षा

नेपालको संविधान २०७२ को मौलिक हक खण्डको धारा ३० मा स्वच्छ वातावरणको हक तथा धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक उल्लोख गरी नागरिकहरूको खानेपानी तथा सरसफाइ सम्बन्धी अधिकारलाई सुनिश्चित गर्न खोजेको देखिन्छ । त्यसै गरी दिगो विकास लक्ष्य बुदाँ नं. ६ ले पनि दिगो, स्वच्छ तथा धान्न सकिने खानेपानी सुविधाको उल्लेख गरी सवै सरोकारवाला निकायहरूको ध्यानाकर्षण गरेको छ । नेपालको संविधान २०७२ ले स्थानीय सरकारको कार्यक्षेत्र निर्दिष्ट गरी संविधान तथा प्रचलित ऐन, कानून तथा नियमावलीहरूसँग नबाझिने गरी आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरू निर्माण गर्न सक्ने व्यवस्था गरेको छ ।

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले पनि विकासका योजनाहरूलाई छिटो छरितो तथा प्रभावकारी बनाउन चामुण्डाबिन्द्रासैनी नगरपालिका कार्यपालिका कार्यविधि २०७४ निर्माण गरी कार्यान्वयन गरेको छ । त्यसै गरी वर्तमान उर्जाको माग तथा बजारको आवश्यकतालाई मध्यनजर गर्दै जलविद्युत, सौर्य उर्जा तथा वायु उर्जाको विकासमा निजि क्षेत्रको लगानी बढाउन तथा व्यवस्थित गर्न चामुण्डाबिन्द्रासैनी नगरपालिका स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका २०७४ जारी गरेको देखिन्छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाले आ.व. २०७४ र २०७५ मा दीर्घकालीन विकास योजनाको अवधारणाभित्र बसी योजनाको खाका कोरेको देखिन्छ । यस पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना तथा नीतिहरू बनेको देखिदैन । हाल NWASH र जलउपयोग गुरुयोजना निर्माणको आवधिमा यस नगरपालिकाको सबै बस्तीहरूमा छलफल गरी जलउपयोग गुरुयोजनाका लागि आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन र प्रविष्टि गरिएको छ । यसका साथै नगरपालिकाले तपशिलका नीति, कार्यविधि तथा योजनाहरू निर्माण गरेको देखिन्छ ।

**तालिका-१: नगरपालिकाले तयार गरेको ऐन/नीति तथा कार्यविधिहरू**

| पालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरू | कार्यान्वयनको अवस्था |
|---|---|
| स्वास्थ्य तथा सरसफाइ नीति २०७७ | कार्यान्वयनमा रहेको |
| स्वास्थ्य क्षेत्रकोअनुगमन मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका २०७९ | कार्यान्वयनमा रहेको |
| सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०७९ | कार्यान्वयनमा रहेको |
| टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०७९ | कार्यान्वयनमा रहेको |
| विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६ संशोधन सहित | कार्यान्वयनमा रहेको |
| नगर स्वास्थ्य ऐन | कार्यान्वयनमा रहेको |
| विपद् पोर्टल सम्बन्धी कार्यविधि २०७८ | कार्यान्वयनमा रहेको |
| स्वच्छ र स्वस्थ वातावरण ऐन | कार्यान्वयनमा रहेको |
| जलचर ऐन २०७८ | कार्यान्वयनमा रहेको |

*स्रोत: चामुण्डाबिन्द्रासैनी नगरपालिकाको वेबसाइट, https://www.chamundabindrasainimun.gov.np*

माथि उल्लेख गरिए अनुसारका केहि ऐन, कार्यविधिहरू निर्माण भएको भए पनि जलस्रोत व्यवस्थापन क्षेत्रका खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने, सिंचाइ प्रवर्द्धन, कृषी क्षेत्र तथा वातावरण संरक्षण आदी गुरुयोजना सम्वद्ध नीति तथा रणनीतिहरू नगरमा निर्माण

गर्नु पर्ने आवश्यकता रहेको छ । ऐन कानूनहरूको समेत समीक्षात्मक विश्लेषण र कार्यान्वयन गर्नका लागि वार्षिक योजना तर्जुमा कार्यक्रममा बजेटको व्यवस्थापनको नीति लिएको छ । पालिकामा अरु आवश्यक ऐन र कानूनहरूकोलागी विशेषज्ञहरूको प्राविधिक सहयोग लिने पालिका लागि उपयुक्त समयमा निर्णय गर्ने छ ।

### १.३.२ रणनीतिक योजनाहरूको एकीकरण

जलउपयोग गुरुयोजना तयारीका लागि पालिकामा तर्जुमा गरिएका जलस्रोतसँग सम्बन्धित ऐन, नीति, नियम र योजनाहरूको अध्ययन, विश्लेषण र उपलब्ध तथ्याङ्कहरूको एकीकरण गर्ने कार्य गरिएको छ । पालिकाको WASH योजना, नगरपार्श्वचित्र, विभिन्न विषयगत शाखाका तथ्याङ्कहरूका साथै सरोकारवाला निकायहरूको तथ्याङ्कहरूलाई समेतलाई समायोजन गरी गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ ।

जलउपयोग गुरुयोजना तयार गर्दा पालिकामा उपलब्ध तथ्याङ्कहरूका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरू सामाजिक तथा प्राविधिक सर्वेक्षण, सर्वेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षित समुह र समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानूनहरूलाई समेत ध्यानमा राख्दै योजनाहरू तर्जुमा गरिएका छन् । चामुण्डाबिन्द्रासैनी नगरपालिकाको आ।व। २०७९/२०८०को नीति तथा कार्यक्रममा खानेपानी सेवाबाट वञ्चित टोल तथा वस्तीहरूको लागि विशेष महत्व दिइ योजना निर्माण गरेको देखिन्छ । त्यसैगरी सिंचाइ तथा उर्जा विकासका लागि केही योजना छनौट तथा बजेट विनियोजन गरेको देखिन्छ । आगामी दिनमा खानेपानी तथा सरसफाइ वातावरण संरक्षण, जलवायु अनुकूलन तथा सामुदयिक सरसफाइ सम्बन्धी योजनाहरूमा पालिकाले जल उपयोग गुरुयोजनाले मार्ग निर्देश गरे बमोजिम वार्षिक कार्यक्रम तथा बजेट तयार गरी आवश्यक स्रोत साधनको व्यवस्था सहित अघि बढ्ने छ । बढ्दो जनसंख्या तथा शहर उन्मुख ग्रामीण भेगलाई व्यवस्थित गर्न विभिन्न योजनाहरू सम्भाव्य सरोकारवालाहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने छ । यसै गरी सिंचाइ कुलो निर्माण तथा मर्मत, लघु तथा पोखरी सिंचाइ योजनाहरू, बहुद्देश्यीय योजनाको निर्माण, लघु जलविद्युत योजनाको निर्माण तथा मर्मत संभार, आधुनिक घट्टको निर्माण जस्ता योजनाहरू वडास्तरमा छलफल मार्फत सूची तयार गरी फिल्डस्तरमा तथ्याङ्क सङ्कलन गरेर पालिकास्तरमा छलफल गरी यसलाई पूर्णता दिइएको छ । जलस्रोतमा आधारित विद्यामान योजनाहरूको मर्मत तथा पुनर्निर्माणको लागि पालिको ध्यान आकृष्ट भएकाले सोही अनुशार निर्माण भैसकेका सिंचाइ योजनाहरूको मर्मत संभारका योजनाहरू तथा पोखरीहरूको पुनरभरण, पोखरी सिंचाइ योजनाहरू, सामुदायिक सरसफाइ योजनाहरू वडास्तरको छलफलबाट सङ्कलन पश्चात पालिकास्तरको छलफल पेश तथा प्रमाणीकरण गरी यो योजना तयार गरिएको छ । आवश्यकता, लगानी, लाभान्वित जनसंख्या आदिको आधारमा योजनाको प्राथमिकीकरण गरी छोटो अवधि, मध्यम अवधि तथा लामो अवधिको कृयाकलाप छुट्टयाई जल उपयोग गुरुयोजना कर्यान्वयन योजना तयार गरिएको छ ।

### १.३.३ जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरू

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन पालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरूको नतिजा हो । जल उपयोग गुरुयोजना तर्जुमा गर्ने क्रममा पालिकाभित्र रहेका जलस्रोतहरूको पहिचान र तिनलाई केमा उपयोग गर्ने भन्ने निर्णय पालिकाभित्र बसोवास गर्ने सबैको सहभागितामा गरिएको थियो । स्थानीय तह कार्यसञ्चालन निर्देशिका २०७४मा आआफ्ना तहहरूले योजनाबद्ध विकासका लागि क्षेत्रगत

रूपमा गुरुयोजनाहरू तयार गर्न सक्ने भनी गरिएको व्यवस्था अनुसार चामुण्डाबिन्द्रासैनी नगरपालिकाले यो जलउपयोग गुरुयोजना तर्जुमा गरेको हो । चामुण्डाबिन्द्रासैनी नगरपालिकाका ६ ओटा वडाहरू समेटेर समग्र नगरपालिकाको गुरुयोजना बनाउनुपर्ने भएकाले सोही अनुसार निर्माण अवधारणा र प्रक्रिया समेत तय गरिएको थियो । कार्ययोजना अनुसार ९ वटै वडाहरूलाई टोलमा विभाजन गरेर समुदायसँग अभिमुखीकरण तथा छलफलबाट तथ्याङ्कलाई अद्यावधिक गरेर विस्तृत सामाजिक र प्राविधिक अध्ययन सुरु गरिएको थियो । पालिकाभित्रका जलाधार क्षेत्रका सम्पूर्ण आवश्यकताहरूलाई सँगसँगै सम्बोधन गर्ने, जलस्रोतका विविध पक्षहरू बिच सामन्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने गरी एकीकृत जलस्रोत व्यवस्थापनको समष्टिगत अवधारणालाई अवलम्बन गर्दै सहभागितामूलक योजना तर्जुमालाई मुख्य केन्द्रविन्दु मान्दै जनसहभागितालाई महत्व दिएर जलस्रोत व्यवस्थापन कार्यक्रमले तयार पारेका ५ ओटा चरणबद्ध खुड्किले नीति अनुसार जल उपयोग गुरुयोजना तयार पारिएको छ ।

वडापालिका, वडास्तरीय र नगरपालिकालाई जलस्रोतहरूको योजना तर्जुमा, व्यवस्थापन र विकासका लागि योजना एकाइका रूपमा लिइएको छ । सहभागितात्मक प्रक्रियाका आधारमा नगरपालिकाभित्रको भौगोलिक एवं प्राकृतिक अवस्था, जलाधार क्षेत्रहरू, विद्यमान एवं सम्भावित जलउपयोग, जलस्रोतहरूको उपलब्धता एवं विभिन्न समुदाय आदिलाई मध्यनजर गरी नगरपालिकालाई उपसमितिहरूमा विभाजन गरी समुदायस्तरमा जलस्रोत व्यवस्थापन उपसमितिहरू गठन गरिएको छ । सोही अनुरूप हरेक उपसमितिस्तरमा, विभिन्न छलफलसँगै सामाजिक र प्राविधिक अध्ययनहरू समन्वयात्मक, सहभागितात्मक, समावेशी एवं पारदर्शी प्रक्रियाबाट सम्पन्न गरी जलउपयोग गुरुयोजना निर्माण गरिएको छ ।




**चित्र २: जलउपयोग गुरुयोजना निर्माणका चरणहरू**

गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरूको लागि पालिकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरू अध्यय, पालिकाको वस्तुस्थिति अवलोकन, समुदायस्तरमा गरिएका सर्वेक्षण, अन्तक्रिया, जनचेतना तथा क्षमता विकास निश्चित समुदाय तथा जानिफकार भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरू तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरू पर्दछन् । गुरुयोजना तयारी कार्यलाई एकरुप वनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ । यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र २ अनुसार १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिएको थियो ।

जल उपयोग गुरुयोजनाको प्रारम्भिक चरणभित्र स्थानीय तहहरूको आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई स्थानीय तह छनौट गर्ने, स्थानीय तहहरूसँग गुरुयोजना निर्माण र प्राविधिक सहयोगका लागि सम्झौता, परामर्श बैठक र अन्तर्क्रिया लगायत सेवाप्रदायक संस्था र ब्यक्ति छनौट तथा तालिम लगातय क्रियाकलापहरू गरिन्छन् ।

## तयारी तथा पूर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरणभित्र स्थानीय तह ९नगरपालिका र वडा०को आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई नगरपालिका छनौट गर्ने लगायत सेवा प्रदायक संस्था र व्यक्तिहरू छनौट तथा तालिम लगातयका क्रियाकलापहरू सञ्चालन गरिएका थिए ।

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASH र जलउपयोग गुरुयोजना निर्माण (DAI Collect Kobo) सम्बन्धी ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो । उक्त प्रशिक्षक प्रशिक्षण तालिममा साँझेदार संस्थाहरूबाट गुरुयोजना निर्माण लक्ष्य राखिएका स्थानीय तहहरूका लागि ६ जना सहभागी भएका थिए । सहभागीहरूको विवरण तालिका (२मा प्रस्तुत गरिएको छ ।

**तालिका-२: प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण**

| जम्मा सहभागी | लिंग अनुसार | | | जातजाति अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/ क्षेत्रीसन्यासी/ | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
| ६ | १ | ५ | ० | २ | ० | २ | २ | ० | ० |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरू, २०८०*

## क्षमता विकास चरण

जलउपयोग गुरुयोजना तयारीका सम्पूर्ण कार्यहरूको अगुवाई तथा नेतृत्व नगरपालिकाबाट गर्नुपर्ने भएकाले यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीयस्तरमा विभिन्न सरोकारवालाहरूको क्षमता विकास गर्ने कार्यहरू गरिएका थिए । जस अन्तर्गत नगरपालिकास्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखीकरण, ९ वटै वडाहरूमा वडास्तरीय जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखीकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पछाडि पारिएका बर्गहरूको लागि क्षमता विकास तालिम, उपजलाधारस्तरीय गुरुयोजना तथ्याङ्क सङ्कलनमा समन्वय र सहयोग गर्न स्वयम्सेवी सहजकर्ता छनौट, विभिन्न प्राविधिक समितिहरू गठन तथा अभिमुखीकरण बैठक र अन्तरक्रिया आदि क्रियाकलापहरू सञ्चालन गरिएका थिए । यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरू सम्बन्धी विस्तृत कार्ययोजना समेत तयार गरिएको थियो ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गरिएका छन् । तथ्याङ्क सङ्कलनका लागि परिचालन हुने गणकहरूका लागि NWASH तथा DAI Collect Kobo एप्लिकेशन प्रयोग सम्बन्धी तालिम, वडा तथा नगरपालिकास्तरमा जनप्रतिनिधिहरूरस्थानीय बुद्दिजीवी, समाजसेवी, नगरपालिकास्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू सहितको उपस्थितिमा क्षमता विकासका विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएका थिए । जलस्रोतको न्यायिक बाँडफाँड, जलस्रोत सम्बन्धी विद्यमान कानूनहरूको जानकारीका साथै जलस्रोतहरूमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडि पारिएका वर्गका प्रतिनिधिहरूका लागि समेत क्षमता अभिबृद्धि सम्बन्धी २ दिने तालिम सञ्चालन गरिएको थियो । जलउपयोग गुरुयोजना निर्माणको क्रममा चामुण्डाबिन्द्रासैनी नगरपालिकामा सञ्चालन गरिएका क्षमता विकास सम्बन्धी क्रियाकलापहरूमा सहभागीहरूको लैङ्गिक र जातिय विवरण तालिका ३मा प्रस्तुत गरिएको छ ।

**तालिका-३: क्षमता विकास सम्बन्धी तालिमका सहभागीहरूको लैङ्गिक र जातिगत विवरण**

| सञ्चालन मिति र सम्पन क्रियाकलापहरू | पुरुष | महिला | अन्य | ब्राह्मण / क्षेत्री/ ठकुरी/ सन्यासी | जनजाति | नेवार | दलित | मुस्लिम | अन्य | जम्मा सहभागी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **४-६ बैशाख २०८०**<br>गणकहरूलाई NWASH र WUMPको तथ्याङ्क सङ्कलन तालिम | ५ | ४ | ० | ८ | ० | ० | १ | ० | ० | ९ |
| **१९ बैशाख, २०८०**<br>नगरपालिका स्तरीय समन्वय गोष्ठी | २८ | ८ | ० | ३० | ० | ० | ६ | ० | ० | ३६ |
| **१९-२५ बैशाख, २०८०**<br>वडास्तरीय समन्वय गोष्ठी | १४७ | ८८ | ० | १८२ | ४ | ० | ४९ | ० | ० | २३५ |
| **२५ बैशाख- ३० जेठ २०८०**<br>लक्षित बर्गलाई क्षमता विकास तालिम | ७१ | ७५ | ० | ११२ | ० | ० | ३४ | ० | ० | १४६ |
| **२५ बैशाख- ३० जेठ २०८०**<br>वडास्तरीय क्षमता विकास तालिम | १५० | ३५ | ० | १४३ | ४ | ३ | ३५ | ० | ० | १८५ |
| | **१५०** | **२१०** | **०** | **४७५** | **८** | **३** | **१२५** | **०** | **०** | **६११** |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरू, २०८०*

## सूचना सङ्कलन/अध्ययन चरण

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्रस्तरीय भेला र बैठकहरूका माध्यमबाट सामाजिक स्रोत नक्शांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नका लागि सघन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए । उक्त कार्यहरूको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरूको छुट्टाछुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वयंमसेवीहरूको सहयोगमा विद्यमान तथ्याङ्क सङ्कलन एवं अवस्था विश्लेषणका कार्यहरू सञ्चालन गरिएका थिए । यस कार्यमा उप-जलाधार क्षेत्रभित्रका सम्पूर्ण टोल तथा वस्तीहरूको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसँग सम्बन्धित सबै क्षेत्रका योजनाहरूको तथ्याङ्क सङ्कलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरूको

सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरूको पूर्वानुमान एवं पहिचान लगायत सो क्षेत्रभित्रका सम्पूर्ण संघसंस्थाहरूको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरू सङ्कलन गरी निश्चित ढाँचाका फारमहरूमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिएको थियो । यो चरणमा आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरू, चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरू, गैर सरकारी संस्थाहरूसँगको समन्वयमा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । वडा भित्रका सम्पूर्ण उप(जलाधार क्षेत्रहरूको तथ्याङ्क सङ्कलन पश्चात् गुरुयोजनाका तथ्याङ्क सङ्कलन ढाँचाहरूमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी यसै चरणमा गरिने गरिन्छ।

चामुण्डाबिन्द्रासैनी नगरपालिका जलउपयोग गुरुयोजना निर्माणको क्रममा ९ वटै वडाका ८२ वटै बस्तीहरूमा वडा प्रतिनिधिहरू लगायत टोलका सबै घरधुरीहरूको सामानुपातिक र समावेशी उपस्थितिमा सहभागितात्मक बिधि सामाजिक स्रोत नक्शांकनबाट सामाजिक तथा/प्राविधिक तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । सङ्कलित तथ्याङ्क/सूचनाहरूको प्रविष्टि N-WASH/DAI Collect (KoBo Toolbox)मा गरिएको थियो । सङ्कलित तथ्याङ्कहरूको विवरण संलग्न अनुसूचीहरूमा उल्लेख गरिएको छ ।

### योजना तर्जुमा चरण

यस चरणमा उप-जलाधार क्षेत्रहरूबारे सङ्कलित विद्यमान तथ्याङ्कहरूको आधारमा सबै क्षेत्रलाई विश्लेषण गरी उप-जलाधार क्षेत्रस्तरबाट जलस्रोतसँग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरू तर्जुमा गरी वडाका जनप्रतिनिधीहरूको नेतृत्वमा योजनाहरूको वडास्तरीय प्राथमिकिकरण गरिएको थियो ।

मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT)को आधारमा खानेपानीका योजनाहरूको प्राथमिकिकरण, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राविधिक परामर्शलाई समेत आधार गरिएको थियो भने अन्य योजनाहरूको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित हुने, प्रतिव्यक्ति लागत कम हुने, बिगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट विनियोजन नभएको तथा व्यवस्थापकीय क्षमता राम्रो भएका र आयआर्जनमा सहयोग पुग्ने जस्ता मापदण्डहरू माथि नगरपालिकाका जनप्रतिनिधी र सरोकारवालाहरूले व्यापक छलफल सहित अनुमोदन गरी सोको आधारमा योजनाहरू छनौट गरिएका थिए ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरूलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र आन्तरिक स्रोत परिचालन गरी कार्यान्वयन गरिने गरी छुट्टाएर नगरपालिकास्तरको गुरुयोजनामा समावेश गरिएका छन् । वडास्तरवाट तर्जुमा गरिएका योजनाहरूलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समावेश गर्नको लागि नगरपालिकास्तरमा ३ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगवाट सबै योजनाहरूको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन तथा प्राथमिकिकरण गरी नगरपालिका तथा अन्य सरोकारवाला सहयोगी संघ/संस्थाहरूबाट योजनाहरूको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिबद्धता सहित अनुमोदन गर्ने कार्य गरिएको थियो । चामुण्डाबिन्द्रासैनी नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा वडास्तरीय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको थियो भने वडाको योजना तर्जुमा पश्चात नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो ।

वडास्तरीय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरू, स्थानीयस्तरमा कार्यरत संघसंस्थाहरू, बुद्धिजिबी, समाजसेवीहरूको उपस्थिति रहेको थियो भने नगरस्तरीय योजना तर्जुमा गोष्ठीमा नगर प्रमुख, उप-प्रमुख, नगरकार्यपालिकाका सम्पूर्ण सदस्यहरू, महिला बालबालिका शाखा, योजना शाखा लगायत सबै सरोकारवालाहरूको उपस्थिति रहेको थियो । वडास्तरीय योजना तर्जुमा गोष्ठी र नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीका सहभागीहरूको लैङ्गिक र जातिगत आधारमा विवरण निम्न तालिका ४ अनुसार रहेको छ ।

**तालिका-४: योजना तर्जुमा गोष्ठीका सहभागीहरूको विवरण**

| मिति | पुरुष | महिला | अन्य | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | जनजाति | नेवार | दलित | मुस्लिम | अन्य | जम्मा सहभागी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१ र १९ असार २०८०**<br>वडास्तरीय प्रमाणिकरण तथा योजना तर्जुमा गोष्ठी | २८८ | ७० | ० | २७८ | ११ | ० | ६९ | ० | ० | ३५८ |
| **२०-२१ असार २०८०**<br>नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी | २६ | ७ | ० | २३ | ० | | १० | ० | ० | ३३ |
| **जम्मा:** | **३१४** | **७७** | **०** | **३०१** | **११** | **०** | **७९** | **०** | **०** | **३९१** |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरू, २०८०*

## कार्यान्वयन चरण

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो जसमा सम्पूर्ण योजनाहरूको कार्यान्वयन, उपलब्धीहरूको मापन एवं समिक्षा जस्ता कार्यहरू सम्पदन गरिने छन । यस चरणमा जलउययोग गुरुयोजनाको प्रथमिकता क्रममा रहेका योजनाहरूको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूलयांकन एवं सम्पर्क समन्वय का गतिविधिहरू सञ्चालन गरी जलउपयोग गुरुयोजनाको उपलब्धी हासिल गरिनुको साथै समय सापेक्ष नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी अवश्यकता अनुसार गुरुयोजनाको अद्यावधिक गरिन्छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको हाल निर्माणको क्रममा रहेको जलउपयोग गुरुयोजनामा योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरी तोकिएका प्राथमिकताक्रम अनुसार क्षेत्रगत योजनाहरूको कार्यान्वयन गर्ने र योजनाहरू कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने समेत छलफल गरिएको थियो । चामुण्डाबिन्द्रासैनी नगरपालिकाले खानेपानी योजनाहरूको प्राथमिकरणका लागि योजना छनौटका लागि प्राथमिकीकरणका औजारहरू (CBRT) को आधारमा गर्दा साच्चिकै खानेपानी सेवाबाट वञ्चित रहेका वर्ग समुदायहरू समेटिएको धारणा सहभागीहरूको रहेको थियो ।

# अध्याय २: नगरपालिकाको वस्तुस्थिति विश्लेषण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाका चार नगरपालिका र सात गाउँपालिका मध्ये चामुण्डाबिन्द्रासैनी नगरपालिका एक हो । जिल्ला सदरमुकाम दैलेख बजारबाट ३५ किलोमिटरको दुरीमा रहेको यो नगरपालिकाको सदरमुकाम साविकको जम्बुकाँध गा.वि.स.को जम्बुकाँधमा रहेको छ । यस नगरपालिकाको पूर्वमा भैरवी गाउँपालिका र दूल्लु नगरपालिका, पश्चिममा आठविस नगरपालिका र ठाँटिकाँध गाउँपालिका, उत्तरमा ठाँटिकाँध गाउँपालिका र दक्षिणमा दुल्लु नगरपालिका र अछाम जिल्लाको वीचमा अवस्थित चामुण्डाबिन्द्रासैनी नगरपालिका प्राकृतिक सम्पदा, साधन स्रोतमा सम्पन्न भएतापनि आर्थिक रुपमा कमजोर देखिन्छ । भौगोलिक स्वरुप अनुसार यो नगरपालिका उत्तर दक्षिण भएर फैलिएको छ ।

पादुकाखोला, डौसुर, बिन्द्रासैनी, विशालबजार, भोटेचौतारा शान्तिबजार, जम्बुकाँध, लैनचौर, थर्कुवाले वनाडा, वुडेली, हाडाकोट, मटेला, चाल्नेचौतारा, पालेताडा, पुनडाँडा, पुलबजार आदि यस नगरपालिका भित्रका प्रमुख व्यापारिक स्थलहरू हुन् । रामघाट बजार, मस्टामाण्डु, सिमसेर, देउराली रहेको छ । त्यसैगरी निर्माण सामग्रीकोलागि मुख्य केन्द्र दैलेख सदरमुकाम र सुर्खेत रहेको छ ।

धार्मिक तथा पर्यटकीय स्थलको हिसाबले बिन्द्रासैनी देवीको मन्दिर, चामुण्डा देवीको मन्दिर, दक्षिण भेगमा अवस्थित स्वामिकार्तिकको मन्दिर, पूर्वी भेगमा अवस्थित पवित्र पञ्चकोशी तीर्थस्थल अन्तर्गतको पादुकास्थान र भैरवी, वडा नं. ३ भैरव मन्दिर, वडा नं. ७ को मन्दिर, वडा नं. ५ को खापरथान मन्दिर, गडाखा कालिका, वडा नं. ७ को देवती र पूर्णामाला मन्दिर यहाँका महत्वपूर्ण धार्मिक स्थलहरू हुन् ।

बसोवासका हिसावले यस नगरपालिकामा विभिन्न जात जातिहरू रहेको छन् । जसमा व्राहमण, क्षेत्री, दमाई, कामी, बादि, आदिवासी जनजाति आदिको वसोवास गरी आएका छन् । जसका आफ्नै भाषा भाषि छन् । यस नगरपालिकामा बसोबास गर्ने बहुसंख्यक जातजातिहरू हिन्दु धर्म मान्ने गर्दछन् भने वौद्ध धर्मालम्बीहरूको पनि यस नगरपालिकामा बाहुल्यता रहेको छ । हिन्दु र बौद्ध धर्मावलम्बीहरूका आ-आफ्नै किसिमका धार्मिक तथा सांस्कृतिक परम्परा रहेका छन् । दशैं, तिहार, कृष्णअष्टमी, हरितालिका तीज, माघे संक्रान्ति, होली, चैतेदशैं, नव वर्ष (तागा), गुरुपूर्णिमा, नागपञ्चमी हिन्दुहरूका महत्वपूर्ण चाडपर्वहरू हुन् भने बुद्धजयन्ती, ल्होसार आदि बौद्ध धर्मावलम्बीहरूका महत्त्वपूर्ण चाडपर्वहरू हुन्

जल, जमिन, जंगल, जडिवुटी, जंगली जनावर, एवम उर्वरभूमि रहेको यो अनेकतामा एकता रहेको नगरपालिका हो । यो नगरपालिकाको उत्तरी क्षेत्रमा रहेको वनजंगलका कारण पानीका प्रशस्त स्रोतहरू, जडिवुटी, जंगली जनावर, तथा निलम पाइनुका साथै स्याउ खेती र अलैची, खेतीको संभावना समेत रहेको छ । साथै पशुपालन तथा विभिन्न तरकारी खेतीको पनि प्रशस्त सम्भावना रहेको छ । यस नगरपालिकाको मध्ये भागमा विभिन्न खाद्यवाली जस्तै धान, गहुँ, मकै, कोदो एवम तरकारी खेतीको प्रशस्त संभावना रहेको छ । यस नगरपालिकामा मुख्य उत्पादन हुने बाली तथा जीविकोपार्जनका स्रोतहरू निम्न छन्स्

- अन्नवालीहरूः मकै, गहुँ, धान, कोदो
- दलहन वालीहरूः बोडी, भटमास, केराउ, सिमी, मसुरो, , कालोमास, चना, गहत, अलार आदी ।
- फलफूलहरूः केरा, आँप, अम्बा, अमिलो, आरू, आरुवखडा, अंगुर, लिचि, किवी, ओखर, अनार, सुन्तला, कागती, मेवा, जुनार, नासपाती, मेल, बेडु ।

- मसला: खुर्सानी, वेसार, अदुवा, लसुन, प्याज, धनिया, अलैंची,
- पशुपालन: बाख्रा, भैंसी, गाई, कुखुरा, हास, वंगुर,माछा
- जीविकोपार्जनका स्रोतहरू (पेसारव्यवसाय): कृषि, ज्यालामजदुरी, बैदिशक रोजगार, व्यापार, पेशा व्यापार

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विभिन्न खालका प्राकृतिक तथा सास्कृतिक सम्पदाहरू रहेका छन् । पूर्वमा पर्ने देउगाड खोला, पश्चिममा पर्ने रामगाड खोला र दक्षिणमा अविरल वगिरहेको कर्णाली नदी यस नगरपालिकाका ठूला जल सम्पदाहरू हुन् । यी ३ वटै खोलाहरू ढुङ्गा, गिट्टी, वालुवा, जस्ता निर्माण सामाग्रीहरू उपलब्ध गर्न गराउन सकिने अवस्था छ । साथै जलविधुतको प्रशस्त सम्भावनाहरू रहेका छन् । लेकाली क्षेत्रमा पाईने निलम ढुङ्गा र जौचौरमा भएको तामाखानी एवम तिरुवा टोलको फलाम खानीको उत्खनन गर्न सकेमा ठाटीकाँध नगरपालिका लगायत सिङ्गो दैलेख जिल्ला, प्रदेश र राष्टकै आर्थिक समृद्धिमा टेवा पुग्ने सम्भावना रहेको छ ।


चामुण्डाबिन्द्रासैनी नगरपालिका स्थानीय तहको पुर्नसंरचना हुँदा, साविकका चामुण्डा, जम्बुकाँध र ल्याँटीबिन्द्रासैनी गाउँ विकास समितिहरूलाई समावेश गरी २०७३ फागुन २७ गते विधिवत रुपमा स्थापना भएको हो । यस नगरपालिकालाई ९ वटा वडाहरूमा विभाजन गरिएको छ, जसमा साविकको चामुण्डा गा.वि.स.लाई वडा नं. १, २, ३ र ४, जम्बुकाँध गा.वि.स.लाई वडा नं. ५ र ६ तथा साविकको ल्याँटीविन्द्रासैनी गा.वि.स.लाई वडा नं. ७, ८ र ९मा विभाजन गरिएको छ । कुल ९०.६० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा हालको प्रशासनिक संरचना अनुसार ९ वटा वडा रहेका छन् भने पालिकाको केन्द्र जम्बुकाँध रहेको छ ।

## २.२ भौगोलिक अवस्थिति र पहुँच


राजतनतिक हिसाबले दैलेखका ११ वटा स्थानीय तहहरू मध्ये यो नगरपालिका एक हो । विश्व मानचित्रमा चामुण्डाबिन्द्रासैनी नगरपालिका २८ डिग्री ५२ मिनेट २ सेकेन्ड उत्तर देखि २९ डिग्रि ० मिनेट ९७ सकेन्ड उत्तरी अक्षांश सम्म र ८१ डिग्री ३१ मिनेट २५ सेकेन्ड पूर्व देखि ८१ डिग्रि ३६ मिनेट १७ सेकन्ड पूर्वी देशान्तर सम्म फैलिएको छ । समुन्द्री सतह देखि न्यूनतम ६०० मिटर र अधिकतम ३००० मिटर सम्मको उचाइमा यो चामुण्डाबिन्द्रासैनी नगरपालिका पर्दछ ।

यो नगरपालिका एक पहाडी नगरपालिका हो र यहाँको समस्त भूभाग पहाडले घेरिएको छ । पहाडी भूभागमा अवस्थित चामुण्डाबिन्द्रासैनी नगरपालिकाको अधिकांश क्षेत्र सभिरालो प्रकृतीको रहेको छ । नगरपालिका जंगल र खेतीयोग्य जमिन क्षेत्रले ओगटेको छ भने अन्य कहि भूभाग जल क्षेत्र (नदीनाला, खोला खोल्सा आदि)ले ढाकेको छ ।

नक्शा




**नक्शा १ -: चामुन्डा बिन्द्रासैनी नगरपालिका वडाहरूको प्रशासनिक सिमाना सहितको नक्शा**




नक्शा २-: चामुन्डा बिन्द्रासैनी नगरपालिकाको भौगोलिक अवस्थिति र पहुँच

## २.३ भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति

**धरातलीय अवस्थाः** कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाको चामुण्डाबिन्द्रासैनी नगरपालिका पहाडी भौगोलिक क्षेत्रमा पर्दछ । पहाडी भूभागमा रहेको यस पालिकाको अधिकांश क्षेत्र पहाडी भिराले प्रकृतिको रहेको छ । नगरपालिका जगंल र खेती योग्य जमिन र जल क्षेत्रले ओगटेको छ । यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले अधिकांश जमिनको बनौट भिरालो प्रकृतिको छ भने नदी तटिय क्षेत्र लागायतका अन्य क्षेत्रमा पनि समथर जमिन पनि रहेको छ । अन्य भाग घांस, चौर, झाडि, बालुवा र चट्टानले ओगटेको छ । यस नगरपालिकाको धरातल समुन्द्र सतहदेखिको ६०० मि. देखि १७७० मि. सम्मको उचाईमा अवस्थित रहेको छ ।


सामान्य अग्ला र भिराला पहाडी श्रृखलाले बनेको यस नगरपालिकामा तुलनात्मक रुपमा घना बसोबासको क्षेत्र सहितको विविधतायुक्त धरातलिय अवस्थिति रहेको छ । अधिकांश भिरालो क्षेत्र वन जङ्गलले ढाकेको छ भने वन तथा चरण क्षेत्र १२.५८ प्रतिशत र खेती योग्य कृषि क्षेत्र जमिन ३.७४ प्रतिशत रहेको छ । यसका सथै केही चट्टानी क्षेत्र र चरन क्षेत्र नांगा डाँडाका रुपमा रहेका छन्[6] । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले अधिकांश भुभाग पहाड भएपनी नगरपालिकाभित्र समथर जमिन (५% जति) रहेका छन् । नगरपालिकाको भु-उपयोगको अवस्थाको विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका-५: नगरपालिकाको भू-उपयोगको विवरण**

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल | एकाई | प्रतिशत |
|---|---|---|---|---|
| १ | खेती योग्य कृषि क्षेत्र जमिन | ३७४५ | हेक्टर | ३.७४% |
| २ | वन तथा चरण क्षेत्र | १२०५८ | हेक्टर | १२.५८% |
| ३ | सडक | २९७.२७ | कि.मि. | २.९७% |
| ४ | आवास क्षेत्र | | | ७१.३१% |
| **जम्मा नगरपालिकाको क्षेत्रफल** | | **९०.६०** | **वर्ग कि.मि.** | **१००%** |

*स्रोतः चामुण्डाबिन्द्रासैनी नगरपालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), २०७५*

6 *स्रोतः चामुन्डा बिन्द्रासैनी नगरपालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), २०७५*




**नक्शा ३: चामुण्डा बिन्द्रासैनी नगरपालिकाको भूउपयोग नक्शा**

## २.४ प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरूको विवरण

दैलेख जिल्लामा वार्षीक १५०० मिलि औसत वर्षात हुने गर्छ । यस नगरपालिकाको मुख्य जलाधार क्षेत्र भनेको कर्णाली नदी रहेको छ । चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्रभित्र महाभहरत शृंखलाबाट उत्पत्ति भएका कर्णाली नदी बाह्रै महिना पानी बगीरहने यस नगरपालिकाको मुख्य जलाधार क्षेत्रको रुपमा रहेको छ । यस जलाधार क्षेत्रमा पर्ने दर्जनौं सहयक ठूला साना नदी, खोलाहरू मध्ये मुख्य गरी देउगाड, रामगाड, पादुका, भैरवी र गाडाजिउँला आदी अविरल बगिरहने खोलाहरू यस नगरपालिकाका जल सम्पदाहरू हुन् । यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विद्यमान रहेका यी खोलाहरू नगरपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल रुपमा बगिरहने कर्णाली नदीको शाखा खोलाहरू हुन् । उप-जलाधार क्षेत्रहरू सम्बन्धी विस्तृत विवरण तल नक्शा ४मा राखिएको ।


यस क्षेत्रमा जलस्रोतहरूको मूख्य गरीगरि खानेपानी र सिंचाइको लागि उपयोग गरेको देखिन्छ । सिंचाइको मुख्य स्रोतको रुपमा रहेको खोला लगायत त्यसका शाखा/उपशाखा खोलाहरूबाट यस क्षेत्रको तल्लो वेसी क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ । यसका साथै नगरपालिकामा विद्यमान रहेको कर्णाली नदीबाट केही क्षेत्रहरूमा जलस्रोतको थप परिपूर्ति गर्न सकिने सम्भावना रहेको छ ।

जैविक विवधताका हिसावले पहाडी चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरू जस्तै सुन्तला, आलचा, नासपाति, कालिज, काँडेभ्याकुर, र नदी तथा खोलामा स्थानीय माछा पाइने यस जलाधार क्षेत्रको विशेषताको रूपमा रहेका छन् ।

## २.५ नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१ नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माण अवधिमा सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्दा यस नगरपालिकामा जम्मा ८२ वटा मुख्य बस्तीहरू रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको जम्मा जनसंख्या २६,५५९ (५,११३ घरधुरी ) रहेको छ । जलउपयोग गुरुयोजना निर्माणका क्रममा सामाजिक सर्वेक्षण, २०८०बाट प्राप्त तथ्याङ्क अनुसार यस नगरपालिकामा कूल घरधुरी संख्या ५,५३५ रहेको छ भने कुल जनसंख्या २८,७८६ रहेको छ । जसमध्ये कुल जनसंख्यामा महिला जनसंख्या ५१.१६% र पुरुष जनसंख्या ४८.८४% रहेको रहेको छ । जनसंख्याको हिसाबले यस नगरपालिकाको वडा नं. ६ )४,०९४ जनसंख्या सबभन्दा (ठूलो भने वडा नं. ९) २,२३२ जनसंख्यासबभन्दा सानो देखिन् (छ । यस्को विस्तृत विवरण तल तालिका ५मा प्रस्तुत गरिएको छ भने वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-६ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण **अनुसूची-१** मा दिइएको छ ।




**नक्शा ४: चामुण्डा बिन्द्रासैनी नगरपालिकाको उप-जलाधार क्षेत्रहरूको नक्शा**

**तालिका ६: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण**[7]

| वडा नं. | वस्ति (टोल) संख्या | जम्मा घरधुरी | | जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय जनगणना २०७८ अनुसार | ज.उ.गु.यो. (सङ्कलित तथ्याङ्क अनुसार ) | महिला | पुरुष | जम्मा |
| १ | ७ | ५२६ | ६०९ | १५६७ | १४५४ | ३०२१ |
| २ | ६ | ५९५ | ६२२ | १६१२ | १५९८ | ३२१० |
| ३ | ६ | ४८१ | ४८५ | १३७७ | १३८३ | २७६० |
| ४ | ८ | ६०३ | ६२० | १९०१ | १७११ | ३६१२ |
| ५ | १४ | ६४९ | ७५३ | १९४३ | १७६५ | ३७०८ |
| ६ | १५ | ६३९ | ६६७ | २०९७ | १९९७ | ४०९४ |
| ७ | ८ | ५९४ | ६२५ | १६८३ | १५०४ | ३१८७ |
| ८ | १२ | ६०१ | ६०१ | १४३० | १५३२ | २९६२ |
| ९ | ६ | ४२५ | ५५३ | १११८ | १११४ | २२३२ |
| **जम्मा** | **८२** | **५११३** | **५५३५** | **१४७२८** | **१४०५८** | **२८७८६** |

*स्रोत: जलउपयोग गुरुयोजना सर्वेक्षण, २०८०*

## २.५.२ जातियता

यस नगरपालिकामा मूख्य गरी क्षेत्री, ब्राह्मण, कामी, दमाई, ठकुरी, सार्की, सन्यासी, दशनामी, मगर, नेवार, तथा अन्य जातिय समुह तथा समुदायहरूको बसोबास रहेको छ । चामुण्डाबिन्द्रासैनी नगरपालिकामा सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार सबैभन्दा बढी ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासी जनसंख्या ५९.५%, दलित जनसंख्या ३४.६%, जनजाति जनसंख्या ५.९% रहेको छ । यस पालिकामा विभिन्न जातजाति र धर्मका मानिसहरूको बसोबास भएतापनि अधिकांश मानिसहरूको मातृभाषा भने नेपाली नै रहेको छ । वडा अनुसार जातिगत घरधुरी विवरण तलको तालिका-७ मा दिइएको छ भने बिस्तृत विवरण **अनुसूची-१, SA-१ मा** उल्लेख गरिएको छ ।

**तालिका-७: वडा अनुससार जातिगत घरधुरीको विवरण**

| वडा न. | जम्मा टोल (बस्ती) संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | जनजाति | नेवार | दलित | मुस्लिम | अन्य | जम्मा |
| १ | ७ | २११ | १९२ | ० | २०६ | ० | ० | ६०९ |
| २ | ६ | ३३२ | ४५ | ० | २४५ | ० | ० | ६२२ |
| ३ | ६ | २०७ | ८४ | ० | १९४ | ० | ० | ४८५ |
| ४ | ८ | ४१५ | ० | ० | २०५ | ० | ० | ६२० |
| ५ | १४ | ५८३ | ० | ० | १७० | ० | ० | ७५३ |
| ६ | १५ | ४७६ | ० | ० | १९१ | ० | ० | ६६७ |

[7] स्रोत: चामुण्डा बिन्द्रासैनी नगरपालिकाको वस्तुगत विववरण, २०७५ तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा गरिएको सामाजिक तथा प्राविधिक अध्ययन, २०८०

| वडा न. | जम्मा टोल (बस्ती) संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | जनजाति | नेवार | दलित | मुस्लिम | अन्य | जम्मा |
| ७ | ८ | ४९६ | ५ | ० | १२४ | ० | ० | ६२५ |
| ८ | १२ | ३९९ | ० | ० | २०२ | ० | ० | ६०१ |
| ९ | ६ | १७५ | ० | ० | ३७८ | ० | ० | ५५३ |
| **जम्मा** | **८२** | **३,२९४** | **३२६** | **०** | **१,९१५** | **०** | **०** | **५,५३५** |
| **प्रतिशत:** | | **५९.५%** | **५.९%** | **०%** | **३४.६%** | **०%** | **०%** | **१००%** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र सामाजिक तथा सांस्कृतिक चलनहरू हिन्दू संस्कृतिमा नै आधारित रहेको देखिन्छ । यहाँको मुख्य चाडपर्वमा दशैं, तिहार, होली, चैत्र दशैं, नयाँ वर्ष, माघे संक्रान्ति, जनै पुर्णिमा, पितृ पुजा, तीज, शिवरात्री, कृष्णअष्टमी र मंसिर पुर्णिमा हुन् । सवै जातजातिले यी चाडपर्वहरू एक आपसमा मिलेर मनाउने गर्दछन् । हिन्दू समुदायहरूको तुलनामा यस नगरपालिकाभित्र बौद्ध धर्मालम्बीहरू थोरै रहेको पाईन्छ । हिन्दु र बौद्ध धर्मालम्बीहरूका आ-आफ्नै किसिमका धार्मिक तथा सांस्कृतिक परम्परा रहेका छन् ।

### २.५.३ साक्षरता विवरण

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको राष्ट्रिय जनगनणा २०७८ अनुसार कूल साक्षारता दर ७४.३० % रहेको छ, जसमध्ये पुरुष साक्षरता दर ८२.६०% रहेको छ भने महिला साक्षरता दर ६७.३०% रहेको छ । लैङ्गिकताका आधारमा हेर्दा महिलाको भन्दा पुरुषको साक्षरता प्रतिशत करिब १५.३ प्रतिशतले राम्रो देखिन्छ (राष्ट्रिय जनगनणा, २०७८) ।

### २.५.४ व्यवसाय

यस नगरपालिकाका बासिन्दाहरूले जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसायहरूमा संलग्न हुदै आईरहेका छन् । तर पनि यहाँका बासिन्दाहरूको मूख्य पेशा कृषि र पशुपालन रहेको छ । सवै घरधुरीहरू कृषि क्षेत्रमा नै आधारित छन् । पछिल्लो समयमा मानिसहरू निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायीक कृषि तर्फ आकर्षित हुन थालेका छन् । कृषिका साथै पशुपालन पनि जोडिएको देखिन्छ । त्यसै गरी जीवन निर्वाहको लागि खेती पातीका साथै थोरै मानिसहरू व्यापार, सरकारी जागिर र अन्य पेशा गरिरहेका छन् ।

| वडा नं. | तालिका -८ **व्यवसाय सम्बन्धी विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कृषी | लघु उद्यम | व्यापार | ज्यालादारी | बैदिशक रोजगार | सरकारी जागिर | अन्य |
| **जम्मा** | **६६६१** | **११६६** | **१४३४** | **३५३४** | **३५३४** | **३५३४** | **३५३४** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

प्राय मानिसहरू मौसम अनुसार भारतका विभिन्न ठाउँहरूमा श्रमिक कार्य गर्न जाने गर्दछन् । भारत बाहेक अन्य देशमा (मलेशिया, कतार, दुवइ, कुवेतमा, कोरिया आदि) रोजगारीमा जाने मानिसहरू भने भारतको तुलनामा धेरै नै न्यून देखिन्छ । १८ देखि ४० वर्ष उमेर समुहका मानिसहरू प्राय: बैदेशिक रोजगारीमा गएको

देखिन्छ । नगरपालिकाका केहि घरधुरीहरू एक भन्दा बढि पेशामा आवद्ध रहेको देखिएता पनि बहुसंख्यक व्यक्तिहरूको मुख्य पेशा कृषि नै रहको छ ।

### २.५.५ कृषि र जीविकोपार्जन

नगरपालिका क्षेत्रमा ३,७४५ हेक्टर खेती / कृषि योग्य जमिन रहेको छ । नगरपालिकामा सिंचाइ सुविधा भएको ठाउँमा गहुँ र धान खेती तथा पाखोबारी र सिंचाइ नभएको क्षेत्रमा मकै, धान, गहुँ, कोदो र तेलहन बालीका रुपमा तोरी, दलहन बालीमा मुसरो, सिमी आदि नगदेबालीमा तरकारी तथा फलफुलमा सुन्तला, आप केरा र अमिलो मुख्य रुपमा रहेका छन् । उत्पादन भएका केहि तरकारीहरू नजिकको बजारमा बिक्रि बितरण गर्ने र धेरै जसो आफैले मात्र उपयोग गर्ने गरिन्छ । त्यसैगरी सुन्तला, केरा, आरु आदि फलफुलहरूको खेती गर्ने गरिन्छ । फलफुलहरू पनि धेरै जसो घरायसी प्रयोजनामा नै खपत हुन्छ भने थोरै भागमात्र आय आर्जनका लागि नजिकको बजारमा बिक्रि बितरण गरिन्छ । प्राय सवै जसो घरधुरीले पशुपालन गर्ने गरेका छन् । नगर क्षेत्रमा गरिने पशु पालनमा भैसी, गाई, गोरु, भेडा बाख्रा रहेका छन् । यस बाहेक नगरपालिकामा र बस्तीस्तरमा गरिएको छलफल अनुसार कृषि उत्पादन बाहेक जीविकोपार्जन अन्य स्रोतहरू जस्तै; खुद्रा व्यापार, साना व्यवसाय, ज्याला मजदुरी तथा सरकारी तथा गैर सरकारी क्षेत्रमा पेशा आदि रहेका छन् ।


कृषि उत्पादनका लागि उपयुक्त हावापानी र उर्बरमाटो रहेको भएपनि नगरपालिकाको कूल क्षेत्रफल मध्ये सिमित ३.७४% मात्र खेती योग्य जमिन रहेकोले कृषि पेशामा निर्भर घरपरिवारलाई पनि आफ्नै उत्पादनबाट ९ महिना देखि वर्ष भरिका लागि खाद्यान्न करिब १५% को मात्रै पुग्ने गरेको देखिएको छ । नगरपालिका अनुसार यस बहुसख्यक घरधुरीहरू (४५%) मा ६ महिना भन्दा बढी आफ्नो उत्पादनले खान नपुग्ने देखिन्छ भने जम्मा ४०% को देखि ९ महिना सम्म पुग्ने देखिन्छ । वडा अनुसार घरधुरीको खाधान्नमा पहुँचको अवस्थाको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका-९: वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण**

| **वडा न.** | **खाधान्न पहुँचको अवस्था (घरधुरी )** | | |
|---|---|---|---|
| | ६ महिना भन्दा कम पुग्ने | ६-९ महिना सम्म पुग्ने | ९-१२ महिना सम्म पुग्ने |
| १ | २७४ | २४४ | ९१ |
| २ | २३५ | २०९ | ७८ |
| ३ | २१८ | १९४ | ७३ |
| ४ | २७९ | २४८ | ९३ |
| ५ | २१८ | १९४ | ७३ |
| ६ | २२८ | २०३ | ७६ |
| ७ | २७९ | २४८ | ९३ |
| ८ | २६४ | २३५ | ८८ |
| ९ | २४९ | २२१ | ८३ |
| **जम्मा** | **२२४५** | **१९९५** | **७४८** |
| **प्रतिशत** | **४५%** | **४०%** | **१५%** |

*स्रोतजलउपयोग गुरुयोजना :, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.५.६ मौसमी पात्रो तथा कार्यबोझ




चित्र ३: नगरपालिकामा समुदायको मौसमी काममा व्यस्तहुने समय

भविश्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा समुदायको नियमित पेशा व्यवसाय लगायतका नियमित कार्यहरूमा असर नहोस् भन्ने उद्देश्यले समुदायको मौसमी पात्रो पत्ता लगाउनु आवश्यक हुन्छ । यस नगरपालिकामा भविश्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरू आगामी दिनहरूमा समुदायमा आधारित विकासका क्रियाकलापहरू सञ्चालन गर्न समुदायका मानिसहरूको कार्य ब्यस्तताको समय जान्न जलउपयोग गुरुयोजना तयारीका क्रममा मौसमी पात्रो तयार गरिएको हो । यस नगरपालिकामा समेत समुदायका बहुसंख्यक मानिसहरू स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरू सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाई मध्यनजर गरी विकासका क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।

नगरपालिकाको लागि तयार पारिएका वडागत तथ्याङ्कहरूको आधारमा, तथा वर्षको विभिन्न महिनाहरूमा मानिसहरूको गतिविधिहरूको विश्लेषण गर्दा यसको पृष्ठभूमि, सम्भावित कारणहरू र परिणामहरू सम्झन महत्त्वपूर्ण छ । यसको अध्ययन गर्दा तलका प्रमुख कुराहरूलाई ध्यान दिनु पर्ने देखिन्छ:

**गहुँबाली तथा दलहन बाली भित्र्याउने कार्य:** चैत्र, बैसाख, र जेठ महिनामा गहुँबाली तथा दलहन बाली भित्र्याउने कार्यको व्यवस्थितता र प्रभाव परिक्षण गर्दा, यसका पीछे कारणहरू जस्तै कृषि समृद्धि, मौसम, विशेष उपयोग परिक्षित गर्दा के हुन्छ भन्ने पनि महत्त्वपूर्ण छ ।

**धान रोपाइँ र काट्ने कार्य:** आषाढ, श्रावण, असोज, र कार्तिक महिनामा धानको रोपाइँ र काट्ने कार्यको ब्यापारी विश्लेषण गर्दा, कृषि प्रक्रियाहरूको प्रभाव, मार्जिन अनुपात, उपयुक्त तकनीक, बढी व्यापारिक दृष्टिकोण आदि अध्ययन गर्न सहयोगी हुन सक्छ।

**फुर्सदिलो अवधिमा पनि कामदारी:** मंसिर देखि फाल्गुण महिनासम्मको अवधिमा पनि पुरुष मानिसहरूको कामदारीको विश्लेषण गर्दा, उनीहरूको प्राथमिकताहरू, खानपिनको अवस्था, उनीहरूको उपयोगका श्रृंगारिक, सामाजिक र आर्थिक अधिकारको प्रकृया विचार गर्न सकिन्छ। समग्रमा यस नगरपालिकामाको वडागत तथ्याङ्कहरूलाई विश्लेषण गर्दा मानिसहरू चैत्र, बैसाख र जेठ महिनामा मकै, गहुँबाली तथा दलहन बाली भित्र्याउने कार्यमा व्यस्त हुने गरेको देखिन्छ भने आषाढ, श्रावण महिनामा धान रोपाइँ र असोज तथा कार्तिक महिनामा धान काट्ने कार्यमा व्यस्त हुन्छन ।त्यसै गरी मंसिर देखि फाल्गुण महिनामा मात्रै मानिसहरू अलि फुर्सदिलो देखिने तथ्याङ्कले देखाएको छ । तथापी यस अवधिमा पनि पुरुषहरू दैनिक ज्याला मजदुरीका

लागि जिल्ला भित्रै र जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत जाने गरेको जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाटको छलफलबाट जानकारी प्राप्त भएकोछ ।समुदायका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको विश्लेषण तलको चित्रमा गरिएको छ ।


### २.५.७ नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरूलाई गुणस्तरीय र दिगो रुपमा सञ्चालन गर्न स्थानीयस्तरमा सिप भएका दक्ष मानव शंसाधन हुन अति आवश्यक छ । योजना तर्जुमा र कार्यान्वयनको खाका तयार गर्दा कुनै पनि भूगोलमा दक्ष मानव मानव शंसाधन के कति छ, कुन कुन दक्षता र सिपहरू छ भनि पत्ता लगाउनु जरुरी हुने गर्दछ ।यस नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा गरिएको छलफल र लिईएको तथ्याङ्कका आधारमा, नगरपालिकामा कुल ४७२ जना विभिन्न दक्षता र सीप भएका मानव शंसाधन उपलब्ध छन् । जसमध्ये सबैभन्दा बढी दक्ष मिस्त्री ४५ जना, काठको काम गर्ने मिस्त्री २९ जना .जना रहेका छन् भने महिला स्वास्थ्य स्वयंसेविका ३२ जना र मर्मत सम्भार कार्यकर्ता २६८ जना रहेका देखिन्छन् । सम्रगमा उपलब्ध मानव संसाधन तलको चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका १०: दक्ष मानव शंसाधन विवरण**

| मानव संसाधन | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|
| दक्ष मिस्त्री | ० | ४५ | ० | ४५ |
| मर्मत सम्भार कार्यकर्ता | ० | २६८ | ० | २६८ |
| काठको काम गर्ने मिस्त्री | ० | २९ | ० | २९ |
| विद्युत प्राविधिक | ० | १७ | ० | १७ |
| जलस्रोत प्राविधिक | ० | ० | ० | ० |
| महिला स्वास्थ्य स्वयं सेविका | ३२ | ० | ० | ३२ |
| पशुसेवा प्राविधिक | ० | १२ | ० | १२ |
| कृषि प्राविधिक | १२ | २३ | ० | ३५ |
| वन प्राविधिक | ० | ८ | ० | ८ |
| कपालकाट्ने | ६ | २० | | २६ |
| **जम्मा** | **५०** | **४२२** | **०** | **४७२** |

स्रोत :चामुण्डाबिन्द्रासैनी नगरपालिका




चित्र ४: नगरपालिकामा मानव संसाधनहरूको विवरण

।

### २.५.८ स्थानीय निर्माण सामग्रीहरूको उपलब्धता

चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्रै स्थानीय स्रोत तथा निर्माण सामग्रीहरूको पर्याप्तता रहेको छ । ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस, स्लेट र घट्टको जाँतो जस्ता स्थानीय निर्माण सामाग्रीहरू नगर नजिकै हरेक वडाहरूको आफ्नो क्षेत्रभित्र नै उपलब्ध छन् । ढुंगा र गिट्टी स्रोतको लागि नगरपालिकाका सबै वडाहरूमा रहेका विभिन्न नदी/खोला/खहरेहरू, जुन पालिकाबाट बालुवा/ढुंगा उत्खननका लागि अनुमति प्राप्त छन् । त्यसैले ढुंगा र गिट्टी नगरपालिकाका सबै वडाहरूमा पर्याप्त मात्रामा उपलब्ध हुन्छ, भने बालुवा र काठको लागि केही वडाहरूलाई अरु वडाहरूमा जानुपर्ने बाध्यता रहेको छ ।

स्थानीय निर्माण सामाग्रीहरूको मूल्य आयोजना पिच्छे फरक फरक हुने सम्भावना रहन्छ । प्राय यो भिन्नता आयोजनाको कूल लागतको १५–२०% सम्म हुने गर्दछ । स्थानीय निर्माण सामाग्रीहरू मध्ये ढुङ्गा, काठ, बाँस, स्लेट र घट्टको जाँतो नगर नजिकै पाइन्छन् र यी सामाग्रीहरूको ढुवानी गर्न सरदर १ देखि ३ घण्टासम्म लाग्दछ । तर बालुवा अलि टाढा छामघाट,पादुका,लोहोरे खोला तथा कर्णाली नदीमा पाईन्छ र त्यहाबाट ढुवानी गर्न २ घण्टादेखि ८ घण्टासम्म पनि लाग्ने गर्दछ । वडा अनुसार स्थानीय सामग्री उपलब्धता सम्बन्धी थप विस्तृत विवरण तलको तालिका-११ मा उल्लेख गरिएको छ ।

**तालिका-११: स्थानीय सामग्रीहरूको उपलब्धता**

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| १ | पाइने स्थान | मानमा खोला, अधेरी, सिसनेरि, | मानमा खोला, अधेरी, सिसनेरि, | रामघाट खोला | स्थानीय वन सिसनेरी |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ८ देखि १० | १ |
| २ | पाइने स्थान | काउले, लामिडाडा | स्थानीयस्तरमा | रामघाट खोला | स्थानीय वन |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ५ देखि ७ | १ |
| ३ | पाइने स्थान | जंगले , पानिखोला | डापखोला, | रामघाट खोला, गडाजुला, | चौतारा स्याउले |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ४ देखि ६ | १ |
| ४ | पाइने स्थान | ढापखोला, वलमपुर | स्थानीयस्तरमा | रामघाट खोला, पादुका खोला | थर्तालि सा.वन |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ३ देखि ५ | १ |
| ५ | पाइने स्थान | खापड खोला, | स्थानीयस्तरमा | रामघाट खोला, पादुका खोला | बाङ्गा सा .वन |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ३ देखि ५ | १ |
| ६ | पाइने स्थान | डुंग्रि डाडा | पादुका खोला | रामघाट खोला, पादुका खोला | तिरुपानि, दुबले |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ४ देखि ६ | १ |
| ७ | पाइने स्थान | सुकिला खोला, कर्णालि, ,पालतडा | रामघाट खोला, | रामघाट खोला, पादुका खोला, कर्णाली | सिद्धपाईला सा.वन |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ३ देखि ४ | १ |
| ८ | पाइने स्थान | रामघाट खोला, मेलघाट | रामघाट खोला, मेलघाट | रामघाट खोला, मेलघाट | सिमले सुकेपिप्रे |
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | २ देखि ४ | १ |
| ९ | पाइने स्थान | पादुका खोला, साङगेतडा | पादुका खोला, साङगेतडा | रामघाट खोला, पादुका खोला कर्णाली नदी | गैराखालि सावु, टिविलगैरा, रानि वन, |

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| | दुरी (कि.मि.) | १ देखि ३ | १ देखि ३ | ३ देखि ५ | १ |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.६ सेवाकेन्द्रहरू सम्बन्धी विवरण

नगरपालिकामा रहेका संघसंस्थाहरू, सेवा केन्द्र र अन्य सुविधाहरू सम्बन्धी विस्तृत विवरण तलको तालिका र **अनुसूची नं. १ र SA-५ मा** प्रस्तुत गरिएको छ ।

**तालिका-१२: पालिकामा रहेका सेवाकेन्द्रहरूको विवरण**

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १ | हुलाक कार्यालय | जम्बुकाँध- ६ | |
| २ | प्रहरी कार्यालय | जम्बुकाँध- ६ | |
| ३ | विद्युत प्राधिकरण | जम्बुकाँध- ६ | |
| ४ | पशुसेवा केन्द्र | जम्बुकाँध- ६ | |
| ५ | इलाका वन कार्यलय | जम्बुकाँध- ६ | |
| ६ | एस बि आई बैंक | जम्बुकाँध- ६ | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

राष्टिय जनगणना २०७८ अनुसार रेडियो, टिभि, मोवाइल, टेलिफोन, सवारी साधन लगायत विद्युतीय सामग्रीहरूमा मानिसको दैनिक जीवनका सहयोगी बनेका छन् । नगरपालिका क्षेत्रमा एन टि सि तथा एन सेलको ४ जी ईन्टरनेट सुविधाहरू नगरक्षेत्रका प्राय ठाउँमा उपलब्ध रहेको छ ।

## २.७ विकास साझेदारहरू, गैह्र सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा सहकारी सम्बन्धी विवरण

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा सरकारी निकायहरू बाहेक अन्य दातृ निकाय/विकास साझेदारहरूले पनि विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दै आईरहेका छन् । विशेष गरी कृषि उत्पादन/बजारीकरण, शिक्षा, स्वास्थ्य खानेपानी सरसफाइ तथा स्वच्छता, बालबालिका तथा महिला सशक्तिकरणका क्षेत्र, भौतिक पूर्वाधार लगायत सामाजिक/आर्थिक विकासका क्रियाकलापहरू आदिमा नगरपालिकामा साझेदारी गर्दै आईरहेका छन् । पालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण निम्न तालिका-१३ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण **अनुसूची-१ मा** उल्लेख गरिएको छ ।

**तालिका-१३: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरूको विवरण**

| क्र.स. | विकास साझेदार वा गैह्र सरकारी संस्थाको नाम | कार्यक्रमको क्षेत्र |
|---|---|---|
| १. | सेभ द चिल्ड्रेन | बालबालिका, महिला, शिक्षा, स्वास्थय, कृषि |
| २. | एभरेष्ट कल्व | बालबालिका, महिला, कृषि, पोषण, |
| ३. | सेवक नेपाल | बालबालिका, महिला शस्क्तिकरण, विपद व्यवस्थापन, |
| ४. | यु एस एड करणाली जल परियोजना | खानेपानी सरसफाइ |
| ५. | सोसेक | बालबालिका, खानेपानी, कृषि |
| ६. | वोन हर्ट बर्लडवाईड | स्वास्थ्य |
| ७. | एस डि पि | कृषि |
| ८. | हेल्भेटास नेपाल | खानेपानी सरसफाइ |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

माथि तालिका-१३ मा उल्लेख गरिएका विकास साझेदारहरू तथा गैह्र सरकारी संस्थाहरू बाहेक नगरपालिकास्तरमा विभिन्न सामुदायिक संस्थाहरू, सामुदायिक वन उपभोक्ता समूहहरू, कृषि समुहहरू/आमा समुहहरू पनि गठन भएका छन् । ती समुदायमा आधारित संस्थाहरूले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरूमा सहयोग पुरयाउदै आईरहेका छन् । यसका साथै समुदायस्तरमा बित्तिय सेवा प्रदान गर्न सहकारी संस्थाहरू गठन भई समुदायस्तरमा बचत तथा ऋण लगायत लघु उद्यम प्रवर्द्धन मार्फत आर्थिक गतिविधिहरूलाई चलायमान बनाउन सहयोग पुरयाउदै आईरहेको छ । सहकारी संस्थाहरूको विवरण तलको तालिका-१४ अनुसार रहेको छ भने बिस्तृत विवरण **अनुसूची-१ को SA-३ मा** उल्लेख गरिएको छ ।

**तालिका-१४: वडा अनुसार सहकारी संस्थाहरूको विवरण**

| क्र. स. | सहकारी संस्थाको नाम | सहकारी संस्थाको प्रकार | संस्था रहेको स्थान | | आवद्धता | | | | शेयर पुँजी (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | वडा नं. | महिला | पुरुष | अन्य | जम्मा | |
| १ | सिद्धार्थ कृषि तथा पशुपालन स.सं. | कृषि स.लि.सं. | रामघाट | ३ | ५१ | ६५ | ० | ११६ | |
| २ | राम नगर कृषि तथा पशुपालन स.सं. | कृषि स.लि.सं. | रामघाट | ८ | ३५ | १८ | ० | ५३ | |
| ३ | लालिगुराँस कृषि तथा पशुपालन स.सं. | कृषि स.लि.सं. | रामघाट | ८ | ३१ | | ० | ३१ | |
| ४ | जनप्रेमी कृषि तथा पशुपालन स.सं. | कृषि स.लि.सं. | पादुका | ९ | २२२ | १४५ | ० | ३६७ | |
| ५ | रामघाट कृषि तथा पशुपालन स.सं. | कृषि स.लि.सं. | रामघाट | ३ | ५६ | ४७ | ० | १०३ | |
| ६ | देउती कृषि तथा वहूउद्देश्यीय स .सं. | वहूउद्देश्यीय स.ली .सं. | रामघाट | ५ | ३०५ | १०५ | ० | ४१० | |

| क्र.स. | सहकारी संस्थाको नाम | सहकारी संस्थाको प्रकार | संस्था रहेको स्थान | | आवद्धता | | | | शेयर पुँजी (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | वडा नं. | महिला | पुरुष | अन्य | जम्मा | |
| ७ | श्रमजिवि बचत तथा ऋण सहकारी सं. | बचत तथा ऋण स.लि.सं. | रामघाट | ३ | २४६ | ११८ | ० | ३६४ | |
| ८ | सिद्धपाईला बचत तथा ऋण सहकारी सं. | बचत तथा ऋण स.लि.सं. | रामघाट | ७ | ८१ | ११ | ० | ९२ | |
| ९ | हीयाली बचत तथा ऋण सहकारी सं. | बचत तथा ऋण स.लि.सं. | रामघाट | ७ | १९७ | २०३ | ० | ४०० | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

# अध्याय-३: विद्यमान जलस्रोतहरूको अवस्था र प्रयोग


## ३.१ नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विवरण

यस चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्रभित्र रहेका पानीका स्रोतहरूको तथ्याङ्क विश्लेषण गर्दा जम्मा ६१३ वटा पानीका स्रोतहरू अवस्थित रहेको देखिन्छ । नगरपालिकाको भूगोल मध्य कर्णाली जलाधार क्षेत्रभित्र रहेको देखिन्छ । यस नगरपालिकामा सरदर हरेक वर्ष औसत वर्षा मापन हुने गरेको केन्द्रको तथ्याङ्कले देखाउदछ भने web portalमा राखिएको बिगत १० वर्ष यताको तथ्याङ्क अनुसार यस जलाधार क्षेत्रमा वार्षिक रुपमा वर्षा / पानीको अवस्था (घटेको, बढेको वा उस्तै रहेको) कस्तो रहेको छ भन्ने अनुमान गर्न सकिन्छ। यहाँका स-साना मुहानहरूमा पानीको परिमाणको स्थिति वर्षाको पानीको स्रोत र जमिन मुनिको पानीका भण्डारण समेत मुख्य कारण रहने गरेको छ ।

## ३.२ नगरपालिकामा उपलब्ध जलस्रोतहरूको विश्लेषण

पानीको एकीकृत तथा समुचित व्यवस्थापनका लागि विद्यमान जलस्रोतहरूको विश्लेषण महत्वपूर्ण हुने गर्दछ र पानीको एकीकृत तथा समुचित व्यवस्थापनका लागि विद्यमान जलस्रोतहरूको विश्लेषण महत्वपूर्ण हुने गर्दछ । त्यसैले कुनै पनि क्षेत्रमा जलउपयोग गुरुयोजना तयार पार्दा, यस क्षेत्रको वर्तमान जलस्रोतको अवस्था, स्रोतमा पानीको उपलब्धता, जलस्रोतको वर्तमान प्रयोगको अवस्था हेरी त्यसको उपयोग हुनसक्ने क्षेत्रको विश्लेषण गर्न आवश्यक देखिन्छ । त्यसैले, जलउपयोग गुरुयोजनाको महत्वपूर्ण अंगको रुपमा विद्यमान जलस्रोतहरूको विश्लेषण पर्दछ । यही आवश्यकतालाई महसुश गर्दै यस अध्यायमा यस नगरपालिकामा रहेका विद्यमान स्रोतहरूका प्रकार, अवस्था, क्षमता, गुणस्तर, र विभिन्न प्रयोजनमा तिनको वर्तमान उपयोग, विभिन्न प्रयोजनका लागि योजनाहरूको सुचारुपनाको अवस्था, साथै बर्तमानमा र भविश्यमा हुन सक्ने प्रयोगको आदि विविध पक्षको बिस्तृत रुपमा विश्लेषण गरिएको छ ।

यसरी गरिएको विश्लेषण अन्तर्गत पानीका स्रोतहरूमा पानी यथेष्ठ परिमाणमा उपलब्ध छ वा छैन, गुणस्तर के कस्तो रहेको छ, पानीका स्रोतहरूको अवस्थिती, बस्तीहरूको तुलनामा जलस्रोतहरूको अवस्था कस्तो छ, जलस्रोतहरूको विद्यमान प्रयोग स्थिती र भविश्यको उपयोगको संभावना के–कस्तो रहेको छ, मुहानहरूमा विवाद छ/छैन भन्ने अवस्थाको विश्लेषण तथा समुदायका मानिसहरूले आफ्ना पानीजन्य आवश्यकताहरू जस्तै पिउने : पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मूलक पेशा व्यवसायका लागि स्रोतहरूमा पानी यथेष्ट परिमाणमा




चित्र ५: पानीका स्रोतहरू

उपलब्ध छ वा छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरुयोजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिएको छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा हाल प्रयोगमा रहेका तथा भविश्यमा प्रयोगको सम्भावना रहेका पानीका स्रोतहरूको प्राविधिक अध्ययन, विभिन्न निकाय तथा साझेदार संस्थाहरूले मापन गरेका जलस्रोतहरूको नगरपालिकामा उपलब्ध तथ्याङ्कका आधार, जानिफकारहरूसँग गरिएको अन्तरक्रिया, तथा स्थलगत अवलोकन गरिएको आधारमा पानीका स्रोतहरू सम्बन्धी तथ्याङ्कहरूको बिवेचना र विश्लेषण यस अध्यायमा गरिएको छ । मापन भएका स्रोतहरूको नगरपालिकाका विभिन्न वडा र नगरपालिकास्तरीय प्रमाणीकरण कार्यशाला गोष्ठीमा प्रमाणीकरण गरी तयार पारेको सूची संलग्न अनुसूचीमा राखिएको छ ।


यस नगरपालिकामा मापन गरिएका कूल ६१४ वटा जलस्रोतहरू मध्ये ६१० वटा मूलहरू रहेका छन् । नगरपालिका भित्र ४ वटा नदी/खोला (स्प्रीङ फिड सहित) जलस्रोतहरू मापन गरिएका छन् । वडागत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी स्रोत वडा नं. ९ मा १२८ वटा मापन भएका छन । वडागत रुपमा जलस्रोतहरूको विवरण तलको तालिक १५ र चित्र ५ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

**तालिका-१५: पालिकामा विद्यमान जलस्रोतहरूको वडागत रुपमा विवरण**[8]

| स्रोतहरूको प्रकार | वडा नम्बर | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| **मुल** | १०१ | ४५ | ३६ | ४० | ४९ | ७७ | ५५ | ७९ | १२८ | ६१० |
| खोला (स्प्रीङ फिड सहित) | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| **अन्य** | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | १०५ | ४५ | ३६ | ४० | ४९ | ७७ | ५५ | ७९ | १२८ | ६१४ |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

[8] नगरपालिकाभित्र ६ महिना भन्दा कम समय चल्ने साना-साना श्रोतहरू सहित ६५४ वटा जलस्रोतहरूको विवरण अनुसूची ६ मा राखिएको छ ।




**नक्शा ५: नगरपालिकामा विद्यमान जलस्रोतहरूको अवस्था**

### ३.२.१ स्रोतहरूको अवस्थितिको आधारमा जलस्रोतहरूको विश्लेषण

नगरपालिकामा रहेका विद्यमान स्रोतहरूको सम्भावित प्रयोजनलाई यकिन गर्नको लागि गरिएको सामाजिक तथा प्राविधिक अध्ययनको क्रममा हरेक स्रोत र मुख्य बस्तीहरूको अवस्थित उचाई GPS का माध्यमबाट मापन गरिएको थियो । विद्यमान स्रोतहरूको उचाई र उपलब्ध क्षमता मापनबाट स्रोतहरूको सम्भावित प्रयोजन र समेट्न सकिने वस्तीहरूको पहिचान तथा यकिन गरी योजनाहरूमा स्रोतहरूको बाँडफाड तथा क्षेत्रगत योजनाहरू तर्जुमा गरिएका छन । समग्र जलाधार क्षेत्रभित्र पानीको व्यवस्थापनको आकलन गर्न सकिने भएकाले गुरुयोजना निर्माण क्रममा स्रोतहरूको अवस्थिती पत्ता लगाईको हो ।




चित्र ६: अवस्थितका आधारमा विद्यमान जलस्रोतहरू

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा रहेका विद्यमान स्रोतहरूको अवस्थित उचाईको माध्यमबाट विश्लेषण गर्दा सर्वेक्षण गरिएका जम्मा ६१४ वटा मापन गरिएका स्रोतहरू मध्ये ९३% स्रोतहरू समुद्रसतहबाट ५०० देखि १५०० मिटर सम्मको उचाईमा अवस्थित रहेका छन् भने ७% स्रोतहरू १५०० देखि २००० मिटर सम्मको उचाईमा रहेको देखिन्छ । तर ५०० मिटर उचाई भन्दा मुनी कुनै स्रोतहरू रहेको पाइएन । उक्त विद्यमान स्रोतहरूको विवरण चित्र ६ मा प्रस्तुत गरिएको छ भने थप विस्तृत **अनुसूची-२**मा उल्लेख गरिएको छ ।

### ३.२.२ स्रोतहरूको क्षमताको आधारमा जलस्रोतहरूको विश्लेषण


पालिकाको जलउपयोग गुरुयोजना तयारीको क्रममा जलस्रोतहरूको कर्णाली जल परियोजनाबाट प्राप्त भएको जलस्रोतको सर्वे तथ्याङ्क तथा दस्तावेजहरूको आधारमा विश्लेषण गरिएको छ । यस नगरपालिकामा मापन गरिएका ६१४ वटा स्रोतहरूमा उपलब्ध पानीको परिमाणको हिसाबले प्राविधिक विश्लेषण गर्दा मापन गरिएका पानीका स्रोतहरू मध्ये करिव ५३% स्रोतहरूमा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड वा सो भन्दा कम रहेको छ । ३९% स्रोतहरूमा ०.१ लि. देखि ०.५ लि टर प्रति सेकेन्ड, १५% स्रोतहरूमा ०.५ देखि १ लिटर प्रति सेकेन्ड सम्म रहेको छ भने बाँकी १% स्रोतहरूमा मात्र पानीको बहाव १ लिटर प्रति सेकेन्ड वा सो भन्दा बढी पाईएको छ । चित्र -७ मा विद्यमान पानीका स्रोतहरूको क्षमता विश्लेषण गरिएको छ भने उक्त मूलहरूको थप विस्तृत प्राविधिक तथा सा माजिक विवरण **अनुसूची नं. २** मा उल्लेख गरिएको छ ।



चित्र ७: क्षमताका आधारमा विद्यमान जलस्रोतहरू

### ३.२.३ स्रोतहरूको गुणस्तरको आधारमा विश्लेषण

यस नगरपालिकामा मापन गरिएका ६१४ वटा मुहानहरू रहेका छन् । जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका घरभेट, जानिफकार र लक्षित समुहसँग गरिएका अन्तरक्रिया तथा छलफल, पानीमा आधारित रोगहरूको स्थिती तथा नगरपालिकामा गरिएका बैठकहरूका आधारमा नगरपालिकामा ९५% स्रोतहरू गुणस्तरका दृष्टीकोणले स्वीकार्यजनक पाईएका छन् अर्थात ती स्रोतहरू सामान्य उपचार सहित प्रयोगमा ल्याउन सकिने देखिन्छ । त्यसैगरी ५% स्रोतहरू भने नराम्रो अर्थात असुरक्षित तथा अस्वीकार्य देखिएको हुनाले प्रशोधन केन्द्रको प्रयोग पस्चात मात्र प्रयोगमा ल्याउन सकिने कुरा विश्लेषणले देखाएको छ । चित्र-८ मा विद्यमान पानीका स्रोतहरूको गुणस्तरको आधारमा विश्लेषण गरिएको छ भने उक्त मूलहरूको थप विस्तृत प्राविधिक तथा सामाजिक विवरण **अनुसूची नं. २** मा उल्लेख गरिएको छ ।




चित्र ८: गुणस्तरको आधारमा जलस्रोतहरू

पानीको गुणस्तरको परिक्षण भैनसकेको हुँदा सामान्यतया सबै मुहान/मूलको पानी भौतिक रुपमा हेर्दा धमिलोपना नभएको, गन्ध तथा स्वाद राम्रै भएकोले स्वीकार्य छ भन्न सकिन्छ तर रासायनिक तथा जैबिक रुपमा पानी परिक्षणको नतिजाबाट मात्रै पानीको गुणस्तर स्पष्ट रूपमा थाहा हुने हुन्छ । भविश्यमा खानेपानी प्रयोजनका लागि मुहानहरूको प्रयोग गर्दा मुहान तथा पानीको गुणस्तरलाई ध्यान दिई पानी परिक्षण गरेर मात्र योजनाहरूको निर्माण गर्नुपर्ने तथा उपभोक्ताहरूलाई पनि सचेतीकरण गर्नुपर्ने देखिन्छ । सुरक्षित गुणस्तर भएका मुहानहरूलाई पिउनको लागि प्रयोगमा ल्याउनु पर्ने र नराम्रो गुणस्तर भएका मुहानहरूलाई शुद्धीकरण र प्रशोधन अर्थात सुधार पश्चात मात्र खानेपानी प्रयोजनका लागि प्रयोग गर्ने अन्यथा सिंचाइ तथा जलउर्जा प्रयोजनको लागि प्रयोग गर्न सकिने देखिन्छ ।

### ३.२.४ स्रोतहरूको विद्यमान प्रयोग र उप-जलाधार क्षेत्रहरूमा सम्भावित उपयोगको आधारमा विश्लेषण

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा गुरुयोजनाको तथ्याङ्क सङ्कलन गर्दाको समय सम्ममा ६१४ स्रोतहरू मध्ये २६% (१५७) स्रोतहरू खानेपानी तथा सरसफाइको लागि प्रयोग भएको देखिन्छ । त्यसैगरी हाल यस नगरपालिकामा उपलब्ध स्रोतहरूमध्ये करीब ७२% (४४४) स्रोतहरू सिंचाइ तथा अन्य योजनाहरू जस्तै विद्युतीकरण, बहुउपयोगी, पानी घट्ट आदिमा करीब २% (१३) स्रोतहरू प्रयोगमा रहेको देखिन्छ । यस नगरपालिकामा हाल कुनै पनि स्रोतहरू प्रयोग बिहीन रहेको देखिन्दैन । तल तालिका १६ मा साथै चित्र-९ मा विद्यमान पानीका स्रोतहरूको उपयोगको विश्लेषण गरिएको छ भने उक्त मूलहरूको थप विस्तृत प्राविधिक तथा सामाजिक विवरण **अनुसूची नं. २** मा उल्लेख गरिएको छ ।




चित्र ९· पानीका स्रोतहरूको विद्यमान

**तालिका-१६: स्रोतहरूको विद्यमान**

| क्षेत्र | जम्मा स्रोत संख्या | |
|---|---|---|
| खानेपानीमा प्रयोग भएका | १५७ | २६% |
| सिंचाइमा प्रयोग भएका | ४४४ | ७२% |
| अन्य बहुउपयोगी योजनाहरूमा, प्रयोग भएका | १३ | २% |
| **जम्मा** | **६१४** | **१००%** |

### ३.२.५ विद्यमान अवस्थामा प्रयोग नभएको आधारमा स्रोतहरूको विश्लेषण

नगरपालिकामा गुरुयोजनाको तथ्याङ्क सङ्कलन गर्दाको समय सम्ममा कुनै पनि स्रोतहरू प्रयोग बिहीन अवस्थामा देखिन्दैन अर्थात हाल मापन गरिएका सबै स्रोतहरू कुनै न कुनै क्षेत्रगत योजनाहरूमा प्रयोग भइराखेको देखिन्छ ।

## ३.३ विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विद्यमान १५७ वटा खानेपानी योजनाहरूबाट ५०२३ घरधुरीहरू खानेपानी सेवा उपभोग गरी रहेका छन् । नगरपालिकामा जलउपयोग गुरुयोजना तयारीका क्रममा एक मात्र ठूलो आयोजना मजुवा बृहत खा.पा. निर्माणाधीन अवस्थामा रहेको छ । मजुवा बृहत खा.पा.बाट नगरपालिकाको खानेपानी समस्यालाई सामाधान गर्ने अवसर रहेको छ । निर्माणाधीन योजनाबाट १,२,३,४,५ र ८ नं. वडाका ३०० घरधुरीहरूमा खानेपानीको थप सेवा बिस्तार गर्ने लक्ष्य लिईएको छ ।

नगरपालिकामा विद्यमान रहेका १५७ खानेपानी योजनाहरू मध्ये ३४.१९ % योजनाले व्यवस्थित र सुरक्षित स्रोत प्रयोग गरेको सर्वेक्षणले देखाएको छ भने ६५.८१% योजनाहरूमा असुरक्षित स्रोत वा व्यवस्थित निर्माण नगरी प्रयोग भएका छन् । योजनाहरूको सञ्चालन अवस्थालाई विश्लेषण गर्दा ३४.१९% स्रोतहरूको व्यवस्थापन पक्ष राम्रो, ६५.८१% योजनाहरू अव्यवस्थित ढंगले सञ्चालनमा रहेका छन् भने कुनै पनि योजनाहरू सन्तोषजनक रूपमा सञ्चालन भएको पाईएन ।

विद्यमान खानेपानी योजनाहरूको अवस्था सम्बन्धी विवरण तालिका-१७ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण **अनुसूची-३को TA-२मा** उल्लेख गरिएको छ ।


**तालिका-१७: विद्यमान खानेपानी योजनाहरूको अवस्था विश्लेषण**[9]

[9] विद्यमान खानेपानी योजनाबाट केहि टोलका घरपरिवारहरूले एक भन्दा बढि योजनाबाट पानी उपयोग गरेको हुनाले सेवा क्षेत्रका लाभान्वित घरधुरीको सँख्या बढेको छ।

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | प्रयोग गरिएका श्रोत | | | सञ्चालन अवस्था | | | निर्माणाधीन योजना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थित योजना | अव्यवस्थित योजना | असुरक्षित श्रोत | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | संख्या | सेवा क्षेत्रका घरधुरी संख्या | |
| १ | ५७२ | ५ | १२ | ० | ५ | | १२ | १ | ३०० | मजुवा खा.पा.बाट १,२,३,४,५,८ |
| २ | ५८५ | ३ | १३ | ० | ३ | | १३ | | | |
| ३ | ४५६ | ४ | १० | ० | ४ | | १० | | | |
| ४ | ५८३ | ३ | ९ | ० | ३ | | ९ | | | |
| ५ | ७०८ | ६ | २४ | ० | ६ | | २४ | | | |
| ६ | ६२७ | ५ | १८ | ० | ५ | | १८ | | | |
| ७ | ५८८ | ८ | ९ | ० | ८ | | ९ | | | |
| ८ | ५६५ | २ | १७ | ० | २ | | १७ | | | |
| ९ | ५२० | ४ | ५ | ० | ४ | | ५ | | | |
| **जम्मा** | **५२०३** | **४०** | **११७** | **०** | **४०** | **०** | **११७** | **१** | **३००** | |

*स्रोतः जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## ३.३.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र




चित्र १०: विद्यमान खानेपानी सुबिधास्तर सम्बन्धी विश्लेषण

चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र हालसम्म सम्पन्न जम्मा १५७ वटा खानेपानी योजनाहरूबाट नगरक्षेत्रका ५२०३ घरधुरीले खानेपानी सेवा लिई राखेका छन् भने निर्माणाधीन योजनाबाट ३०० घरधुरीमा थप सेवा बिस्तार हुने लक्ष्य लिईएको छ । विद्यमान खानेपानी योजनाहरूबाट नगरपालिकाका ८२ टोलहरू लाभान्वित भएको जलउपयोग गुरुयोजनाको सर्वेक्षणले देखाउछ ।

तर लाभान्वित घरधुरीलेहरू मध्ये ६% सुविधा नभएका, ७९% सिमित सुविधा भएका, १५% आधारभूत सुविधा भएका तथा कुनै घरधुरीले व्यवस्थित र सुरक्षित खानेपानी सेवा उपभोग गरिरहेका देखिएन । नगरपालिकामा रहेका विद्यमान योजनाहरूको सेवाक्षेत्र सम्बन्धी विस्तृत विवरण **अनुसूची-३ मा** उल्लेख गरिएको छ ।

### ३.३.२ विद्यमान खानेपानी योजनाहरूको सञ्चालनको अवस्था

कुनै पनि योजनाको दिगोपनाको लागि प्राविधिक मापदण्ड आनुसार निर्माण गरिनु एवं नियमित मर्मत संभार व्यवस्थापन एउटा प्रमुख आधार हो । नगरपालिकामा रहेका विद्यमान खानेपानी योजनाहरूमा ४० वटा (२५%) योजनाहरूमात्र व्यवस्थित रुपमा निर्माण भएका पाईएको भने बाँकी ११७ (७५%) योजनाहरूमा संरचनागत अभाव, मर्मत संम्भार गर्नु पर्ने, पानी सुरक्षणका उपाय अवलम्बन गर्नु पर्ने अवस्था रहेको गुरुयोजनाको सर्वेक्षणले देखाएको छ ।

विद्यमान खानेपानी योजनाहरूमा अन्य व्यवस्थापकीय पक्षहरूको विश्लेषण गर्दा ४० वटा खानेपानी योजनाहरूमा उपभोक्ता समितिको बैठक नियमित नभएता पनि आवश्यकता अनुसार बस्ने गरेको पाईन्छ र मर्मत सम्भार व्यवस्थापन पनि केहि हदसम्म गरेको पाईन्छ । उपभोक्ता समितिहरूमा महिला जनजातिको पनि प्रतिनिधित्व भएको देखिन्छ । तर अन्य ११७ योजनाहरूको हकमा यी व्यवस्थापन सम्बन्धी कुराहरू उचित एवं सन्तोषजनक रूपमा भएको देखिन्न ।

तसर्थ, समष्टिगत रुपमा हेर्दा सबै खानेपानी योजनाहरू व्यवस्थापकीय तथा संस्थागत सयन्त्रको सकृयताका आधारमा कमजोर देखिएका छन् । नगरपालिकामा खानेपानी योजनाहरू विभिन्न समयमा ठूलै संख्यामा निर्माण गरिएका भए तापनि योजनाहरूको दिगोपना, पानी सुरक्षण प्रणालीको विकास र व्यवस्थित तवरले निर्माण हुन सकेको छैन । । विद्यमान खानेपानी योजनाहरूको सञ्चालन अवस्था सम्बन्धी विवरण अनुसूची ३ TA २ मा उल्लेख गरिएको छ, भने वडागत सारांश विवरण माथि तालिका १४ मा उल्लेख गरिएको छ । योजनाहरूको विस्तृत विवरण N-WASH MIS Dashboardमा समेत उपलब्ध रहेको छ ।

### ३.३.३ विद्यमान खानेपानी योजनाहरूको सुविधास्तरको अवस्था विश्लेषण

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा सञ्चालित विद्यमान १५७ योजनाहरूबाट नगर क्षेत्रका ६% घरधुरीहरू खानेपानीको आधारभूत सुविधा, ७९% घरधुरीहरू खानेपानीको सिमित सुविधा तथा १५% घरधुरीहरू खानेपानीको आधारभूत सुविधा सहितको सेवा प्राप्त गरिरहेका छन् । नगरमा सञ्चालित खानेपानी योजनाहरू मध्ये अधिकांश योजनाहरू व्यवस्थित रुपमा सञ्चालन नहुदा, संरचनाहरू अभाव तथा प्रणालीगत समस्याहरूले गर्दा ९४% जनसंख्या खानेपानी उपभोग गरे पनि सिमित सुविधाको मापदण्डमा रहेका छन् । नगरपालिका क्षेत्रमा अझै पनि करिब ६% जनसंख्या खानेपानी सुविधाबाट वञ्चित रहेको पाईन्छ।

नगरपालिकाको ७९% (४,३६८) जनसंख्यालाई आधारभूत सुविधास्तरमा पुर्याउनु पर्ने देखिन्छ भने बाँकी रहेका ६% (३३२) घरधुरीहरूलाई खानेपानीको सुविधा यथासिघ्र पुर्याउनु पर्ने भनी सरोकारवालाहरूले नगरपालिकामा सम्पन्न योजना तर्जुमा गोष्ठीको छलफलमा उठाएको छन् । नगरपालिकामा हाल सञ्चालनमा रहेका खानेपानी योजनाहरूको सुविधास्तरको आधारमा तल तालिका-१८ मा वडागत सुविधास्तरको (घरधुरी) सारांश विश्लेषण प्रस्तुत गरिएको छ ।

तालिका-१८: वडागत रुपमा खानेपानी योजनाहरूको सुविधास्तरको आधारमा विश्लेषण

| वडा न | जम्मा घरधुरी संख्या | सुविधास्तर वर्गीकरण (घरधुरी सख्या) | | | |
|---|---|---|---|---|---|
| | | सुविधा नभएका घरधुरी संख्या | सिमित सुविधा भएका | आधारभूत सुविधा भएका | सुरक्षित व्यवस्थापन सुविधा भएका |
| १ | ६०९ | ३७ | ५२६ | ४६ | ० |
| २ | ६२२ | ३७ | ५०४ | ८१ | ० |
| ३ | ४८५ | २९ | ३५९ | ९७ | ० |
| ४ | ६२० | ३७ | ५१९ | ६४ | ० |
| ५ | ७५३ | ४५ | ५६५ | १४३ | ० |
| ६ | ६६७ | ४० | ५४४ | ८३ | ० |
| ७ | ६२५ | ३८ | ४२५ | १६३ | ० |
| ८ | ६०१ | ३६ | ५१८ | ४७ | ० |
| ९ | ५५३ | ३३ | ४०९ | १११ | ० |
| **जम्मा** | **५५३५** | **३३२** | **४३६८** | **८३५** | **०** |
| **प्रतिशत** | | **६.००%** | **७८.९९%** | **१५.०९%** | **०%** |

*स्रोतः जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### ३.३.४ निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र विवरण

NWASH प्लान तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा सङ्कलन गरिएका तथ्याङ्कहरू विश्लेषण गर्दा चामुण्डाबिन्द्रासैनी नगरपालिकामा एक मात्र खानेपानि योजना "बृहत मझुवा खानेपानी योजना" निर्माणाधीन तथा सेवा बिस्तारको अवस्थामा रहेको पाइन्छ । निर्माणाधीन योजनाले नगरक्षेत्रका वडा नं. १, २, ३, ४, ५, र ८ का क्रमश: ७ वटा टोल, ६ वटा टोल, ६ वटा टोल, ८ वटा टोल, १४ वटा टोल र १२ वटा टोलहरूको ३०० घरधुरीहरूमा थप खानेपानी सेवा बिस्तार गर्ने लक्ष्य लिईएको छ ।

निर्माणाधीन खानेपानी योजनाहरूको संख्या, लाभान्वित हुने घरधुरी र जनसंख्याहरूको थप जानकारी **अनुसूची-६ (OS-1, OT-1) मा** राखिएको छ ।

## ३.४ विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१ बस्तीहरूको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

चामुण्डाबिन्द्रासैनी नगरपालिका खुला दिसामुक्त क्षेत्रको रुपमा घोषणा भएको छ । खुला दिसामुक्त भए पश्चात सरसफाइ अवस्थाको दिगोपनाका लागि भने नगरपालिकामा उल्लेख्य कार्य भएको पाईएन् । नगरपालिकामा गरिएको ५८५ घरधुरीहरूमा गरिएको NWASH[10] नमुना सर्वेक्षण अनुसार ८९.५७% घरधुरीहरूमा शौचालय भएको र १०.४३% घरधुरीहरूमा शौचालय नभएको भेटिएको छ । पालिकाको जम्मा घरधुरीहरू मध्ये ८८.०३% घरधुरीहरूमा सुधारिएको शौचालय भएको देखिन्छ । नगरपालिकाभित्र सर्वेक्षण गरिएका केही घरधुरीहरूमा सामाजिक कुरीतिहरू, अशिक्षा आदि कारणले महिनावारी भएको बेला महिलाहरूलाई शौचालय प्रयोग गर्न नदिने वा प्रयोग गर्न नसकिरहेको अवस्था छ । गुरुयोजना निर्माणका समय गरिएका लक्षित समुह भेटधाट र छलफल, महिलाहरूका लागि आयोजना गरिएको आत्मबल बृद्धी लगायतका क्षमता विकास तालिमहरूमा समेत सहभागीले महिनावारीका समय शौचालय

---

[10] NWASH मापदण्ड अनुसार नमुना सर्वेक्षण १०% घरधुरीमा गरिएको छ ।

प्रयोगमा सामाजिक कुरिती तथा सांस्कृतिक अन्धविश्वासले अप्ठ्याराहरू श्रृजना भएको बताएका थिए । सरसफाइका महत्वपूर्ण भागहरू अन्तर्गत भाँडासुकाउने चांग र फोहरर फाल्ने खाडलहरू व्यवस्थापनको सङ्कलित तथ्याङ्क विश्लेषण गर्दा २८.३८% घरधुरीहरूमा सो प्रकारका संरचनाहरू फेला परेका छन् । सरसफाइको नमुना सर्वेक्षणको अवस्था विश्लेषणको सारासं तलको तालिकामा र विस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ ।

**तालिका-१९ः घरायसी सरसफाइको अवस्था वडागत विवरण**[11]

| वडा नं. | घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | व्यवस्थित जुथ्यान भएका | च्यांग जुथ्यान भएका संख्या | दिसाजन्य लेदो व्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षित समय) |
| १ | ७६ | ६४ | ५५ | १८ | | २१ | १४ | छ | |
| २ | ६६ | ६३ | ६३ | ५१ | | १५ | २ | छ | |
| ३ | ५५ | ५० | ५० | २७ | | २१ | २ | छ | |
| ४ | ६७ | ४९ | ४९ | १८ | | १८ | ७ | छ | |
| ५ | ७१ | ६५ | ६५ | १३ | | २५ | १८ | छ | |
| ६ | ५६ | ५१ | ५१ | १६ | | ९ | ० | छ | |
| ७ | ६६ | ६१ | ६१ | ३६ | | ३० | १० | छ | |
| ८ | ७२ | ६८ | ६८ | २८ | | १७ | ११ | छ | |
| ९ | ५६ | ५३ | ५३ | २१ | | १० | ५ | छ | |
| **जम्मा** | **५८५** | **५२४** | **५१५** | **२२८** | **०** | **१६६** | **६९** | | |
| **प्रतिशत** | | **८५.५७%** | **८८.०३%** | **३८.९७%** | **०%** | **२८.३८%** | **११.९७%** | | |

*स्रोत: NWASH सर्वेक्षण, २०८० (नमुना तथ्याङ्क सङ्कलन)*

आगामी दिनहरूमा नगरपालिकामा घरायसी तथा ब्यक्तिगत सरसफाइका क्रियाकलापहरू र सचेतना लगायतका सामाजिक परिचालन गतिबिधीहरूमा नगरपालिका लगायत अन्य सरोकारवालहरूले प्राथमिकता दिनुपर्नेमा जोड हुनु पर्ने आवश्यकता देखिएको छ । नगरपालिकामा विद्यमान माथि उल्लेख गरिएका अवस्था र चुनौतिका बावजुद पनि नगरपालिकाको अग्रसरमा सम्पूर्ण वडाहरूले आआफ्नो वडालाई पूर्ण सरसफाइ उन्मोख क्षेत्र घोषणा गर्ने लक्ष राखेका छन् । नगरपालिकाले लिएको लक्ष्य प्राप्तिका लागि नगरका सम्पूर्ण वडाहरूले आआफ्नो वडामा सञ्चालन भइरहेका खानेपानी, सरसफाइ तथा स्वच्छता योजना सँगसंगै घरधुरीमा पूर्ण सरसफाइका ५+१ सूचकका रुपमा रहेका सुरक्षित चर्पीको नियमित प्रयोग, साबुन पानीले हात धुने बानी, सुरक्षित खानेपानीको प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा घर आँगन र सफा वातावरणको कार्यान्वयनका लागि सचेतना, पूर्वाधार र आनीबानी तथा व्यवहार परिवर्तनका लागि विविध कृयाकलापहरू सञ्चालन भैरहेको कुरा गुरुयोजना तयारीका क्रममा भएका छलफलहरूमा जानकारी दिएका थिए ।

## ३.४.२ विद्यालय तथा सार्वजनिकस्थलहरूको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका लागि विद्यालय तथा विद्यार्थीहरूलाई महत्वपूर्ण रुपमा लिने गरिन्छ । बालबालिकाहरूले सरसफाइ तथा स्वच्छता कायम गर्न

[11] NWASH सर्वेक्षणको क्रममा नगरपालिकाको कूल घरधुरिहरू मध्ये सबै वडा र बस्तीहरूबाट समानुपातिक वितरणको आधारमा नमुना सर्वेक्षण गरिएका घरधुरिको आधारमा प्राप्त तथ्यांक प्रस्तुत गरिएकोछ ।

र व्यवहार परिवर्तनका कुराहरू विद्यालयबाट सिक्ने हुँदा विद्यालयहरू परिवर्तनका लागि बाहक हुन । खुला दिसामुक्त अभियान, बालमैत्री स्थानीय निकायहरू घोषणाका बिगतका अभ्यासहरूले समेत विद्यालय स्वच्छता अभानमा थप टेवा पुर्याउछ । चामुण्डाबिन्द्रासैनी नगरपालिकाको विद्यालयहरूमा भएको खानेपानी तथा सरसफाइको अवस्थालाई संकलित गुरुयोजनाको तथ्याङ्कका आधारमा विश्लेषण गर्दा नगरपालिका भरीमा जम्मा ५१ वटा विद्यालयहरू रहेका मध्ये ३६ वटा (७०.५९%) विद्यालयहरूमा मात्र सुरक्षित खानेपानी, र ५१ वटा (१००%) विद्यालयहरूमा शौचालयको व्यवस्था भएको पाईएको छ । विद्यालयहरूमा साबुनपानीले हात धुने व्यवस्था २३ (४५.१०%) वटा विद्यालयहरूमा रहेको पाईएता पनि यसको दिगोपना र नियमितताका लागि रणनैतिक ढंगले थप प्रयासहरू गर्नु पर्ने आवश्यकता देखिएको छ । नगरपालिकाका रहेका सबै विद्यालयहरूमा शौचालयहरूको व्यवस्था भएको देखिएता पनि नेपाल सरकारको मापदण्ड अनुरुप विद्यार्थीको अनुपातमा आवश्यक पर्याप्त परिमाणमा शौचालयको कोठा र व्यवस्थापन भने कुनै पनि विद्यालयमा रहेको पाईदैन । नगरपालिका क्षेत्रका ७६.४७% विद्यालयहरूमा ठोस फोहोरको व्यवस्थापन गरिएको पाइएता पनि दिसाजन्य लेदोको व्यवस्थापन भने कुनै पनि विद्यालयहरूमा भएको पाईएन । साथै विद्यालयहरूमा सुरक्षित खानेपानी सुविधा सहित सबै विद्यालयहरूमा खानेपानी आपूर्तिको आवश्यकता रहेको जलउपयोग गुरुयोजना सर्वेक्षणले देखाएको छ । विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तालिका २० मा उल्लेख गरिएको छ ।

**तालिका-२०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था**

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएको संख्या | शौचालयको ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| नगरपालिका तथा वडाभित्र रहेका विद्यालयहरूको खानेपानी र सरसफाइको अवस्था | | | | | | | |
| विद्यालय | १ | ६ | ६ | ६ | ६ | ६ | ० |
| | २ | ४ | ४ | ४ | १ | २ | ० |
| | ३ | ७ | ५ | ७ | ३ | ५ | ० |
| | ४ | ५ | ३ | ५ | ० | ४ | ० |
| | ५ | ७ | ३ | ७ | २ | ७ | ० |
| | ६ | ६ | ५ | ६ | ३ | ४ | ० |
| | ७ | ५ | ३ | ५ | ३ | २ | ० |
| | ८ | ६ | ३ | ६ | २ | ५ | ० |
| | ९ | ५ | ४ | ५ | ३ | ४ | ० |
| **जम्मा** | | **५१** | **३६** | **५१** | **२३** | **३९** | **०** |
| **प्रतिशत** | | | **७०.५९%** | **१००%** | **४५.१०%** | **७६.४७** | **०%** |
| **नगरपालिका तथा वडाभित्र रहेका संस्थागत खानेपानी र सरसफाइको अवस्था** | | | | | | | |
| वडा कार्यालय | | **९** | **९** | **९** | **९** | ० | ० |
| नगरपालिका | | **१** | १ | १ | १ | ० | ० |
| **जम्मा** | | **१०** | **१२** | **१०** | **१०** | *स्रोत :NWASH सर्वेक्षण, २०८०* | |

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा जम्मा १६ वटा स्वास्थ्य संस्थाहरू रहेको देखिन्छ । जसमध्ये सबै १६ वटै संस्थाहरूमा शौचालय तथा साबुन पानीले हात धुने व्यवस्था रहेको छ भने १६ मध्ये १० वटा संस्थाहरूमा मात्रै खानेपानीको व्यवस्था रहेको देखिन्छ । यसै गरी १६ वटा संस्थाहरू मध्ये ८ वटा स्वास्थ्य संस्थाहरूमा मात्रै ठोस फोहोरको व्यवस्थापन भएको देखिन्छ । नगरपालिकामा अवस्थित कुनै पनि

स्वास्थ्य संस्थाहरूमा दिसाजन्य लेदो तथा तरल फोहोरको व्यवस्थापन गरेको पाईएन। स्वास्थ्य संस्थाहरूको सरसफाइ सम्बन्धी विवरण वडागत रुपमा तालिका-२१ मा दिइएको छ ।

**तालिका-२१: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था**

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएको | साबुन पानीले हात धुने व्यवस्था भएको | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएको | दिसाजन्य लेदो व्यवस्थापन भएको |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्था | १ | १ | छ | छ | छ | छ | छैन |
| | २ | १ | छ | छ | छ | छ | छैन |
| | ३ | १ | छ | छ | छ | छ | छैन |
| | ४ | १ | छ | छ | छ | छ | छैन |
| | ५ | २ | छ | छ | छ | छ | छैन |
| | ६ | ३ | छ | छ | छ | छ | छैन |
| | ७ | ३ | छ | छ | छ | छ | छैन |
| | ८ | २ | छ | छ | छ | छ | छैन |
| | ९ | २ | छ | छ | छ | छ | छैन |
| **जम्मा** | | **१६** | **१६** | **१६** | **१६** | **८** | **कुनैमा पनि छैन** |

*स्रोत :NWASH सर्वेक्षण, २०८०*

### ३.४.३ वातावरणीय सरसफाइको अवस्था

नगरपालिकामा खुल्ला दिसामुक्त घोषणा पश्चात पछिल्ला केहि वर्षहरूमा स्थानीय समुदायमा सरसफाइ र स्वच्छता सम्बन्धी चेतनाकोस्तरमा केहि विकास भई सरसफाइका अन्य सूचकमा पनि क्रमस विकास हुदै गइरहेका देख्न सकिन्छ । मानिसहरूको व्यवहारमा पनि क्रमिक रुपमा केहि परिवर्तन भइरहेको देखिन्छ । पानी पिउन मात्र नभएर सरसफाइका लागि त्यतिकै महत्वपूर्ण छ भन्ने कुराको समुदायहरूका परिवर्तित आनीबानीले देखाउदछ । कोभिड-१९ महामारीको असर र परिणामले समुदायमा साबुन पानीले हात धुने बानीको विकास हुनुका साथै व्यक्तिगत सरसफाइ समेत सचेतना भएको जलउपयोग सर्वेक्षणका क्रममा व्यक्त गरिएको थियो । खानेपानीको गुणस्तरलाई समेत समुदायहरूले सचेतताका साथ ग्रहण गरी स्थानीय बजारहरू, होटलहरू, सार्वजनिक संस्थाहरू र केहि घरधुरीले खानेपानीको शुद्धीकरणको लागि विभिन्न किसिमका पानी फिल्टरको प्रयोग गरेको देख्न सकिन्छ । नगरपालिकामा समुदायका बस्ती बनावट, घरहरूको निर्माण प्रकृती आदीले गर्दा मानिस र गाई वस्तु वस्ने गोठलाई छुट्टाछुटै व्यवस्थापन गर्न चुनौति रहेको छ । गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका छलफलमा स्थानीय सरकार, साझेदार संस्थाहरू लगायत स्थानीय समुदायहरूले जब सम्म खानेपानीको संरचनाहरूको निर्माण सँगसंगै सरसफाइलाई महत्व दिदैनन् तव सम्म संस्थागत तथा व्यक्तिगत सरसफाइको दिगोपनामा भने निकै नै मेहनत गर्नु पर्ने बिज्ञहरूको बुझाई रहेको छ ।

नगरक्षेत्रमा वातावरणीय सरसफाइलाई गुरुयोजनाको सर्वेक्षणका आधारमा विश्लेषण गर्दा नगरपालिकाका रणनैतिक महत्वाका क्षेत्रहरू जस्तै धार्मिक तथा पर्यटकीय स्थलहरू, बजार केन्द्रहरू, पालिका तथा वडा केन्द्र, मध्य पहाडी सडक क्षेत्र लगायतमा प्लाष्टिकजन्य ठोस फोहोर, दिसाजन्य फोहोर आदीले गर्दा वातावरण दुषित हुने सम्भावना रहेका छन् । हालसम्म नगर क्षेत्रमा सार्वजनिक स्थलहरूमा शौचालय निर्माण गरिएका छैनन् तर नगरपालिकाले वडा नं. ९ मा एउटा सार्वजनिक शौचालय बनाउने योजना बनाएको छ । नगरपालिकाका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरू जस्तै देवी मन्दिर,

चामुण्डा देवी मन्दिर, स्वामीकार्तिक मन्दिर, पंञ्चकोशी धार्मिकस्थल (पादुका, भैरबी मन्दिर, खापरथान मन्दिर र गडाखा कालिका मन्दिर) लगायतका क्षेत्रको वातावरणीय सरसफाइ प्रवर्द्धनका लागि खानेपानी आपूर्ति लगायत ठोस, तरल फोहोर व्यवस्थापन संरचना तथा आवश्यक शौचालयहरू निर्माण गर्नु पर्ने देखिन्छ ।

वातावरणीय सरसफाइका अन्य महत्वपूर्ण अंगहरू अन्तर्गत भाडासुकाउने चांग र फोहोर फाल्ने खाडलहरू व्यवस्थापन लगायत घरायसी तथा ब्यक्तिगत सरसफाइका कृयाकलापहरूलाई नगरपालिका लगायत अन्य सरकोकारवालहरूले टोल विकास समिति, युवा संञ्जाल, आमा समुह लगायत स्थानीय संघ -संस्था परिचालन गरी दिगो रुपमा कार्य गर्नु पर्ने गुरुयोजना अध्ययनले देखाएको छ ।

नगरपालिकाले एकातिर दिगो विकास लक्ष्यलाई ध्यानमा राख्दै राष्ट्रिय सरसफाइ गुरुयोजना २०११ ले मार्गनिर्देश गरे अनुसार पूर्ण सरसफाइ घोषणा गर्न र माथि परिच्छेद ३.४.१ मा उल्लेखित प्रतिबद्धता पुरा गर्न नगरपालिकामा पूर्ण सरसफाइ लगायत वातावरणीय सरसफाइ अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुका साथै नगरपालिकाले निर्माण गरेका स्वास्थ्य तथा सरसफाइ नीति २०७७, स्वच्छ र स्वस्थ वातावरण ऐनलाई अझ बढी प्रभावकारी ढंगबाट आवश्यकता अनुसार थप सुदृढ गर्दै प्रभावकारी कार्यान्वियन गर्नु पर्ने आवश्यकता रहेको गुरुयोजनाको अध्ययन र बिज्ञहरूले औल्याएका छन् ।

### ३.४.४ दिसाजन्य लेदो, ठोस फोहोर तथा फोहोरपानी व्यवस्थापनको विद्यमान अवस्था

दैनिक जीवन यापनका क्रममा मानिस र पशुका क्रियाकलापहरूले ठोस तथा लेदोजन्य फोहोर निस्किने गर्दछन् । यस्ता फोहोरहरूको उचित विसर्जन ग्रामीण क्षेत्रका नगरपालिकाहरूका लागि चुनौतिको रुपमा देखा परेको छ । यस नगरपालिकाले फोहोर मैला तथा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी कुनै ऐन नियम बनाएर कार्यान्वयनमा ल्याइ सकेको छैन ।

यस नगरपालिकाको अधिकांश भाग ग्रामीण क्षेत्र र थोरै भाग मात्र शहरउन्मुख क्षेत्रभित्र पर्दछ । यहाँ हाल सम्म त्यस्ता ठूला कारखानाहरू स्थापना भइ सकेका छैनन् तापनि नगर, टोल वस्तीस्तरमा धेरै प्रकारका फोहोरहरू जस्तै कृषिजन्य फोहोर, निर्माणजन्य फोहोर, घरायसी फोहोर, पशुजन्य र सिनो आदि पर्दछन् । यहाँका अधिकांश घरधुरीहरूले घरवाट निस्कने कुहिने खालका फोहोरलाई तथा गोठबाट निस्केको मललाई आफ्नै मलखाद तथा खाडल वनाइ कुहाएर मलको रुपमा र उपयुक्त समयमा खेतबारीमा लगेर प्रयोग गर्छन ।

नगरपालिकामा आगामी दिनमा बढ्न सक्ने बजार केन्द्रित जनसंख्याको चाप तथा ठोस फोहोरको व्यवस्थापनका लागि नगरपालिकाले ल्याण्डफिल साइट लगायतको निन्क्यौल र आवश्यक स्रोत जुटाउन आवश्यक देखिएको छ । युएसएआइडी कर्णाली जल परियोजनाको प्राविधिक सहयोगमा नगरपालिकाले शहरी सरसफाइ तथा स्वच्छता योजना बनाउने सोच राखेको छ भने छिमेकि दुल्लु नगरपालिका, नारायण नगरपालिकासँगको सहकार्यमा दिसाजन्य लेदो व्यवस्थापनका लागि समेत पहल कदमी गरेको छ । यसका साथै वातावरणीय सरसफाइ प्रवर्द्धन र दिगोपनाका लागि नगरपालिकाले बढ्दै गई रहेका बजार क्षेत्रहरूमा ठोस फोहोर सङ्कलन, ढुवानीको व्यवस्थापन गर्नुका साथै फोहोरहरूको घरधुरीबाट सङ्कलनकै समयमा बर्गीकरण हुनेगरी प्रयोग नै घटाउने (reduce), पुन: प्रयोग (reuse) र पुन:चक्रण (recycle) को लागि कार्यविधि तयार गरी लागु गर्नु पर्ने गुरुयोजना सर्वेक्षणको अध्ययनले सुझाएको छ ।

### ३.४.५ सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि आनीबानी तथा व्यवहार परिवर्तन

गुरुयोजना निर्माणका क्रममा सङ्कलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरूको आधारमा घर, परिवार, समुदाय तथा टोल, वडा तथा नगरपालिकास्तरमा निश्चित व्यवहारहरूको परिवर्तन जरुरी देखिएको छ । नगरपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्द्धनका लागि थप क्रियाकलापहरू सञ्चालन गर्न पर्ने आवश्यकता देखिन्छ ।

१) पानीको उत्पादनशील प्रयोग
२) स्रोत भू-संरक्षण, जलभण्डारण, जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापन
३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
४) वातावरणीय स्वच्छता
५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

**तालिका-२२: गतिविधि तथा सुझावहरू**

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धीकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | नगरपालिका , खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय, समुदाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा विभिन्न सूचनामूलक सामग्री |
| २ | वास (सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | नगरपालिका , खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमूलक सामग्री, विद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरू |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, समुदाय तथा नगरपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमूलक सामग्री, विद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरू |
| ४ | पानीको उत्पादनशील तथा बहु प्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, नगरपालिका , कृषक समूह तथा विकास साझेदारहरू | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमूलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू |

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, नगरपालिका तथा सार्वजनिक निकाय | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमूलक सामग्री, विद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरू |
| ६ | जलवायू अनुकूलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | नगरपालिका , विद्यालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरू तथा बैठकहरूमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमूलक सामग्री, विद्यालय तथा समुदाय स्तरीय प्रतियोगिताहरू, जोखम पूर्व सूचना प्रणाली |

## ३.५ विद्यमान सिंचाइ योजनाहरूको अवस्था विश्लेषण

### ३.५.१ विद्यमान सिंचाइ योजनाहरू र सेवाक्षेत्र

यस नगरपालिकाको कूल भु-भाग १७७,९५८ रोपनी (अर्थात ९०.६० बर्ग कि.मि.) रहेको छ । उक्त भु-भाग मध्ये खेतीयोग्य जमिनको भु-भाग करिव ३.७४% (अर्थात ६८,२८४ रोपनी / ३७४५ हेक्टर) रहेको छ[12]। नगरपालिकामा समुदायको जीविकोपार्जनको मुख्य स्रोत कृषी पेशा रहेकाले कृषी उत्पादनमा सिंचाइको महत्वपूर्ण योगदान रहेको छ । चामुण्डाबिन्द्रासैनी नगरपालिकामा कुलो सिंचाइ र लघु/अन्य सिंचाइ गरीस बिधमान जम्मा १६५ सिंचाइका योजनाहरू छन । हाल सम्म ८० वटा कुलो सिंचाइ योजनाहरू निर्माण भई सञ्चालनमा रहेको जलउपयोग गुरुयोजनाको सर्वेक्षणबाट प्राप्त भएको छ । नगरपालिकामा गुरुयोजनाको सर्वेक्षण अनुसार ८५ लघु सिंचाइ योजनाहरू रहेका छन् । विद्यमान सिंचाइ योजनाहरूबाट क्रमस: कुलो सिंचाइबाट १५,४२३ रोपानी तथा लघु सिंचाइबाट करीब ८,४०० रोपनी गरी जम्मा २३,८२३ रोपनी क्षेत्रफलमा सिंचाइ सुविधा पुगेको गुरुयोजनाको तथ्याङ्कको विश्लेषणबाट देखिएको छ । तालिका-२३ मा निर्माण भइ सञ्चालनमा रहेका तथा निर्माणाधीन सिंचाइ योजनाहरूको सारांश विवरण दिइएको छ भने बिस्तृत विवरण **अनुसूची-५ मा** प्रस्तुत गरिएको छ ।

**तालिका-२३: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा)**

| वडा नं. | विद्यमान सिंचाइ योजनाहरू | | | | | | निर्माणाधीन सिंचाइ योजनाहरू | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | | लघु/अन्य सिंचाइ | | | कुलो सिंचाइ | | लघु सिंचाइ | |
| | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | सञ्चालन अवस्था | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | सञ्चालन अवस्था | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) |
| १ | ९ | २८९५ | सबै सञ्चालन | ९ | ७६० | आशिक | | | | |


[12] स्रोतः चामुन्डा बिन्द्रासैनी नगरपालिकाको वस्तुगत विवरण ,(पार्श्वचित्र)२०७५

| वडा नं. | विद्यमान सिंचाइ योजनाहरू | | | | | | निर्माणाधीन सिंचाइ योजनाहरू | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | | लघु/अन्य सिंचाइ | | | कुलो सिंचाइ | | लघु सिंचाइ | |
| | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | सञ्चालन अवस्था | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | सञ्चालन अवस्था | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) |
| २ | ९ | ५५० | सबै सञ्चालन | ८ | ९०५ | आशिक | | | | |
| ३ | ३ | ५०० | ३ सञ्चालन | १३ | ९०० | आशिक | | | | |
| ४ | ८ | ३६८८ | सबै सञ्चालन | ५ | ४५० | आशिक | | | | |
| ५ | १३ | ११०० | ४ सञ्चालन | १४ | ८५० | आशिक | | | | |
| ६ | १४ | ३१६० | सबै सञ्चालन | १२ | १४२९ | आशिक | | | | |
| ७ | ४ | ७८० | आशिक सञ्चालन | ७ | ७९१ | आशिक | | | | |
| ८ | १२ | २१५० | सबै सञ्चालन | १० | ९१५ | आशिक | | | | |
| ९ | ८ | ६०० | | ७ | १४०० | आशिक | | | | |
| **जम्मा** | **८०** | **१५,४२३** | | **८५** | **८,४००** | | | | | |

*स्रोतजलउपयोग गुरुयोजना :, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### ३.५.२ विद्यमान सिंचाइ योजनाहरूको सञ्चालनको अवस्था[13]

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विद्यमान ८०. वटा कुलो सिंचाइ तथा ८५ वटा लघु सिंचाइ योजनाहरूको सञ्चालन तथा मर्मत सम्भारको अवस्थाको विश्लेषण गर्दा सबै योजनाहरूबाट हाल सिंचाइ सुविधा उपलब्ध भएको देखिन्छ । विद्यमान योजनाहरूको सामाजिक तथा प्राविधिक सर्वेक्षण अनुसार विद्यमान सिंचाइ योजनाहरूबाट ४६% (१०,३९४ रोपनी) क्षेत्रफलमा मौसमी सिंचाइ हुने तथा ५४% (१२,८८९ रोपनी) क्षेत्रफलमा वर्षभरी नै अर्थात बाह्रै महिना सिंचाइ सुविधा रहेको सर्वेक्षणले देखाएको छ । नगरपालिकामा विद्यमान रहेका सिंचाइ योजनाहरू मध्ये कुलो सिंचाइ तर्फ १९% योजनाहरूको सञ्चालन अवस्था सन्तोषजनक रहेको छ भने ८१% योजनाहरूको सञ्चालन पक्ष कमजोर रहेको छ भने लघु सिंचाइ योजनाहरू तर्फ २५% योजनाहरूको सञ्चालन अवस्था सन्तोषजनक रहेको छ भने ७५% योजनाहरूको सञ्चालन पक्ष कमजोर रहेको छ । सञ्चालनमा रहेका कुलो सिंचाइ मध्ये सवै कच्ची Lined Canal रहेका छन् भन्ने ५०% लघु सिंचाइ पक्कि रहेको छ । नगरपालिकामा विद्यमान सिंचाइ योजनाहरूको सारांश विवरण चित्र ११ तथा **अनुसूची-५ मा** उल्लेख गरिएको छ ।




चित्र ११ : सिंचाइ सुबिधा स्तर सम्बन्धी विश्लेषण

[13] विद्यमान योजनाहरूको विवरण अनुसूचीमा संचालनमा नरहेका/जिर्ण अवस्थाका सिंचाइ (परमपरागत तथा लघु) योजनाहरूको विवरण सहित जम्मा १७५ तथ्यांकहरू राखिएको छ ।

### ३.५.३ निर्माणाधीन सिंचाइ योजनाहरू र लक्षित सेवाक्षेत्र

चामुण्डाबिन्द्रासैनी नगरपालिकाको गुरुयोजना निर्माणका क्रममा सङ्कलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरूको आधारमा जम्मा ५ वटा योजनाहरू निर्माणधिन रहेको देखिन्छ, यद्यपि ती योजनाहरू यसै आर्थिक वर्षमा समापन गर्ने लक्ष्य रहेको छ ।

## ३.६ विद्यमान बहु-उपयोगी योजनाहरूको अवस्था विश्लेषण

### ३.६.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र

चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र धेरैवटा बहुउपयोगी योजनाहरू सञ्चालन गर्न सकिने संभावना रहेको छ । जसबाट यहाँका समुदायले निकैनै लाभ लिन सक्ने देखिन्छ । जलश्रोतका धेरै मुहानहरू रहेकोले सो सम्बन्धी योजना नगरपालिकाले प्राथमिकतामा राखेर भविश्यमा लाने लक्ष्य राखेको छ ।

### ३.६.२ विद्यमान योजनाहरूको सञ्चालनको अवस्था

चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र विधमान १२ बहुउपयोगी योजनाहरू रहेको छ । खानेपानी, सिंचाइ र सिंचाइ पोखरीको रुपमा ती योजनाहरू सञ्चालनमा छन् । प्राय: ती योजनाहरू आंशिक रुपमा चलेको देखिन्छ । योजनाहरूको विवरण तलको तालिकामा रहेको छ ।

तालिका- २४: वडागत रुपमा बहु-उपयोगी योजनाहरूको विवरण

| वडा न. | योजना संख्या | बहु उपयोगको क्षेत्र | लाभान्वित घरधुरी संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | खानेपानी | सिंचाइ | घट्ट | अन्य |
| १ | १ | थापागाउ | २०० | २०० | | |
| २ | १ | कागते | ४२ | ४२ | | |
| ३ | २ | ठूलोखोला जंगले ,भाटी मार्खेत | | ३४० | | |
| ४ | २ | काँडाधारा , खानिखोला | २१० | २१० | | |
| ५ | २ | चिउरूवा , वाहुनधारा | ७५० | ५०० | ३०० | |
| ६ | ३ | बुडा खोला, गडे खोला , जुगे खोला | २०५ | २०५ | | |
| ७ | १ | कुन्टा | २४४ | २२० | | |
| **जम्मा** | **१२** | | **१६५१** | **१७१७** | **३००** | **०** |

### ३.६.३ निर्माणाधीन योजनाहरू र लक्षित क्षेत्र

जलउपयोग गुरुयोजना निर्माणको क्रममा सङ्कलित तथ्याङ्क अनुसार यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा बहु-उपयोगी योजना निर्माणाधीन अवस्थामा नरहेको देखिन्छ ।

## ३.७ विद्यमान जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरूको अवस्था विश्लेषण

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०६७[14] अनुसार, नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले बृद्धि भएको देखिन्छ । नेपालले विश्वको कूल हरित ग्याँसको करिब ०.०२५५

[14] स्रोत :राष्ट्रिय जलवायु परिवर्तन नीति)२०७६,https://climate.mohp.gov.np(

मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम बृद्धिका कारण नेपाल अधिक रुपमा प्रभावित हुदै गइरहेको छ । हाल हरेक वर्ष जसो वार्षिक वर्षा चक्रमा हेरफेर, लामो समय सम्म खडेरी पर्ने, तथा तिब्र वर्षा हुने साथै पानी पर्ने समय र अवधिमा पनि परिवर्तन हुँदै गइरहेको छ । यस बाहेक विश्वभरि भइरहेको प्राकृतिक स्रोतहरू माथिको अतिदोहन, बढ्दो प्रदुषण र जलवायुमा परिरहेको त्यसको प्रत्यक्ष असरले गर्दा अतिवृष्टि, अनावृष्टि र त्यसबाट सिर्जित प्राकृतिक प्रकोपहरूको संख्या नेपालमा पनि बढ्दो छ ।

भौगोलिक हिसाबले चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्रभित्र प्राकृतिक प्रकोपका साथसाथै हाल आएर वातावरणीय प्रभाव अध्ययन बिना निर्माण गरिएका सडक लगायतका ठूला पूर्वाधार, भवन आचारसंहिताको पूर्ण पालना बिना निर्माण गरिने भवनहरू लगायतका निर्माण कार्यहरूले गर्दा मानव सिर्जित (Human Induced) विपद जोखिमको सम्भावना बढदै गएको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रको बिगत २० वर्षदेखिको तथ्याङ्क हेर्नेहो भने खप्तड क्षेत्र र आसपासका क्षेत्रहरू बढि भूकम्प आउने क्षेत्रको रुपमा देखिन्छ । यस कोणबाट हेर्ने हो भने यहाँ खुला स्थानहरूको अभाव, निर्मित संरचनाहरूको न्यून गुणस्तर, भौगोलिक बनावट आदिले विपद जोखिमको अत्यधिक सम्भावना रहेको गुरुयोजना निर्माणका क्रममा सरोकारवालाहरूले छलफल गरेका छन् ।

यसका साथै जलस्रोतहरूमा जलवायु परिवर्तन र मानव सिर्जित क्रियाकलापहरूले प्रत्यक्ष असर परिरहेको हुँदा पानीका मुहानहरू सुक्दै, हराउदै जाने र बाहिर निस्किने बाटो परिवर्तनन गर्दै गईरहेको हुँदा यसको प्रत्यक्ष असर समुदायको खानेपानी, सिंचाइ र जीविकोपार्जनमा पर्दै आइरहेको पानीका स्रोत मापन तथा सर्वेक्षणले देखाएको छ । सम्भावित विपद जोखिम व्यवस्थापन गर्न र जलवायु परिवर्तनका अनुकूलनका लागि नगरपालिका र सरोकारवालाहरूले आवश्यक नीति निर्माण, क्षमता विकास तथा जनचेतना सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा जोड दिनु पर्ने देखिन्छ ।

नगरपालिकामा प्राकृतिक प्रकोप रुपमा बिषेशगरी पहिरोको र नदी कटान जोखिम रहेको घटनाहरू बिगतमा पनि भएको कुरा गुरुयोजना सर्वेक्षणका क्रममा भएका छलफल र तथ्याङ्कबाट जानकारी प्राप्त भएको छ । नगरपालिका क्षेत्रका रामघाट, हाडेगैरा, भैरबी, भम्पे, घट्टेखोला, छाडे खोला, कड्ङगे खोला, बुढा खोला आदी क्षेत्रमा नदी कटान, डेब्रिस वहाव जस्ता जोखिमहरू रहन सक्ने गुरुयोजना सर्वेक्षणको अध्ययनले देखाएको छ ।


### ३.७.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र

यस्ता जोखिम तथा प्रकोपहरूको न्यूनीकरण गर्न र जलवायु परिवर्तन अनुकूलनका लागि नगरपालिकामा विभिन्न सहयोगी निकायहरूबाट केहि प्रयासहरू हुदै आइरहेका छन् । यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम व्यवस्थापन र वातावरण पर्यावरण तथा स्रोत संरक्षण सम्बन्धी १८ वटा योजनाहरू ५ वटा वडाहरू (२, ४, ५, ६, तथा ९) मा विद्यमान छन् । ती योजनाहरूलाई विभिन्न उप-क्षेत्रहरूमा बिभाजन गरेर हेर्दा ४ वटा जोखिम व्यवस्थापन सम्बन्धी, तथा १४ वटा स्रोत संरक्षण समबन्धी योजनाहरू छन् भने जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कुनै पनि योजनाहरू रहेको देखिन्दैन। बिस्तृत विवरण अनुसूची-५ मा दिइएको छ भने वडागत सारांश बिबरण तलको तालिका-२५ र चित्र -१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका- २५: वातावरण संरक्षणका योजनाहरूको वडागत विवरण**

| वडा न. | योजना संख्या | योजनाको प्रकार | | |
|---|---|---|---|---|
| | | जलवायु अनुकूलन | जोखिम व्यवस्थापन | स्रोत संरक्षण |
| १ | ० | | ० | ० |
| २ | २ | ० | ० | २ |
| ३ | ४ | | २ | २ |
| ४ | ० | | ० | ० |
| ५ | ८ | ० | १ | ७ |
| ६ | १ | | १ | ० |
| ७ | ० | ० | ० | ० |
| ८ | ० | | ० | ० |
| ९ | ३ | ० | ० | ३ |
| **जम्मा** | **१८** | **०** | **४** | **१४** |

*स्रोतजलउपयोग गुरुयोजना :, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*




चित्र १२: वातावरण/पर्यावरण क्षेत्रका योजना विश्लेषण

स्थानीयस्तरमा साधन स्रोतको कमी, संघ, प्रदेश र स्थानीय सरकारको अधिकारका क्षेत्र तथा सम्वन्धित विकास सम्वन्धित कार्यालयहरूको ग्रामीण क्षेत्रमा गरिने विकास निर्माण कार्यहरूमा समन्वय अभाव जस्ता कारणले नगरपालिकामा वातावरण पर्यावरण तथा स्रोत संरक्षणका यथेष्ट योजनाहरू सञ्चालन हुन सकेका छैनन्। यसकारण आगामी दिनहरूमा क्षेत्रगत योजना निर्माण गर्दा वातावरण, पर्यावरण तथा जलवायु अनुकूलन सम्बन्धी कृयाकलापहरू सरोकारवालाहरूसँगको समन्वयका लागि एक जल नीति र एक जल निर्देशन समितिको अगुवाईमा तल्लो तथा माथिल्लो तटीय क्षेत्रहरू बिचको सहकार्यमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ३.७.२ विद्यमान योजनाहरूको सञ्चालनको अवस्था

वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू मध्ये तटबन्ध तथा नदी/खोला नियन्त्रणका योजनाहरू त्यति दिगो भैरहेको देखिदैन । जलवायु परिवर्तनका असरले गर्दा वर्षातको समयमा अत्यधिक ठूलो पानी पर्ने र खोला तथा नदीहरूमा पानीको मात्रा अत्यधिक बढ्ने हुँदा तटबन्धहरू बगाउने गरेको, जसले गर्दा सञ्चालन तथा मर्मत सम्भारमा समस्या हुने गरेको छ । नगरपालिकामा सम्पन्न भएका योजनाहरू अन्तरनिकाय समन्वयको अभाव, एकद्वार प्रणाली अवम्बन गर्न नसकिएको, समग्र जलाधार तथा नदी प्रणालीमा परेको असरको अध्ययन बिना पटके योजना कार्यान्वयनमा आएकोले योजनाहरू प्रभावकारी हुन नसकेको सरोकारवालाहरूको बुझाई छ ।

### ३.७.३ निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र

यस नगरपालिकामा वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धी निर्माणाधीन अवस्थामा कुनै पनि योजनाहरू रहेको पाईएन ।

## ३.८ विद्यमान जल उर्जा योजनाहरूको अवस्था विश्लेषण

यस नगरपलिकामा जल उर्जा तथा अन्य क्षेत्रमा १५ वटा परम्परागत घट्टका योजनाहरू मात्रै विद्यमान छन् । यसको अलावा अरु कुनै जलउर्जा सम्बन्धी योजनाहरू विद्यमान देखिन्दैन । उक्त योजनाहरूको थप योजनागत विवरण **अनुसुचि नं. ५** मा बिस्तृत रुपमा उल्लेख गरिएको छ ।

### ३.७.१ विद्यमान योजनाहरू र सेवाक्षेत्र

विद्यमान जल उर्जाका १५ वटा परम्परागत पानी घट्टका योजनाहरू ९ वटा वडाहरू मध्ये वडा नं. १, २, ३ र ४ मा विद्यमान छन् । जल उर्जाका वडागत रुपमा योजनाहरूको सारांश विवरण तालिका-२६ र चित्र -१३ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण **अनुसूची-५** उल्लेख गरिएको छ ।


**तालिका-२६: वडागत योजना संख्या र लाभान्वित घरधुरीहरूको विवरण**

| वडा न | विद्यमान जलउर्जाका योजनाहरूको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | विधुतीकरण | | | | पानी घट्ट | |
| | पिको (१० KW सम्म ) | माइक्रो (१०-१०० KW सम्म) | मिनी (१०१ KW-२ MW) | हाइड्रो (२ MW भन्दा बढी) | परम्परागत | सुधारिएको |
| १ | ० | ० | ० | ० | ६ | ० |
| २ | ० | ० | ० | ० | ४ | ० |
| ३ | ० | ० | ० | ० | ४ | ० |
| ४ | ० | ० | ० | ० | १ | ० |
| ७ | ० | ० | ० | ० | ० | २ |
| **जम्मा** | **०** | **०** | **०** | **०** | **१५** | **२** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### ३.७.२ विद्यमान योजनाहरूको सञ्चालनको अवस्था[15]

नगरपालिकाका विद्यमान १५ परम्परागत पानी घट्टका योजनाहरू मध्ये सवै आंशिक रुपमा सञ्चालनमा छन् । आगामी दिनहरूमा यी वडाहरूमा योजनाहरूको दिगोपना, मर्मत सम्भार तथा संस्थागत विकासका कृयाकलापहरूलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ ।




चित्र १३: विद्यमान जलउर्जा क्षेत्रहरूको विश्लेषण

### ३.७.३ निर्माणाधीन योजनाहरू र लक्षित सेवाक्षेत्र

नगरपालिकामा जलउर्जा सम्बन्धी कुनै पनि योजनाहरू निर्माणाधीन अवस्थामा रहेका देखिएन।

## ३.८ जलस्रोतहरूको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र

चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र रामघाट, हाडेगैरा, भैरबी, भम्पे, घट्टेखोला, छाडे खोला, कड्ङगे खोला, बुढा खोला आदि लगायत खोला, नदी तथा पानीका मुहानहरू प्रशस्तै रहेको तर उचित व्यवस्थापन नहुनुका साथै निर्माण भएका खानेपानी तथा सरसफाइ, सिंचाइ लगायत बहुउपयोगिता सहितका पानी घट्ट जस्ता योजनाहरूको पनि दिगोरुपमा परिचालन र व्यवस्थापन सयन्त्र र रणनीति व्यवस्थापनको अभाव रहेको पाईन्छ। यस नगरपालिकाभित्र उपलब्ध पानीका स्रोतहरूको व्यवस्थित ढंगबाट प्रयोग र संस्थागत हिसाबले उपभोक्ता समितिहरूको क्षमता विकास गर्नुका साथै बहु-प्रयोग, दिगोप्रयोग र मर्मत सम्भार सम्बन्धी प्रबिधि विकासको लागि नगरपालिकाले नीतिगत रुपमा ल्याएको खण्डमा उपभोक्ताहरूको पनि संस्थागत विकास हुने देखिन्छ साथै जसले समग्रमा एकीकृत जलस्रोत व्यवस्थापन गर्न सघाउ पुऱ्याउने देखिन्छ । पानीका स्रोतहरूको संरक्षण र व्यवस्थापनका लागि मुहान, खोलानाला,

[15] अनुसूचीमा विद्यमान सुधारिएको र परम्परागत घट्ट तथा जलविद्युत योजनाहरूको मुख्य विवरण फारममा पालिकास्तरीय निर्णय अनुसार थप ८ वटा बन्द योजना गरी २३ वटा योजनाहरूको विवरण समावेश छ।

नदी लगायतको पानीका स्रोतहरूको संरक्षण र व्यवस्थापनका लागि विद्यमान नीति नियमको कार्यान्वयनका साथै थप रणनीतिहरू तयार गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । हाल नगरपालिकामा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६, विपद् पोर्टल सम्बन्धी कार्यविधि २०७८, स्वच्छ र स्वस्थ वातावरण ऐन, जलचर ऐन २०७८,लाई आवश्यकता अनुसार थप विशिष्टीकरण गरी जलश्रोत क्षेत्रको विकास, दिगोपना तथा विवेकपूर्ण उपयोग गर्न सकिन्छ । निर्माण भएका ऐन कानूनहरूको यथेष्ट कार्यान्वयन र आवश्यकतामा आधारित थप कानून निर्माण र कार्यान्वयनका साथै आम नागरिकहरूलाई चेतनामूलक कार्यक्रम सहित क्षेत्रगत क्षमता विकास गर्नु पर्ने समेत आवश्यकता रहेको छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि नगरपालिका तथा वडास्तरका संयन्त्रहरू जस्तैः खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूलाई सक्रिय बनाउने, एक जल निर्देशक समिति मार्फत विद्यमान अवस्थाकोआवश्यक समिक्षा गरी सहकार्यमा नीति तथा कार्यक्रम तथा कार्यान्वयन गर्ने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाई नै सक्रिय बनाउने र उनीहरूको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरी पर्यावरणको संरक्षणका साथै समुदायको जल, जंगल र जमिनसँग सम्बन्धित क्रियाकलापहरूको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरू प्राथमिकतामा रहनु आवश्यक हुन्छ । यसका साथै जलाधार क्षेत्रहरूको संरक्षण, वन तथा वातावरणको अति दोहन रोक्न सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता विकास तथा परिचालनमा थप जोड दिनु पर्ने आवश्यकता रहेको छ । गाउँपालिकाको हाता भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पूर्वाधारका कुनैपनि ठूला योजनाहरू निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय सर्वेक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था लागु गर्नु पर्ने आवश्यकता रहेको छ ।

## ३.९ जलस्रोतमा विवाद

नगरपालिकाको जलउपयोग गुरुयोजनाको तथ्याङ्क सङ्कलन गर्दा भएका छलफल, अवलोकन, बस्ती तथा वडा र नगरपालिकास्तरमा भएको अन्तरक्रियाको आधारमा प्रायस् धेरै जसो पानीसँग सम्बन्धित कार्यहरूका लागि मुहान, कुवा, र नदीरखोलाको पानीको प्रयोग भैरहेको हुदा घरायसी, सामुदायिक वा अन्तरपालिकास्तरमा विवादहरू रहेको पाईन्छ । जलउपयोग गुरुयोजना तयारीका समय गरिएका समुदाय केन्द्रित छलफलहरूबाट प्राप्त जानकारी अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित खानेपानीबाट वितरण हुने खानेपानीको गुणस्तर, परिमाण सम्बन्धी सामान्य विवादहरू आउने गरेका छन् । तुलनात्मक रुपमा छरिएको बस्ती रहेको हुँदा पानीको बाँडफाँड गर्दा र धाराहरू राख्दा दुरीको कारणले गर्दा कुनै समुदायमा घरायसीस्तरमा विवादहरू आउने गरेको पाईन्छ । यसका अतिरिक्त सामुदायिक वनहरूको प्रयोग, संरक्षित क्षेत्र मन्दिर, सार्वजनिक जग्गा आदि वरिपरिको जग्गा जमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति (व्यक्ति, समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरू हुने गरेको र सोको स्थानीयस्तरमै समाधान भईरहेको सरोकारवालाहरूले जानकारी दिएका छन् । जलउपयोग गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाट र अन्तक्रियाबाट प्राप्त जानकारी अनुसार केहि समुदायमा फरक जातजातिहरूको बसोबास रहेको अवस्थामा खानेपानीको स्रोत र धारा प्रयोगको बेला दलित र गैह्र दलित घरधुरी रसमुदायको बिचमा समय समयमा विवाद हुने गरेको छ । यस्तो विवादले त्यस्ता स्रोतहरूमा आधारित योजनाहरूको तर्जुमा र तिनको कार्यान्वयनमा नकारात्मक प्रभाव पार्दछ । यस्ता बिवादहरूलाई योजना तर्जुमा अगाडि नै निराकरण गर्न जरुरी हुन्छ । यसै कुरालाई मध्यनजर गरी स्रोतहरू पहिचान गर्ने क्रममा नै तिनिहरूको स्वामित्व तथा उपयोगलाई

लिएर विवाद भए नभएको एकीन गर्न यस चामुण्डाबिन्द्रासैनी नगरपालिका, सम्बन्धित वडा समिति तथा स्थानीय समुदायसँग विभिन्न चरणमा सघन छलफल गरिएको थियो । जल उपयोग गुरुयोजना तयारीकोक्रममा प्राविधिक एवं सामाजिक विश्लेषण गर्दा स्थानीय समुदायको सहयोगमा यस नगरपालिकामा कुल ६५४ वटा पानीका स्रोतहरूको पहिचान गरिएको थियो । स्रोत पहिचानको समयमा यी स्रोतहरू मध्ये २६ वटा स्रोतहरूमा समान्य विवाद रहेको देखिन्छ ।

योजनाहरूको कार्यान्वयन तथा उपयोग सम्बन्धमा भविश्यमा समेत कुनै विवाद सृजना नहोस भनेर योजनाहरू बनाउदा सहभागितात्मक योजना तर्जुमा प्रक्रियालाई ध्यान दिइ अवलम्बन गरिएको छ । भविश्यमा योजना निर्माण अथवा सञ्चालन गर्नको लागि मुहानमा हुने सक्ने विवादलाई समेत कम गर्न स्थानीय समुदायको सहयोग, सहभागितामा र स्थानीय जनप्रतिनिधिहरूको वडा तथा नगरपालिकास्तरीय योजना तर्जुमा कार्यकाशाला गोष्ठिस्तरमै व्यापक छलफल गरी प्रायजसो स्रोतहरू विवादरहित पार्ने प्रयास गरिएको थियो जस अन्तर्गत जलस्रोत ऐन कानूनका प्रावधानहरूलाई समेत ध्यानमा राखि योजना तर्जुमा प्रकृया सम्पन्न गरेर जलउपयोग गुरुयोजना तयार गरिएको छ ।

# अध्याय-४ : गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना

नेपालको संविधान २०७२को मौलिक हकले खण्ड धारा ३०मा स्वच्छ वातावरणको हक तथा धारा ३५मा स्वास्थ सम्बन्धी हक उल्लोख गरी नागरिकहरूको खानेपानी तथा सरसफाइ सम्बन्धी अधिकारलाई सुनिश्चित गर्न खोजेको देखिन्छ । नगरपालिकाले गुरुयोजना कार्यन्वयन गर्न स्थानीय समुदायको सहभागिता र , वातावरणीय प्रभावको अध्ययन गरिनुका साथै स्थानीय अर्थतन्त्रको समृद्धि, रोजगारका सम्भावनाहरू, उद्योग र व्यापारका विकल्पहरूलाई प्राथमिकताका साथ लाने निर्णय गरेको छ । त्यसै गरी दिगो विकास लक्ष्य बुदाँ नं. ६ ले पनि दिगो, स्वच्छ तथा धान्न सकिने खानेपानी सुविधाको उल्लेख गरी सवै सरोकारवाला निकायहरूको ध्यानाकर्षण गरेको छ नेपालको संविधान २०७२ ले स्थानीय सरकारको कार्यक्षेत्र निर्दिष्ट गरी संविधान तथा प्रचलित ऐन, कानून तथा नियमावलीहरूसँग नबाझिने गरी आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरू निर्माण गर्न सक्ने व्यवस्था गरेको छ ।

## ४.१ नगरपालिकाको दीर्घकालीन सोंच

**"चामुण्डाबिन्द्रासैनी नगरपालिकाको पहिचान ऐतिहासिक पुरातात्विक एवं सांस्कृतिक सम्पदाको संरक्षण र विकास हाम्रो अभियान"**

गुरुयोजनाको अध्यावधिकको कम्रमा अयोजित नगरस्तरीय तर्जुमा गोष्ठिमा *"घर घरमा धारा चामुण्डाबिन्द्रासैनीको नारा, संरक्षित र सुरक्षित खानेपानी तथा जलस्रोत व्यवस्थापन हाम्रो अभिभारा"* भन्ने दिर्घकालीन सोंचका साथ नगरपालिकामा उपलब्ध जलस्रोतको उच्चतम प्रयोग र जलवायु परिर्वतनको प्रतिकुल प्रभावबाट बच्न एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्तलाई आत्मसात गर्दै वातावरण पर्यावरण र दिगो विकासको अवधारणा लैङ्गिग समावेशीकरण तथा गरिबी र जनसहभागितालाई अवलम्बन गरी जलउपयोग गुरुयोजनाको कार्यान्वयन गर्दै समृद्ध चामुण्डाबिन्द्रासैनी निर्माण गर्ने सोंच तय गरिएको छ ।

## ४.२ लक्ष्य

नगरपालिकाले नगरपालिकामा उपलब्ध जलस्रोतको पहिचान, संरक्षण र दिगो प्रयोग मार्फत खानेपानी, सरसफाइ, सिंचाइ, जल उर्जा र वातावरण तथा पर्यावरणको क्षेत्रमा सुधार गरी नगरबासीका समग्र सामाजिक तथा आर्थिक समृद्धिमा प्रत्यक्ष योगदान गर्ने लक्ष्य राखेको छ ।

## ४.३ उद्देश्य

समृद्ध चामुण्डाविन्द्रासैनीको निर्माणको लक्ष्य प्राप्तिका लागि नगरपालिकाबासीलाई खानेपानी, सरसफाइ तथा स्वच्छता, जीविकोपार्जन, आयमूलक क्रियाकलापहरू तथा धार्मिक एवम् सामाजिक प्रयोजनका लागि आवश्यक पानीको दिगो एवम् समतामूलक आपूर्ति सुनिश्चत गर्नु हो । यसका अन्य बिशिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन्

- नगरपालिकामा रहेका जलस्रोतहरूको पहिचान र मापन गर्ने,
- नगरपालिकामा जलस्रोतमा आधारित खानेपानी, सरसफाइ, सिंचाइ, उर्जा पर्यावरण संरक्षणको क्षेत्रमा हालसम्म निर्माण भएका सबै योजनाहरू र तिनको हालको कार्यसञ्चालनको अवस्था सम्बन्धी विवरण सङ्कलन गर्ने,

- उपलब्ध जलस्रोतको दिगो तथा बहुआयामिक उपयोग कार्ययोजनाहरू तर्जुमा गर्ने र भविश्यमा उपलव्ध हुन सक्ने वित्तीय स्रोतको प्रक्षेपण गरी त्यसकै आधारमा योजनाहरू कार्यान्वयनका लागि प्राथमिकीकरण गर्ने,
- जलवायु परिवर्तन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन जस्ता विषयमा जनचेतना जगाउने
- नगरपालिकाको पूर्ण सरसफाइ अभियानमा प्रत्यक्ष सहयोग गर्ने
- विविध चेतनामूलक कार्यक्रम तथा आवश्यक प्रयोगकर्तामैत्री भौतिक पूर्वाधारको विकास गरी नगरपालिकालाई पूर्ण सरसफाइ क्षेत्र घोषण गर्ने,
- खानेपानी, सरसफाइ तथा जलस्रोतका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरू बिच समन्वय र सहकार्य अभिबृद्धि गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई हरेक क्षेत्रमा मुलप्रवाहिकरण गर्ने ।

## ४.४ जलउपयोग गुरुयोजना रणनीति

- "नगर बस्ती हरियाली, नगर हराभरा, सफा स्वच्छ बहुउपयोगी पानी घरघरमा धारा" भन्ने मूल नाराको मर्म अनुसार नगरपालिकामा बसोबास गर्ने जनसख्याको लागि आधारभूतस्तरको खानेपानी तथा सरसफाइको लागि भौतिक पूर्वाधार निर्माण गर्ने ।
- निर्माण सम्पन्न भइसकेका खानेपानी तथा सरसफाइ योजनाहरूलाई सूचारुपना ल्याइ दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्थापन गर्ने तथा प्रत्येक घरधुरीमा मिटर जडान गर्ने र योजनालाई चुस्त दुरुस्त राख्ने उपभोक्ता समितिलाई पुरस्कारको व्यवस्था सहितको प्रणाली विकास गर्ने ।
- नगरभित्रका सम्पन्न तथा निर्माणाधीन खानेपानी तथा सरसफाइ योजनाहरूका उपभोक्ता समितिहरूको क्षमता अभिबृद्धि गर्दै पानी सुरक्षा योजना लागु गर्ने ।
- पानीको गुणस्तर सुनिश्चत गर्न विभिन्न सहयोगी संस्थाहरूबाट नगरभित्र स्थापित पानी परिक्षण प्रयोगशालाको स्थापनाको लागि सरकोरवाला संघ संस्थाहरूसँग सह लगानीको लागि सहकार्य गर्ने ।
- नगरभित्रका योजनाहरूको दिगोपनाका लागि नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम प्राप्त एकल अधिकार तथा साझा अधिकारहरूको प्रयोग र अभ्यास सुव्यवस्थित एवं समन्वयात्मक रुपमा गर्न आवश्यक नीति, कानून, कार्यबिधी, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गर्ने ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिका पूर्ण सरसफाइयुक्त उन्मुख घोषणा भइ सकेका वडाहरूमा एक सशक्त अनुगमन समिति/सयन्त्र मार्फत गरी नियमित अनुगमन व्यवस्था मिलाउने साथै कार्यान्वयन अवस्थाका आधारमा पुरुस्कार र दण्ड सजाय प्रावधानहरू समुदाय तथा समुदायमा आधरित संस्थाहरूको अगुवाईमा लागु गर्ने ।
- चामुण्डाबिन्द्रासैनी नगरपालिकाका पूर्ण सरसफाइयुक्त उन्मुख घोषणा भइ सकेका वडाहरूमा एक सशक्त अनुगमन समिति गठन गरी नियमित अनुगमन परिपाटी मिलाउने र नराम्रो गर्नेलाई दण्ड सजाय तथा राम्रो गर्नेलाई पुरस्कारको व्यवस्था गर्ने । साथै अन्य बाँकी रहेका वडाहरूलाई क्रमश पूर्ण सरसफाइयुक्त उन्मुख घोषणा गर्दै जाने ।
- नगरपालिकामा खानेपानी, सरसफाइ र समग्र जलस्रोत क्षेत्रको विकासको लागि संघ र प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायहरूसँग सह लगानीको लागि सहकार्य गर्ने ।

- यस नगरपालिकामा रहेका सबै उपभोक्ता समितिहरूलाई दर्ता गर्न लगाउने । दर्ता भएका समितिहरूलाई मात्र आगामी दिनमा सहयोग उपलब्ध गराउने ।
- हाल पहाडहरूको भौगोलिक अवस्थामा हुने असरको अध्ययन नगरी जथाभावी रुपमा बाटो बनाउने कारणले भूमिगत पानीको सतह सर्दै गएको छ । त्यसका साथै वनको विनास भइ पानीको स्रोतहरूमा ह्रास हुन गएकाले सोबाट बचाउन स्रोत संरक्षणको लागि पानीको पुनर्धारण, पुनर्भरण तथा पुनः प्रयोग (3R) प्रविधिको बारेमा समुदायस्तरमा सचेतना क्रियाकलापहरू सञ्चालन गर्ने ।
- खानेपानी वितरणलाई व्यवस्थित रुपमा सञ्चालन मर्मत संभार तथा अनुगमन गर्न खानेपानी बोर्ड छाता सँगठनको रुपमा गठन गर्ने ।
- सरसफाइ तथा स्वच्छता, व्यवहार परिवर्तन, महिनावारी व्यवस्थापन सम्बनधी क्रियाकलापहरू विभिन्न संघ संस्थाहरूसँगको सहकार्य तथा साझेदारीमा सञ्चालन गर्ने ।
- दिगो रुपमा दिसाजन्य फोहोर व्यवस्थापन गर्न नारायण नगरपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका, अन्य पालिकाहरू तथा सरपकारालाहरूसँगको सहकार्य तथा सहलगानीमा निर्माण तथा सञ्चालन गर्ने ।
- नगरपालिकामा मुहान तथा उपभोक्ता समितिहरूको दर्ता अनिवार्य गर्ने र तिनको लगत राख्ने । पानीको गुणस्तर सुनिश्चत गर्न विभिन्न सहयोगी संस्थाहरूबाट गाउँभित्र स्थापित पानी परिक्षण प्रयोगशालाको स्थापनाको लागि सरकोरवाला संघ संस्थाहरूसँग सह लगानीको लागि सहकार्य गर्ने
- उपभोक्ता समितिको वार्षिक साधारण सभा, पुर्नगठन, नियमित बैठक, लेखा परीक्षणलाई अनिवार्य गर्ने ।
- यस गुरुयोजना अन्तर्गत निर्माण गरिने सबै योजनाहरूमा साार्वजनिक सुनवाई, समिक्षा र सार्वजनिक परीक्षण गर्ने उपभोक्ता समितिहरूको कार्य सम्पादनलाई प्रभावकारी रुपमा अनुगमन गरी दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने ।
- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको सबै प्रकृयामा पारदर्शिता, जवाफदेहिता, र सहभागिता सुनिश्चित गर्ने । यसका लागि उपलब्ध बजेट वा सम्बन्धित सबैलाई जानकारी गराउने, निर्णय प्रकृयामा सबै सरोकारवालाहरूलाई सहभागी गराउने आफुले ओगटेको पद वा जिम्मेवारी अनुरुपको कार्य सम्पादनका लागि सम्बन्धित व्यक्ति वा निकायलाई जवाफदेही बनाउने ।
- विपन्न परिवारलाई खानेपानीमा सहज रुपमा पहुँच पुर्याउन अनुदान वा निशुल्क वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने ।

नगरपालिकाको दीर्घकालीन विकास योजनाको अवधारणाभित्र बसी नगरपालिकाले आफ्नो जलउपयोग गुरुयोजनाको समीक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधीहरू लगायत विद्यमान सरोकारवालाहरूको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार तथा नगरपालिकाका बस्तीहरूको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरूको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । नगरपालिकाले हाललाई पञ्चवर्षीय (आ.ब. २०८०/८१ देखि २०८५/८६) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरू निर्माण गरी गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ ।

## ४.५. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई सन् १९९२ मा संयुक्त राष्ट्र संघको रियो डे जेनेरियोमा सम्पन्न “वातावरण तथा विकास” विषयक सम्मेलनबाट पारित “एजेन्डा–२१”मा समेत अनुमोदन गरिएको हो । एकीकृत जलस्रोत व्यवस्थापनका प्रस्तुत अवधारणाहरू यस पूर्व नै “डब्लीन सम्मेलन”बाट पारित सिद्धान्तहरूमा आधारित छन् । जलाधार तथा उपजलाधारको हिसावले चामुण्डाबिन्द्रासैनी नगरपालिका समग्रमा कर्णाली जलाधार क्षेत्रमा अवस्थित छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा मुख्यजलाधार क्षेत्रको रुपमा रहेको कर्णाली नदी र मध्य कर्णाली उपलजाधारको रुपमा रहेको छ । चामुण्डाबिन्द्रासैनी नगरपालिकामा प्राय सवै जसो नदी (रामघाट खोला, गडाजुला, ढापखोला, वलमपुर, खापड खोला, मानमा खोला, अधेरी, सिसनेरी, काउले, लामिडाडा, पादुका खोला, पादुका खोला, साङगेतडा) तथा जलाधार क्षेत्रहरूको नजिकै वरिपरी मानिसको वस्ती रहेको पाईन्छ । नगरपालिकामा समुदायका मानिसहरूले जीविकोर्पाजनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरू जस्तै सिंचाइ, माछापालन आदिका लागि जलाधार तथा उप-जलाधार क्षेत्रहरूमा निर्भर हुदै आएका छन् । जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका समुदायहरूको जीविकोपार्जन र त्यस्तो क्षेत्रमा उपलव्ध हुदै आएको प्राकृतिक स्रोतहरूको विचमा गहिरो सम्बन्ध रहेको हुन्छ । खानेपानी तथा सरसफाइमा पहुँचलाई संयुक्त राष्ट्रसंघले आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको र नेपालको संविधानले समेत आधारभूत मानव अधिकारको रूपमा आत्मसात गरेकोले यस नगरपालिकाले खानेपानी तथा सरसफाइलाई आधारभूत अधिकारको रूपमा सेवा विकास गर्ने नीति लिएको छ । यसको लागि चामुण्डाबिन्द्रासैनी नगरपालिकाले जलाधार क्षेत्रमा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जलउपयोग गुरुयोजना लागु गरी समग्र पर्यावरणको दिगोपनमा संझौता नगरिकन समन्यायिक तवरले आर्थिक सामाजिक लगायत जल-, जमिन तथा सम्बद्ध स्रोत साधनहरूको समन्वयात्मक विकास तथा व्यवस्थापन गर्ने नीति लिएको छ । उक्त नीतिलाई परिपूर्ति गर्न नगरपालिकाले विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६, विपद् पोर्टल सम्बन्धी कार्यविधि २०७८, जलचर ऐन २०७८, जस्ता रणनैतिक योजनाहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

यसको लागि चामुण्डाबिन्द्रासैनी नगरपालिकाले जलउपयोग गुरुयोजनालाई एक औजारको रुपमा अवलम्बन गरेको छ । एकीकृत जलस्रोत व्यवस्थापनका डब्लिन सिद्धान्तहरू तथा जलस्रोतको उपयोग एवं जलस्रोतहरूको संरक्षणका लागि बनेका जलस्रोत सम्बन्धी नेपाल सरकारका ऐन, कानून, नीति एवं योजनाहरूको परिपालना गरेको छ । यसको साथै एकीकृत जलस्रोत व्यवस्थापनलाई यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले आफ्नो पालिकामा मात्र जलउपयोग गुरुयोजनालाई सिमित नराखिकन समग्र जलाधार क्षेत्रको व्यवस्थापन हुने गरी यसको प्रवर्द्धन गर्ने नीति लिदैं यस नगरपालिकाले एकीकृत जलस्रोत व्यवस्थापनलाई जलउपयोग गुरुयोजनाको लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न तपसिल अनुसार नीति नियमको तर्जुमा तर्फ ध्यान दिनु पर्ने आवश्यकता रहेको छ ।

- एकीकृत जलस्रोत व्यवस्थापन एउटा व्यवस्थित प्रक्रिया हो जसले सबै तहमा उपभोक्ताहरू, नीति निर्माता, योजनाविदको सहभागिताको सुनिश्चितता गर्दै जलस्रोत, जमिन र स्रोतहरूको व्यवस्थापनलाई जोड दिएको हुन्छ । साथै यसले वातावरण संरक्षण, आर्थिक र सामाजिक विकासलाई सहयोग गर्छ ।

- एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणाले जलस्रोतका विभिन्न क्षेत्रहरूलाई अलग–अलग दृष्टिकोणबाट नभई एकीकृत रुपमा विकास गर्न मद्दत गर्दछ ।
- यसले खासगरी निश्चित क्षेत्रको भूगोल र त्यस भित्रका पानीका स्रोतहरूलाई विभिन्न क्षेत्रहरू जस्तैः खानेपानी, सिंचाइ, वातावरण तथा पर्यावरण र जलविद्युत आदि सँगसँगै र एक अर्कालाई सहयोग पुर्याउदै स्थानीय तहमा आर्थिक, सामाजिक, वातावरणीय पक्षहरूको दिगो विकास र व्यवस्थापन गर्नमा जोड दिन्छ ।
- नगरपालिकामा उपलब्ध जलस्रोतको एकीकृत व्यवस्थापन गर्दै जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट वच्न र पालिकावासीको सामाजिक तथा आर्थिक जिवनस्तरमा योगदान पुर्याउँन यस गुरुयोजनाको महत्वपूर्ण योगदान हुने यस पालिकाले विश्वाश लिएको छ ।
- यसले स्थानीयस्तरमा मात्रै नभई समग्र जलाधार क्षेत्रको पानीको पर्याप्तता, पानीको सही सदुपयोग, प्रदुषणरहित, पुनः प्रयोग तथा नदी कटान, भुक्षय, पहिरो रोकथाम, बृक्षारोपण, स्रोत संरक्षण र पानीका मुलहरूलाई जीवन्त बनाएर दिगो बनाईलाईपानीको आवश्यकतालाई सुनिश्चित गर्दै जलस्रोतहरूको व्यवस्थापन गर्नमा तथा जलाधार क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्रमा सम्मुनत विकास गर्न महत्वपूर्ण योगदान दिन्छ।

त्यसैले, यस एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणा र सिद्धान्तहरूको प्रवर्द्धन र तिनको व्यवहारिक प्रयोगमा विश्वव्यापीकरणसँग यसको उपादेयता जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम व्यवस्थापन गर्न समेत बढ्दै गएको छ । जलाधारक्षेत्र व्यवस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापनको महत्वलाई पालिकाका सन्दर्भमा देहाय अनुसार उपयोग गर्न सकिने पालिका स्तरमा भइका छलफलबाट निऱ्यौल गरिएको थियो।

- पालिका तथा यस जलाधार क्षेत्रहरूमा उपलब्ध जलस्रोतहरू पहिचान र संरक्षण गरी तिनिहरूको संरक्षण, उपलब्धता, मौजुदा उपयोग तथा सम्भावित उपयोगको आंकलन गर्ने,
- जलाधार क्षेत्रभित्रको जलस्रोतको उपयोगका क्षेत्र तथा योजनाहरूको प्राथमिकिकरण गर्ने र कार्यान्वयनको लागि दीर्घकालीन लगानी प्राप्त गर्न संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थामा पहल गर्ने,
- एकीकृत जलस्रोत व्यवस्थापन मार्फत योजना तर्जुमा गर्ने र योजना तर्जुमा नीति निर्माण र , कार्यान्वयनमा सबैको सहभागिताको लागि पहल गर्ने,
- जलाधार क्षेत्रभित्रका रहेका पानीका स्रोतको बहुउपयोगीता ,विवेकपूर्ण उपयोग तथा उत्पादनशील प्रयोगमा उच्चतम प्रयोग गर्दै साना तथा लघु जलविद्युत उत्पादन गरी पालिकाका सबै घरपरिवारमा विद्युत सेवामा पहुच सुनिश्चित गर्ने,
- जलवायु परिवर्तनले पारेको तथा पार्न सक्ने प्रभावहरूको पहिचान गरी सम्भावित जोखिमबाट सुरक्षित रहन स्थानीय अनुकूलनका उपायहरू अवलम्बन गरी जलवायु परिवर्तनका दूष्परिणामबाट बच्न सरोकारवालाहरूको क्षमता विकास गर्दै ठोस कार्यान्वयनमा जोड दिने ।
- पानीको पुनर्भरण, पुनर्धारण र पुनर्प्रयोग लगायत समुदायका मौलिक सिपहरूको उपयोग मार्फत पानीका स्रोतहरूको संरक्षण गर्दै जलवायु परिवर्तन अनुकूलन र जोखिम व्यवस्थापनका लागि नीति तर्जुमा गर्ने ।
- जलाधार क्षेत्रभित्रको जलस्रोत व्यवस्थापन गर्न स्थानीयको तथा सरोकारवालाहरूको संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

- जलाधार क्षेत्रवासीहरूलाई 'एक घर एक धारा' अवधारणामा आधारित भई आधारभूत तथा स्वच्छ व्यवस्थापन सहितकोस्तरको खानेपानी उपलब्ध गराउने ।

समग्रमा एकीकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र बिवेकपूर्ण विकास गर्न ,जलाधार क्षेत्रभित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरूलाई एकीकृत एवं दिगोरुपमा विकास गरी गरिबी न्यूनीकरण गर्न नगरपालिकाको वार्षिक योजना तर्जुमा सरोकारवाला साझेदारहरू, समुदाय र जनप्रतिनिधीहरूले ठोस योजना निर्माण गरी कार्यान्यन गर्नु पर्ने आवश्यकता रहेको र त्यसका लागि सबैको सहकार्य, साझेदारी र प्रतिबद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरूमा सरोकारवालाहरूको धारणा रहेको छ । एकीकृत जलस्रोत व्यवस्थापनका लागि विभिन्न क्रियाकलापहरू योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरूले नगरकार्यपालिकामा सिफारिस गरी गुरुयोजनामा प्राथमिकिकरण सहित समावेश गरेका छन् ।

## ४.६ एक जल नीति तथा अवधारणा

एक जल नीति स्थानीयस्तरमा जलस्रोतहरूको व्यवस्थापन गर्ने एकिकृत तथा समष्टिगत प्रारुप रहेको छ । यो पानीको व्यापक, दिगो तथा बहुउपयोग गर्ने नविनतम अवधारणा हो । यो पानीको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग तथा जलचक्रको महत्व तथा मुल्यलाइ आत्मसाथ गर्दै जल उत्पन्न प्रकोप न्यूनीकरण, पानीको गुणस्तर सुधार गर्ने अवधारणाको रुपमा युएसएआइडी कर्णाली जल परियोजनाले स्थानीयस्तरमा आवश्यक सहजिकरण र प्राबिधिक सहयोग सहित अवलम्बन गर्न लागेको हो । पानीको समतामूलक वितरण, आर्थिक तथा वातावरणीय सन्तुलन, सामाजिक मागको पूर्ति तथा जल सुरक्षणका लागि सामुहिक कार्यको अवधारणाको रुपमा एक जल नीतिलाई लिन सकिन्छ। पानीको वितरण, पानीको भूस्वरुप, खडेरी, जलवायू परिवर्तन, जनसंख्या बृद्धी, आर्थिक प्रणाली जस्ता सवालसँग संम्बन्धित रहेर गरिने दिगो प्रयास एक जल नीतिले समेटेको छ । एक जल नीति अन्तर्गत पानीको मुल देखि धारा हुदै जलाधार क्षेत्रमा उपलब्ध सवै किसिमका पानीका स्रोतहरू जस्तै सतह जल, भूमिगत जल, वर्षातको पानी तथा फोहर पानीको वातावरणीय, पर्यावरणीय सन्तुलन तथा सवै तहमा सुशासन कार्यान्वयन समेत प्राथमिकतामा रहेको छ । जलस्रोतमा संलग्न सवै साझेदारहरूको पहिचान गर्दै पानीको दिगोपना र सुरक्षित भविश्य कायम गर्न सकिन्छ साथै राजनैतिक तथा प्रशासनिक सिमानाको कारणले उत्पन्न हुन सक्ने जलस्रोत विवादहरूलाई दिगो व्यवस्थापन गर्न यो बलियो औजार हुन सक्छ । तसर्थ, यो अवधारणाले समस्त पानीसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू एक ठाउँमा ल्याएर समस्या र जोखिम सम्बन्धी छलफल गरेर आवश्यक प्रारुप तयार गरी योजनाबद्ध तरिकाले जलाधारक्षेत्र विकास र यसको दिगोपनामा मद्दत पुरयाउने बिज्ञहरूको बुझाई रहेको छ ।

एक जल अवधारणले मुख्य रुपमा तपसिलका अवधारणाहरूलाई आत्मसात गरेको हुन्छ ।

- समान लक्ष्य, उद्देश्य र कृयाकलापहरूको पहिचान गरी जल उपयोग तथा सुरक्षण गर्ने ।
- मुख्य कार्यान्वयनकर्ताहरूले खानेपानी सेवा, जलस्रोत व्यवस्थापनको नक्सांकन गरी आफ्नो भुमिकालाई सक्षम तथा परिणाममुखी बनाउने ।
- पानीको दिगो व्यवस्थापन गर्दा पर्यावरण, प्राकृतिक परिस्थीतिकीय प्रणाली, भौगोलिक तथा जल विज्ञान विषयलाई हरेक जलाधारमा आत्मसाथ गर्ने ।

- समुदायहरूको आर्थिक, वातावरणीय र आवश्यकताको परिपूर्ति गर्न सबै किसिमका जलस्रोतहरू जस्तै सतहगत पानी, भूमिगत पानी, वर्षातको पानी तथा फोहरपानीको मुल्य तथा महत्वलाइ आत्मसाथ गर्ने ।
- सम्पूर्ण जलसरोकारवालाहरूलाई एकआपससँग संञ्जाल निर्माण गरी जल (पानी) सुरक्षाको लागि एकिकृत समाधानका उपायहरू पहिचान गरी एकिकृत जलाधार व्यवस्थापन योजना तयार गर्ने ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकाले पालिकास्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरी एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ । यस नगरपालिकाले एक जल अवधारणामा तपशिलका कार्यगत सिद्धान्तहरूको कार्यान्वयन गरी एकीकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको दिगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरूले छलफल गरेका थिए ।।

- "सबै पानीको मूल्य हुन्छ" भन्ने सिद्धान्तलाई यस नगरपालिकाले अवलम्वन गर्नेछ ।
- जलस्रोतको उत्पादनशील तथा बहुउपयोग गरी आर्थिक सम्पन्नता हासिल गर्ने सिद्धान्तलाई यस नगरपालिकाले अवलम्वन गर्नेछ ।
- जलस्रोत संरक्षण तथा पानीको बहुउपयोग गर्नका लागि कार्यविधि बनाई व्यवस्थित प्रणाली कार्यान्वयन गर्नेछ ।
- जलाधार र उपजलाधार क्षेत्रस्तरमा यस नगरपालिकाले जलस्रोत व्यवस्थापन र सहकार्य गर्नेछ । नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका उपजलाधार क्षेत्रहरूमा जलस्रोत व्यवस्थापन गर्नेछ । साथै नगरपालिका भन्दा ठूलो भौगोलिक क्षेत्रमा फैलिएको जलाधार क्षेत्र व्यवस्थापनमा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनका लागि नगरपालिकाले सरकारी निकाय, समुदाय, संस्था, र निजि क्षेत्रसँग साझेदारि तथा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनमा सबैको सहभागिता हुनेछ र व्यवस्थापन संरचनाहरू समावेशी हुनेछ ।
- जलस्रोतको उपयोग तथा व्यवस्थापन क्षेत्रमा कार्यरत सरोकारवालाहरूको साझा समस्या तथा चुनौतीहरूलाई यस नगरपालिकाले एक जल अवधारणा तथा यसको कार्यान्वयन मार्फत दिगो समाधान गर्नेछ ।

एक जल अवधारणाको कार्यान्वयन मार्फत यस नगरपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समुहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविश्य सुरक्षित गर्नमा भूमिका हुनेछ ।

## ४.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

कुल जनसंख्या २८,७८६ (५५३५ घरधुरी ) रहेको चामुण्डाबिन्द्रासैनी नगरपालिकामा ५१.१६% महिला तथा ३४.६०% दलितको बसोबास छ । नगरपालिकाले यो जनसंख्यालाई समेटन आफनो लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति हाल सम्म तयार गरेर कार्यान्वयनमा ल्याउन सकेको छैन तर स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ तयार गरेर स्थानीय विकासका क्रियाकलापहरूमा महिला तथा दलितहरूको सहभागिता र भूमिकालाई समावेश भने गरेको

छ । नगरपालिकाले लैङ्गिक हिंशा, सामाजिक तथा आर्थिक बञ्चितीकरणमा परेका वर्गको उत्थानका तथा न्यायका निमित्त प्राथमिकताकासाथ सो कार्यविधि कार्यान्वयनमा ल्याएको छ । साथै नगरपालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा रहेका विकासका मान्यताका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई लागु गर्दै आएको छ ।

यस पालिकाको केही ग्रामीण स्थानहरूमा महिनावारीको धारणामा केही हदसम्म अझैपनि पुरातनवादी सोंचमा परिवर्तन आउन बाँकी नै छ । तथापि यस पालिकामा राज्य पुर्नसंरचना पश्चात स्थानीय तहहरूमा महिलाहरूको सहभागिता संविधानमा ब्यवस्था भए अनुसार रहेको छ । स्थानीयस्तरमा गरिने विकास निर्माणका कामहरूमा उपभोक्ता समिति गठन गर्दा महिलाहरूको न्यूनतम ३३ प्रतिशत सहभागिता राख्ने गरेको पाईन्छ । त्यसै गरी दलित तथा विभेदमा परेका अन्य जातिहरूको सहभगिता पनि प्रायः उनीहरूको जनसंख्याकै अनुपातमा हुने गरेको देखिन्छ ।

समुदायको अवस्था विश्लेषण गर्दा पानीसँग सम्बन्धित क्रियाकलापहरूमा घरायसीस्तरमा महिलाहरू तथा जीविकोपार्जन वा उत्पादनशील प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानीसँग बढी सरोकार हुने हुँदा जल उपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन तहसम्म महिला र त्यस्ता बर्गहरूको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ । गुरुयोजनाले पानी र जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरूमा पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिंग, धर्म, जाति, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने र प्राथमिकता दिन सहयोग पुरयाउदछ ।

- लिङ्ग तथा जातिगत रुपमा समावेशी उपभोक्ता समितिहरूको गठन गर्ने,
- महिला तथा पछाडि पारिएका विभिन्न जातजातिहरूको क्षमता अभिवृद्धी तथा तिनलाई योजना कार्यान्वयन तथा सञ्चालनमा प्रमुख पद तथा जिम्मेवारी वहनका लागि तयार गर्ने,
- निर्माण गरिने भौतिक संचनाहरूलाई यथासम्भव महिला, बालबालिका, अपाङ्ग र बृद्धमैत्री बनाउने। महिलाहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतना र आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि विशेष पहल गर्ने ।
- विपन्न परिवारलाई खानेपानीमा सहज रुपमा पहुँच पुर्याउन अनुदान वा निशुल्क वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- लैङ्गिक विपन्न तथा अपाङ्गतामैत्री नीति नियम बनाइ कार्यान्वयन गर्ने ।
- नगरपालिकामा उपभोक्ता समितिहरूको दर्ता अनिवार्य गर्ने र तिनको लगत राख्ने। अभिलेखका आधारमा लैङ्गिक समानता र सामाजिक समावेशिकरणको लेखाजोखा गरि आवश्यक नीति सहित कार्यान्वयन गर्ने।
- योजनामा उपभोक्ताको अपनत्व बढाउन योजना सञ्चालन पूर्व नै उपभोक्ताको सकृय सहभागिता तथा लागत योगदान सुनिश्चित गर्ने तथा ति समुदाय र समुहलाई लक्षित गरी क्रियाकलापहररु सञ्चालन गर्ने
- उपभोक्ता समितिको वार्षिक साधारण सभा आवधिक, पुनर्गठन, नियमित बैठक, लेखा परीक्षणलाई अनिवार्य गर्ने ।

- यस गुरुयोजना अन्तर्गत निर्माण गरिने सबै योजनाहरूमा साार्वजनिक सुनवाई, समिक्षा र सार्वजनिक परीक्षण गर्ने उपभोक्ता समितिहरूको कार्य सम्पादनलाई प्रभावकारी रुपमा अनुगमन गरी दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने
- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको सबै प्रकृयामा पारदर्शिता, जवाफदेहिता, र सहभागिता सुनिश्चित गर्ने। यसका लागि उपलब्ध बजेट वा सम्बन्धित सबैलाई जानकारी गराउने, निर्णय प्रकृयामा सबै सरोकारवालाहरूलाई सहभागी गराउने आफुले ओगटेको पद वा जिम्मेवारी अनुरुपको कार्य सम्पादनका लागि सम्बन्धित व्यक्ति वा निकायलाई जवाफदेहीता बनाउने ।
- जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातिहरूको क्षमता अभिबृद्धीका लागि विशेष पहल गर्ने नीति लिईने साथै उनीहरूलाई नै लक्षित गरेर विभिन्न क्षमता विकास क्रियाकलापहरू सञ्चालनमा जोड दिईने छ । क्षमता विकासका कृयाकलापहरूको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समावेशीकरणलाई ध्यान दिने।
- खानेपानी सरसफाइ र स्वच्छता अवस्था कमजोर रहेका क्षेत्रलाई उपर्युक्त योजना तथा कार्यक्रमहरू सहित प्राथमिकता दिईने साथै अति-गरीब र पछाडि पारिएका वर्गहरूको उच्च जनसंख्या भएको क्षेत्रलाई क्षमता विकास लगायत सरसफाइ/स्वच्छता कार्यक्रमहरू सञ्चालन गर्न प्राथमिकतामा राखिनेछ ।
- अनुगमन समुहमा महिला, बालबालिका, गरीब तथा बहिष्करणमा परेका समुहहरूको सहभागिता सुनिश्चित गर्ने ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिलाहरूको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरूको सकृय सहभागिताका लागि निरन्तर समन्वय गर्ने साथै। योजनाहरूको निर्माण, सञ्चालन तथा मर्मत सम्भार उपभोक्ता समितिको प्रत्यक्ष संलग्नता र सकृयतामा गर्न आवश्यक पहल गर्ने ।

## ४.८ जलवायु परिवर्तन अनुकूलन र जोखिम व्यवस्थापन नीति

जलवायु परिवर्तन कारण पानीका स्रोतहरू सुक्दै जाने र मौसमी वर्षामा आएका परिवर्तन कारण भएका अति बृष्टिबाट आउने बाढी पहिरो आदिका कारण हुने क्षतिलाई न्यूनीकरण गर्न तपशिलका नीति लिइ कार्यान्वयन गरिने छ ।

- जलवायु परिवर्तनका कारण पानीको स्रोतहरूको बहामा आएको कमी तथा मूलहरू सुक्न गइरहेको कारण खानेपानी, सिंचाइहरू परेको प्रभाव कम गर्न मूल संरक्षण तथा वृक्षारोपण जस्ता क्रियाकलापहरू प्राथमिकताका साथ सञ्चालन गर्ने
- जलवायु परिवर्तनका तथा अति वृष्टिका कारण आउने बाढी, पहिरो भूक्षय जस्ता प्रकोप नियन्त्रण गर्न आवश्यक तटबन्धन तथा बायो इन्जिनियरिंग मार्फत नियन्त्रण गर्ने
- मुल संरक्षण गर्न सम्भावना रहेका क्षेत्रहरूमा पुनर्भरण पोखरीहरू विभिन्न सरोकारवाला संस्थाहरूसँग सहकार्य तथा सहलगानीमा निर्माण गर्ने
- पानीका स्रोतहरूमा जलवायु परिवर्तनका कारण पर्ने प्रभावले स्थानीय बासिन्दाहरूका जीविकोपार्जनमा पर्ने प्रभावहरूको न्यूनीकरण गर्न आधुनिक तथा व्यवसायीक पद्दती मार्फत

कृषि तथा वन मा आधारित व्यवसाय गर्न विभिन्न प्रकारका दक्षता अभिबृद्धि गर्न तालिम सञ्चालन गर्ने

- जलवायु परिवर्तन तथा विपद् व्यवसगापन गर्न जनस्तरमा यसका असर तथा प्रतिकार्य गर्न जनचेतना मूलक क्रियाकलापहरू विभिन्न सरोकारवाला संस्थाहरूसँग सहकार्य गरी सञ्चालन गर्ने
- जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न जलवायु परिवर्तन अनुकूलन र जोखिम व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था गर्ने

## ४.९ पानीको उत्पादनशील प्रयोग

पानीको आपूर्ति निर्माण गर्दा समुदायको आयर्जनको लागि क्रियाकलापहरू बढाउनका लागि केहि प्रमुख नीतिहरू अवलमवन गर्ने योजना रहेको छ । सजिलो पानीको पहुँच र सञ्चालनको लागि आवश्यक अवसरहरूको खोज गर्न समुदायको सहभागितामा केन्द्रित गर्ने, उनीहरूको आवश्यकताहरूको पहिचान गर्ने, स्थानीय स्रोतहरू जस्तै पानीको खडल, खोला, भुईपाइको प्रयोग गर्दा पानीको आपूर्ति बढाउन सकिन्छ। समुदायले आफ्नो प्राकृतिक संसाधनहरूको सही प्रयोग गर्ने, समुदायमा पानीको महत्त्व र प्रबंधनका बारेमा जागरूक बनाउने । विभिन्न पानी सञ्चालनका तरिकाहरू, खाने पानीको सफाई, पानीको संचय, आदिको कृयाकलापहरूलाई प्राथमिक्ता दिने । पानीको आपूर्ति बढाउनका लागि समुदायको सहभागिता अत्यन्त महत्त्वपूर्ण छ । समुदायमा सञ्चालन तथा व्यवस्थापन समितिहरू गठन गर्दा, उनीहरूको सहभागिता बढाउने र सार्वजनिक संरचनाहरूको विकास गर्ने ।

योजनाहरूमा पानी उपयोग बापतको शुल्क उठाउने र उठेको रकमबाट योजनामा हुन आउने विभिन्न ससाना मर्मत कार्य-हरूमा उपयोग गर्न सकिए योजनाहरूको सञ्चालनलाई सहज र दिगो बनाउन सकिन्छ। नगरपालिकामा गरिएका प्राविधिक र सामाजिक सर्वेक्षणमा गरिएका छलफलमा पानी शुल्क उठाउने र योजनाहरूको उपभोक्तास्तरबाटै स्वतस्फुर्त समयानुकुल मर्मत सम्भार गर्ने गरेको अभ्यास निकै नै कम छन् । पानीको उपभोगमा पुस्तान्तरण गर्न र दिगो योजनाका लागि संस्थापन व्यवस्थापन , पानी शुल्क लगायत पारदर्शि सयन्त्र स्थापना र ,मर्मत सम्भार कोषसमावेशीताका सिद्धान्त अवलम्बन गर्नु आवश्यक देखिन्छ । पानीको उत्पादनशील प्रयोग मार्फत समुदायको आयआर्जन बृद्धी गर्न सकिए कोष उठाउन र योजनाहरूको मर्मत सम्भार समय गरी पानीको उपभोग दिगो र निरन्तर गर्न सकिन्छ ।

पानीको प्रयोगलाई उत्पादनसँग जोड्ने, पानीको पुन प्रयोग तथा बहुउपयोगको संभाव्यता अध्ययन गर्ने, पानीको प्रयोगलाई व्यवसाय तथा आम्दानी जोड्ने र पानी निशुल्क नभै पहुँचयोग्य तथा धान्न सकिने वस्तुको रुपमा अंगिकार गर्न जरुरी भएको छ । तसर्थ यस विषयमा पालिकले थप अध्ययन तथा अनुसन्धान गर्नु पर्ने छ र सोही अनुसार पानीको बहुउपयोगी, बहूउद्देश्य तथा पानी सम्बन्धी एकीकृत योनाहरू तयार गरी अगाडी बढ्नु पर्ने देखिन्छ ।

यस पालिकामा उपलब्ध जलस्रोतको उपयोगलाई विविधिकरण गरी सिंचाइ, पानी मिल तथा विद्युत उत्पादन गरी भान्सामा प्रयोग हुने दाउरा तथा ग्याँसको विकल्पको रुपमा प्रयोग गर्न सकिन्छ । त्यसै गरी जल पर्यटन, माछापालन, तथा पानीको प्रशोधन गरी सुरक्षित पिउने पानीको उत्पादन गर्ने संभाव्यता पनि रहेको देखिन्छ । यसरी समुदायमा पानीको बहुउपयोग मार्फत उत्पादनशील क्षेत्र-हरूमा प्रयोग गर्ने, धाराबाट खेरजाने पानी करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्नेस्रोत ,हरू उपलब्ध हुने समुदाय तथा बस्तीहरूमा पानीको बहु उपयोग गर्ने नीति अपनाई खानेपानी-सँगआधुनिक सिंचाइका योजना ैहरूको

पनि कार्यान्वयन गर्ने तर्फ नगरपालिकाले नीति तर्जुमा गरी कार्यान्वयनमा जानु दिगो योजना कार्यान्वयनका लागि आवश्यक छ ।

खेरजाने पानीले समुदायको वातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरूरमहामारीहरू समेत निम्त्याउन सक्ने झिंगा, लामखुट्टे जस्ता किराहरूको प्रकोप बढ्ने हुदा त्यसको उचित व्यवस्थापन गरिने नीति अवलम्बन सहित पानीको प्रयोग मार्फत आयआर्जनका अवसरहरू श्रृजना गर्ने र समुदायले पानीको उपयोग बाफतको शुल्क सङ्कलन गरी पानीका योजना तथा स्रोतहरू संरक्षणमा लगानी गर्ने, स-साना आर्थिक स्रोतहरूका लागि बाह्य स्रोत र परनिर्भरता हटाउन पानीलाई उत्पादनशील प्रयोग गर्नु आवश्यक देखिन्छ । जलउपयोग निर्माणका क्रममा यस नगरपालिकाभित्र पानीको उत्पादनशील प्रयोग गर्न सक्ने अवस्था पर्याप्त रहेका र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापकीय पक्षमा जोड दिनु पर्ने सरोकारवालाहरूको बुझाई रहेको छ ।

## ४.१० जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरू

जलवायु परिवर्तन लगायत प्रकृतिमा हुदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरूमा पानीको बहाव कम हुदै गईरहेको तथा वर्षातको समयमा अतिवृष्टि हुदा पहिरो जाने, बस्तीहरू बाढी डुबानमा पर्ने समस्याहरू दिनानुदिन बढ्दै गरिरहेका छन् । त्यसकारण जलस्रोतको समुचित उपयोगका लागि विभिन्न बिकल्प तथा प्रविधिहरू आवश्यक पर्ने हुदा चामुण्डाबिन्द्रासैनी नगरपालिकाका लागि आवश्यक विकल्पहरू निम्न रहेका छन् ।

- चामुण्डाबिन्द्रासैनी नगरपालिकामा खानेपानीको मुख्य स्रोत मूल, कुवा, नदी नाला जस्ता जलस्रोत रहेको र पानीमा विभिन्न रासायनिक तथा जैविक प्रदुषण हुने भएकोले सबै खानेपानी योजनाहरूमा पानी सुरक्षा योजना निर्माण गरी लागु गर्न आवश्यक देखिन्छ । यसरी व्यवस्थित खानेपानी योजनाबाट खानेपानी आपूर्ति गरी कार्यान्वयन गर्न सकिन्छ ।
- वर्षातको समयमा नगरपालिका बस्तीहरूमा पहिरो वा भू-क्षय, भल बग्ने हुदा त्यस्तो बेलाका लागि चर्पीको स्लाब जमिन भन्दा माथि उठाएर निर्माण गर्ने, जसले गर्दा धैरै वर्षात भएको समयमा समेत सरसफाइ कायम राख्न सकिन्छ।
- विद्यमान, निर्माणाधीन र नया निर्माण हुने सिंचाइ योजनाहरूबाट पनि सिंचित हुन नसक्ने खेतीयोग्य भू-भागहरूमा नजिकको खोला/नदीबाट पानी तान्ने प्रबिधिहरू अंगाल्न सकिने देखिन्छ ।
- बाढी पहिरोको बेला बस्ती/घरहरू डुबान परेको खण्डमा सामुहिक आवासका लागि सेफ हाउस अथवा सुरक्षित आश्रयस्थलहरू निर्माण गर्न सकिने देखिन्छ ।

यसको अलावा यस पालिकामा विद्यमान प्रविधिहरूको विश्लेषण गर्दा निम्न प्रबिधिहरू प्रयोगमा रहेको र प्रयोगमा ल्याउन सकिने सम्भावना देखियो र यसको विवरण तल तालिका २७ मा दिइएको छ ।

**तालिका-२७: प्रयोगमा रहेका विद्यमान प्रविधिहरूको विवरण**

| क्र. सं | खानेपानी | सिंचाइ | जल उर्जा | पानी घट्ट/अन्य |
|---|---|---|---|---|
| १ | ग्राभिटी | नहर/कुलो सिंचाइ | पेल्ट्रिक सेट | परम्परागत |
| २ | पम्पिङ लिफ्टिङ्ग (सोलार तथा बिधुतीय) | लघु सिंचाइ प्रबिधिहरू: छोटो दुरीका कच्ची कुलो | माइक्रो हाइड्रो (लघु जलविद्युत) | सुधारिएका (विद्युत उत्पादन सहितको बिकल्प) |

| क्र. सं | खानेपानी | सिंचाइ | जल उर्जा | पानी घट्ट/अन्य |
|---|---|---|---|---|
| | | वा सानो दुरीका पाईप सिंचाइ | | |
| ३ | बहुउपयोगी | स-साना पोखरी | मेगा हाइड्रो (विधुत ग्रिड प्रणाली) | |
| ४ | | फिरफिरे, थोपा | | |

## ४.११ मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू (CBRT)

खानेपानीका योजनाहरूको वडा र गाउँपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआइडी कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरू (CBRT tools)को प्रयोग गरिएको थियो । त्यसैले आगामी वर्षहरूमा नयाँ निर्माण गरिने तथा मर्मत / पुननिर्माण गरिने योजनाहरूको सुचिहरू तयार गरी सके पछि योजना तथा अनुगमन अधिकृतबाट मापदण्डमा आधारित प्राथमिकीकरण औजारको बारेमा प्रष्ट पारिएको थियो खानेपानी तथा सरसफाइ योजनाहरू, सिंचाइ, वातावारण, पर्यावरण तथा स्रोत संरक्षणका योजना, बहुउपयोगी योजना, पानी घट्ट योजनाहरूको प्राथमिकीकरणलाई सरल र सुस्पष्ट पार्नका लागि नेपाली भाषामा मुख्य सूचकहरू तथा सहायक सहायक सूचकहरू तल तालिकामा प्रविष्ट गरिए बमोजिम नै ब्राउन पेपरमा सबैले पढ्न सक्ने गरी लेखिएको चार्टलाई सवैले देख्ने गरी प्रस्तुती तथा छलफल गराइएको थियो । पहिलो चरणमा यस्को प्रयोगको सवैको सहमति तयार गरिएको तथा अन्य उपायहरू वा औजार तथा विधि उपयुक्त लागेमा सुझाव दिन अनुरोध पनि गरिएको थियो । सवै सहभागिहरूबाट यो औजारको प्रयोगका लागि सहमति र स्थानीय तहको बिशिष्ट परिस्थितिका लागि थप सूचक तय भए पश्चात कूल सवै वडाहरूमा सहभागिहरूको सकृय सहभागिताबाट योजनाहरूको प्राथमिकीकरण गरिएको थियो ।

मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरू र सूचकहरूको विवरण तलको तालिका-२८ र २९मा प्रस्तुत गरिएको छ ।

**<u>नयाँ निर्माण प्रस्ताव गरिएका योजनाको प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार:</u>**

नयाँ निर्माण आयोजनाका लागि देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिएको छ । यस विश्लेषणमा आयोजनाहरूले ३ देखि ३६ सिबिआरटी अंक प्राप्त गर्ने छन् र धेरै अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइएको छ ।

**तालिका-२८: सिबिआरटी सूचक र अंकभार (नयाँ निर्माण आयोजनाको लागि)**

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | समाजमा पछाडि परेका समुदायहरूको घरधुरी प्रतिशत | १३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| २ | समुदायमा विद्यमान खानेपानी सेवास्तर अवस्था | १८ | न्यून सेवास्तरका धेरै घरधुरीलाई धेरै अंक |
| ३ | समुदायमा लगानीमैत्री वातावरणको अवस्था | ५ | राम्रो वातावरणमैत्रीलाई धेरै अंक |
| जम्मा अंकभार | | ३६ | बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

**मर्मत संम्भार योजनाको सेवास्तर बृद्धि प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार:**

विद्यमान आयोजनाको मर्मत, बिस्तार तथा पुनर्निर्माण प्राथमिकताका लागि आयोजनाको वर्तमान व्यवस्थापन तथा कार्यगत अवस्थाका आधारमा देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार (तालिका २९ – ३३) बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिएको छ । यस विश्लेषणमा आयोजनाहरूले ९ देखि २८ सिबिआरटी अंक प्राप्त गर्ने छन् र धेरै अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइएको छ ।

**तालिका-२९: सिबिआरटी सूचक र अंकभार (विद्यमान आयोजनाको सेवास्तर बृद्धिको लागि)**

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | विद्यमान खानेपानी योजनाको भौतिक अवस्था | २१ | भौतिक अवस्था नराम्रो भएकोलाई धेरै अंक |
| २ | खानेपानी योजना सञ्चालन व्यवस्थापनमा उपभोक्ता समितिको अवस्था | ७ | राम्रो सञ्चालन व्यवस्थापन गरेकालाई धेरै अंक |
| जम्मा अंकभार | | २८ | बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

**तालिका-३०: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (सिंचाइ योजना)**

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| २ | समुदायमा आयआर्जन / उत्पादनमुखी क्रियाकलापहरू सञ्चालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ३ | योजनाबाट सिंचित हुने क्षेत्रफल | ३ | धेरै क्षेत्रफललाई धेरै अंक |
| ४ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडी परेको समुदायलाई धैरै अंक |
| जम्मा अंकभार | | १५ | कूल बढी अंकलाई प्राथमिकता |

**तालिका-३१: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (बहुउपयोगी योजना)**

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी सहितको बहु उपयोगी योजनालाई प्राथमिकता | २ | खानेपानी सहितको बहु उपयोगी योजनाः २, अन्यः १ |
| २ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |

| | | | |
|---|---|---|---|
| ३ | समुदायमा आयआर्जन / उत्पादनमुखी क्रियाकलापहरू सञ्चालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ४ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | १४ | कूल बढी अंकलाई प्राथमिकता |

**तालिका३२: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (वातावरण/पर्यावरण तथा स्रोत संरक्षण योजना)**

| क्र.सं. | मुख्य सूचक | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | बृक्षारोपण, भूक्षय व्यवस्थापन का लागि बायो ईन्जिनियरिङ लगायतका कार्यहरूलाई प्राथमिकता | ३ | बृक्षारोपण, बायोईन्जिनियरिङ्ग, मुल संरक्षण: ३ तटबन्धन, पहिरो नियन्त्रण, कटान नियन्त्रण: २, अन्य: १ |
| २ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ३ | बसोबास गर्ने घरधुरीहरूलाई बिस्तापनबाट बचाउन सहयोग गर्ने योजना | २ | प्रत्यक्ष सहयोग गर्ने : २, सहयोग गर्ने : १ |
| ४ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ११ | कूल बढी अंकलाई प्राथमिकता |

**तालिका-३३: मापदण्डमा आधारित प्राथमिकिकरण सूचक (पानी घट्ट योजना)**

| क्र.सं. | मुख्य सूचक | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | घट्टको आधारभूत पूर्वाधार रहेको र पेनस्टक पाईप, रोटर आदी मात्र परिवर्तन गरी सुधार गर्नु पर्ने योजना | ३ | घट्ट घर लगायतका संरचना रहेको:३<br>घट्ट घर आदी मर्मत गरी सञ्चालन गर्नु पर्ने:२<br>नयाँ बनाउनु पर्ने:१ |
| २ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | महिला तथा लक्षित समुदायको समय बचत गराउने खालको योजना:३, आंशिक:२, ठिकै:१ |
| ३ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सूचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरीब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ९ | कूल बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

**<u>विद्यमान आयोजनाको सेवास्तर बृद्धि प्राथमिकताका लागि सिबिआरटी सूचक तथा अंकभार:</u>**

विद्यमान आयोजनाको मर्मत, बिस्तार तथा पुनर्निर्माण प्राथमिकताका लागि आयोजनाको वर्तमान व्यवस्थापन तथा कार्यगत अवस्थाका आधारमा देहाय अनुसारका सिबिआरटी सूचक तथा अंकभार (तालिका ३४) बमोजिम विश्लेषण गरी प्राथमिकता निर्धारण गरिएको छ । यस विश्लेषणमा आयोजनाहरूले ९ देखि २८ सिबिआरटी अंक प्राप्त गर्ने छन् र धेरै अंक प्राप्त गर्ने आयोजनालाई उच्च प्राथमिकता दिइएको छ ।

**तालिका-३४: सिबिआरटी सूचक र अंकभार (विद्यमान आयोजनाको सेवास्तर बृद्धिको लागि)**

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | विद्यमान खानेपानी योजनाको भौतिक अवस्था | २१ | भौतिक अवस्था नराम्रो भएकोलाई धेरै अंक |
| २ | खानेपानी योजना सञ्चालन व्यवस्थापनमा उपभोक्ता समितिको अवस्था | ७ | राम्रो सञ्चालन व्यवस्थापन गरेकालाई धेरै अंक |
| जम्मा अंकभार | | २८ | बढी अंकलाई प्राथमिकता |

*स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना*

## ४.८ स्रोत संरक्षण

विश्वव्यापी रुपमा रहेको जलवायु परिवर्तनको असरहरू, जनसंख्या बृद्धिदर, खेतीपाती, तिब्र रुपमा सडक लगायतका निर्माण गतिविधिहरू तथा पशुपालनका कारण वनजंगल क्षेत्र बढी फाडानी भइराखेको छ भने अर्कोतर्फ नगरपालिका क्षेत्रमा नदी कटान, वर्षातको भल, बाढी र पहिरोहरूका कारणले गर्दा वातावरणमा असर परेको छ । गुरुयोजना सर्वेक्षणमा गरिएका छलफलका आधारमा वातावरण संरक्षण र पर्यावरण क्षेत्र नगरपालिकाको नीति तथा कार्यक्रममा कम प्राथमिकतामा परेको जस्तो देखिन्छ । साथै यस क्षेत्रमा विद्यमानमा समेत व्यवस्थित योजनाहरू बन्न सकेका छैनन् । नगरपालिकामा खोल्सी नियन्त्रण, पहिरो नियन्त्रण जस्ता स-साना योजना तथा क्रियाकलापहरू सञ्चालन भए पनि व्यवस्थित रुपमा एकद्वार प्रणालीमा सञ्चालन गरिएको पाईएन । पानीका स्रोत संरक्षण तथा परम्परागत कुवा संरक्षणमा भने नगरपालिकामा उल्लेख्य कार्यहरू भएको पाईन्छ जस अन्तर्गत नगरपालिकाले जलचर एवम जलीय जैविक विविधता संरक्षण सम्बन्धी ऐन, २०७७ समेत पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

खानेपानीका स्रोतहरू जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका विभिन्न पूर्वाधारजन्य गतिविधिहरूले गर्दा सुक्दै र हराउदै गईरहेका विभिन्न सर्वेक्षणले पाईएको छ भने बढ्दो जनसंख्या, शहर केन्द्रित जनघनत्व, नयाँ प्रबिधि र जिवनशैली, उद्योग धन्दा आदि कारणहरूले समुदायमा पानीको माग बढ्दै गईरहेको छ । समुदायको बढ्दो पानीको माग, पर्यावरणको संरक्षण र सुक्दै तथा हराउदै गईरहेका स्रोतहरू बिचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरूका साथै प्रयोग नभएका स्रोतहरूको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ । यसका लागि स्रोतहरूको वरिपरि खुला चरिचरण नगर्नेरनगराउने, पानीका स्रोतहरूको वरिपरी घेरबार गर्ने तथा फोहर हुनबाट बचाउने जस्ता क्रियाकलापहरू पर्दछन् । त्यसैगरी पानीका सुक्दै गइरहेका स्रोतहरूको संरक्षणका लागि वर्षातको पानीलाई जमिनभित्र पठाउने खाडल (Recharge Pits), स्रोतहरूको माथि पुनर्भरण पोखरीका

साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरू वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरूको वृक्षारोपण आदि गर्न सकिन्छ।

नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा खुला चरिचरन, आगलागी, जंगल फडानी आदिलाई निरुत्साहित पार्ने, योजनाबद्ध विकास निर्माण योजनाहरू थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरी जलाधारहरू बिच बिवाद समाधान सहित क्षमता अभिबृद्धी र बिबेकपूर्ण उपयोगको वातावरण निर्माण, सामुदायिक वन क्षेत्रहरूलाई बिस्तार र संरक्षण र सम्बर्द्धनमा टेवा पुऱ्याउने, नदी कटान, भु-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदिको नियमन उत्खनन र प्रयोग, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा बायो ईन्जिनियरिङका बिकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्द्धन गर्ने, नगरपालिकास्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ । यसै गरी निर्माण नियमन जस्ता बिषयहरूमा बिज्ञहरूको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचनारशिक्षारसंचार सामग्रीहरूको प्रकाशन र वितरण आदि सम्बन्धी आवश्यक कानून बनाई नगरपालिकाको वार्षिक योजना मार्फत कार्यक्रमहरू सञ्चालन गर्ने बारेमा छलफल भएको थियो । त्यसैगरी प्राकृतिक रुपमा बिद्यमान रहेका ताल तलैयाहरूको संरक्षण, जल पर्यटन प्रवर्द्धनका साथै पानीको स्रोतहरू वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरूको वृक्षारोपण, जलाधार क्षेत्रभित्र समुदायहरूमा स्रोत संरक्षण र विवेकपूर्ण उपयोगका लागि सहभागितात्मक योजना तर्जुमा गर्ने बिषयमा समेत चामुण्डाबिन्द्रासैनी नगरपालिकाका सरोकारवाला प्रतिवद्ध रहेका छन् ।

# अध्याय-५ : जलउपयोग गुरुयोजना

## ५.१ अन्तर विश्लेषण

यस खण्डमा गरिएको विश्लेषण जलउपयोग गुरुयोजना तयारीका क्षममा गरिएको फिल्ड अध्ययन, अन्तरकृया तथा छलफलबाट प्राप्त तथ्यहरूलाई एकीकृत गरी तयार गरिएको छ । विश्लेषणमा जल उपयोगका ४ वटै क्षेत्रहरूलाई समेटेको छ । पहिचान गरिएका अन्तरहरूको आधारले योजना तर्जुमा गोष्ठीमा नगरपालिकाले भविश्यमा तर्जुमा गर्नु पर्ने क्रियाकलापहरूको पहिचान गर्न मद्दत गरेको थियो ।

### खानेपानी तथा सरसफाइ

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा हालसम्म १५७ वटा खानेपानी योजनाहरू विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट नगरपालिकाको कूल घरधुरी ५५३५ मध्ये ५२०३. घरधुरीहरू लाभान्वित भएको देखिन्छ । नगरपालिकामा गुरुयोजना तथ्याङ्क सङ्कलनका समय सम्म १ वटा खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन योजनाबाट ३०० घरधुरीहरू लाभान्वित हुने देखिन्छ । यसरी समग्रमा विद्यमान योजनाहरू र निर्माणाधीन योजनाहरूबाट नगरपालिकाको कूल घरधुरीको करिब सबै घरधुरीहरूमा खानेपानी सेवा आपूर्ति हुने देखिन्छ । हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरू सबै उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन भईरहेका छन् । योजनाहरूको मर्मत सम्भार र व्यवस्थापन राम्रो ढंगबाट हुन नसकेकोले सबै खानेपानी योजनाहरूबाट आधारभूत खानेपानी सेवा समेत आपूर्ति हुन सकेको छैन । नगरपालिकामा एक घर एक धाराको नीति अवलम्वन नहुँदा खानेपानीका धाराहरू एक भन्दा बढि घरपरिवारले प्रयोग गर्दै गरेको छ । कूल जडान भएका धाराहरू मध्ये लगभग ९५ प्रतिशत धाराहरू समुदायको लागि तथा ५ प्रतिशत धाराहरू संस्थागत रहेका छन् । खानेपानी प्रणाली मार्फत सेवा प्राप्त गर्ने घरधुरीहरू मध्ये १५.०९ घरधुरीले ) सुरक्षित वा व्यवस्थित सेवा प्राप्त गरेका छन् । ७८.९१ % घरधुरीले सिमित सेवा तथा ६.... प्रतिशत घरधुरी सेवाबाट वञ्चित रहेको देखिन्छ । कूल सञ्चालनमा रहेका १५७ खानेपानी योजनाहरू मध्ये २५% पूर्णरुपले चलेका, ७५% ठूलो किसिमको मर्मत संभार गर्नुपर्ने किसिमका देखिन्छन् ।

विद्यमान १५७ वटा खानेपानी तथा सरसफाइ योजनामा १५७ (२६%) वटा स्रोतहरूको प्रयोग भएको देखिन्छ भने २५ % योजनाहरू दर्ता भएका छन् । यसैगरी कुनै पनि योजनामा मात्र मर्मतसंभार कोष रहेको छैन । नगरपालिकामा समुदायहरूलाई सुरक्षित खानेपानी सेवामा पुर्याउन उपभोक्ता समितिस्तरमा सुशासन महत्वपूर्ण हुने गर्दछ । उपभोक्ता समिति दर्ता, उनीहरूको वार्षिक साधारण सभा, आय व्ययको अवस्था सार्वजनिकरण, पानी सुरक्षा योजना लगायत पानीको स्रोत संरक्षण र दिगो बनाउन गरिने प्रयासहरू समेत महत्वपूर्ण हुन जान्छन। नगरपालिकाको भौगोलिक अवस्थित खानेपानीका मुहानहरूको अवस्था र यस क्षेत्रमा बिगत वर्षहरूमा पानीका स्रोतहरूमा भईरहेको वर्षायामको क्षती लगायतका कारणहरूलाई समेत भाबी योजना बनाउदा विश्लेषण गर्नु जरुरी हुन जान्छ।

जलउपयोग गुरुयोजनाको तथ्याङ्क र छलफलहरूले पालिकामा मुहान दर्ता ५% भन्दा कम रहेको धैरै समितिहरू निस्कृय खालका भेट्टीएका छन् । मासिक बैठक नगर्ने, वार्षिक भेला तथा साधारण सभा नगर्ने र लेखापरिक्षण पनि नगर्ने खालका समितिहरू देखिन्छन् । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाइ आफ्नो जिम्मेवारी तर्फ चासो नदेखिएको, मासिक महशुल नतिर्ने गरेको, योजना तथा

संरचनाको लगत तयार नगरेको, नियमीत तथा भैपरि आउने मर्मतसंभार आदी प्रति चासो नभएको देखिन्छ ।

विद्यमान खानेपानी योजनाहरूले वितरण गर्दै आई रहेको खानेपानीहरूमा पानी सुरक्षा योजना निर्माण नभएको देखिएको छ । नगरपालिकाले सबै विद्यमान खानेपानी योजनाहरू र निर्माणाधीन खानेपाली योजनाहरूमा सुरक्षित पानीका उपायहरू अवलम्बन गर्नुपर्ने र निर्माणको अन्त संगै पानी सुरक्षा योजना निर्माण, पानी महशुल निर्धारण र सङ्कलन संयन्त्र, पानी हेरालो वा ग्रामीण मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन गर्नुपर्ने आवश्यक देखिन्छ ।

अधिकांश खानेपानी उपभोक्ता समितिहरूको व्यवस्थापकीय क्षमता कमजोर देखिएको छ भने प्राय सबै खानेपानी योजनाहरूमा आवश्यक प्राबिधिक जनशक्तिको कमि महशुष गरिएको छ यसको निदानका लागि पालिकामा हाल विद्यमान खानेपानी योजनाका उपभोक्ता समितिहरूको व्यवस्थापकीय क्षमता विश्लेषण गर्दा करिब ४०% उपभोक्ता समितिहरू मात्रै व्यवस्थित ढंगबाट सञ्चालन भएको देखिएको हुँदा नगरपालिकाले निर्माण गरेको खानेपानी सेवा सचालन व्यवस्थापन कार्यविधि २०७८लाई आवश्यकता अनुसार संसोधन र ठोस कार्यान्वयन/अनुगमन आवश्यक रहेको छ ।

विद्यालयहरूको खानेपानी तथा सरसफाइको अवस्थाको विश्लेषण गर्दा, जम्मा ५१ विद्यालयहरू रहेका छन् । ५१ वटा विद्यालय मध्ये ३६ वटामा खानेपानीको राम्रो व्यवस्था रहेको छ भने ५१ वटा नै विद्यालयहरूमा मात्र शौचालयको व्यवस्था रहेको पाइन्छ । विद्यालय सरसफाइको समग्र स्थिति मुल्याङ्कन गर्दा विद्यालयहरूमा भरपर्दो व्यवस्थित खानेपानी योजनाहरू निर्माण गर्नुपर्ने, खानेपानी तथा सरसफाइ प्रवर्द्धनका लागि उपयुक्त सहयोगी व्यक्तिको व्यवस्थापन सहित स्पष्ट नीति नियम बनाउनु पर्ने देखिन्छ ।

नगरपालिका क्षेत्रमा रहेका १६ वटा स्वास्थ्य संस्थाहरूमा गरिएको सर्वेक्षणका आधारमा खानेपानीको राम्रो व्यवस्थापन पाईएको छ र १६ वटैमा शौचालय सुविधा रहेको छ भने ठोस तथा अन्य फोहोर व्यवस्थापन पनि सन्तोषजनक नै रहेको छ । स्वास्थ्य संस्थाहरूको समग्र स्थिति मुल्याङ्कन गर्दा संस्थाहरूमा भरपर्दो व्यवस्थित खानेपानी योजनाहरू निर्माण गर्नुपर्ने, खानेपानी तथा सरसफाइ प्रवर्द्धनका लागि उपयुक्त सहयोगी व्यक्तिको व्यवस्थापन सहित स्पष्ट नीति नियम बनाउनु पर्ने देखिन्छ ।

नगरपालिका क्षेत्रमा रहेका निर्माण गरिएका २ वटा सार्वजनिक शौचालयहरू समेत उचित व्यवस्थापन अभाव देखिएको छ । निर्माण भएका शौचालयहरूलाई प्रयोगमा ल्याउन खानेपानी आपूर्ति, सरसफाइको प्रवन्ध सहित नियमित हेरचाह र रेखदेखका लागि प्रवन्ध गर्नुपर्ने आवश्यक देखिन्छ ।

घरायसी सरसफाइको अन्तर विश्लेषण गर्दा ५५३५ घरधुरीहरू मध्ये १०.४३% घरधुरीहरूमा शौचालय निर्माणका लागि अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ । त्यसैगरी शौचालयहरूकोस्तरउन्नति, मर्मतका लागि बिशिष्ट नीति सहित समुदायहरूलाई उत्प्रेरित गर्नुपर्ने देखिन्छ भने महिनावारी व्यवस्थापन र महिलाहरूलाई नीति निर्माण देखि योजना कार्यान्वयन सम्म सकृय तथा अर्थपूर्ण सहभागिता गराई चेतनामूलक कार्यक्रमहरूका माध्यमबाट सबै अवस्थामा शौचालय, साबुन सहित हातधुने व्यवस्था तथा धाराको पानीको प्रयोगमा अनिवार्य पहुँच गराउनु पर्ने आवश्यक देखिन्छ ।

नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव रहेको पाईन्छ, नगरपालिकाले सार्वजनिक स्थलहरू लगायत रणनैतिक क्षेत्रहरूमा अहिले देखि नै फोहोरमैलाको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्ने र बजेट विनियोजन गरेर पूर्ण सरसफाई योजनालाई सम्पन्न गर्ने लक्ष राख्नु पर्ने देखिन्छ ।

**सिंचाइ**

सिंचाइ तथा निकास तर्फ जम्मा १६५ वटा विद्यमान सिंचाइका योजनाहरू मध्ये ८० वटा कुलो तथा ८५ वटा लघु सिंचाइ योजनाहरू रहेका छन् । ती योजनाहरूबाट २३,८२८ रोपनी क्षेत्रफल अर्थात् कूल खेती योग्य भू-भागको करिब १,२१२ हेक्टर (३२.३६%) खेतीयोग्य भू-भाग (जमिन) मात्र सिंचित भइरहेको छ । हालसम्मका विद्यमान सिंचाइ योजनाहरू मध्ये प्राय सबै योजनाहरू केन्द्रीय र प्रादेशिक सरकार मार्फत बजेट विनियोजन भई निर्माण भएका देखिन्छन र त्यसको समुदायस्तरमा पानी बांडफांड र सोको व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरू गठन भएका छन् । उपभोक्ता समितिहरूको सक्रियता र मर्मत सम्भारकोष व्यवस्थापन भने फितलो देखिन्छ । आधुनिक कुलोको अनुपातमा परम्परागत कुलोको र्ममत कम खर्चिलो र जनसहभागितामा पनि प्रभावकारी भएको पनि पाइन्छ । हाल यस पालिकाको कूल खेतीयोग्य भू-भाग मध्ये करिब १,२१२ हेक्टर (३२.३६%) खेतीयोग्य भू-भाग (जमिन) मात्र सिंचित भएको देखिन आउंछ ।

सञ्चालनमा रहेका सिंचाइ योजनाहरू मध्ये १९% सन्तोषजनक र ८१% आंशिक तथा जिर्ण वा बन्द अवस्थामा रहेको सर्वेक्षणले देखाउदछ ।

सिंचाइ योजनाहरूलाई निरन्तर सेवा उन्मोख बनाउन गाउँपालिकास्तरमा मर्मतसम्भार कोषको व्यवस्थापन, समुदाय सिंचाइ हेरालाहरूलाई पहिचान/तालिम र सम्मान, सिंचाइ न्युनतम शुल्क सहित हेरालाहरूको पारिश्रमिक/प्रोत्साहन भत्ता, जीविकोपार्जन तथा आयआर्जन क्रियाकलापमा समुदायलाई जोडि बेमौसमी तरकारी तथा नगदे खेती तर्फ प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

**वातावरण, पर्यावरण तथा स्रोत संरक्षण**

जलाधार क्षेत्रमा स्रोतहरूको क्षमता कम रहेको छ । त्यसैले खानेपानीको लागि स्रोतहरू नै सुरक्षित गुणस्तरको हुने भएकोले यीनको क्षमता बढाउनको लागि स्रोत संरक्षण तथा पर्यावरण संरक्षणका योजनाहरू तर्जुमा गर्नुपर्ने देखिन्छ ।

चामुण्डाबिन्द्रासैनी नगरपालिकामा वर्षातको समयमा नदी कटान तथा बाढीबाट बिगतका वर्षहरूमा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ । विशेष गरेर वर्षा महिनामा जोखिम बढनुको साथै खोलाहरूमा भल र बाढी आएर भुक्षय, स्रोत पुरिने र जनधनको क्षति अत्याधिक रहेको छ । वर्षातको समयमा हुने क्षति र जोखिमहरूलाई मध्यनजर गर्दै नगरपालिकाले विपद पूर्व तयारी तथा प्रतिकार्य गर्न १८ वटा योजना निर्माण गरी लागु गरिरहेको छ । वातावरण, पर्यावरण तथा स्रोत संरक्षण तर्फ यी विद्यमान १८ वटा योजनाहरू मध्ये १४ वटा स्रोत संरक्षण तर्फ रहेका छन् भने ४ वटा योजनाहरू जोखिम व्यवस्थापन समबन्धी रहेका छन् । नगरपालिकामा विपद प्रतिकार्यका लागि नगरपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरू पनि गठन भइ परिचालन समेत भईरहेका छन् । तथापी योजनाहरूको कार्यान्वयनका लागि ति प्रयासहरू मात्र प्रयाप्त भने छैनन्।

साथै दिगो विकास लक्ष्य ६.६: पर्वतीय क्षेत्र, वन, सिमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्भरण गर्ने लक्ष्य हासिल गर्नको लागि यस नगरपालिकामा स्रोत संरक्षण तथा पर्यावरण संरक्षण क्रियाकलापहरू जस्तै स्रोत क्षेत्र संरक्षण, पहिरो संरक्षण, नदी कटान नियन्त्रण आदि आयोजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

**पानीको बहुउपयोगी उपयोग:**

पानीको बहुउपयोगिता सहित चामुण्डाबिन्द्रासैनी नगरपालिकाभित्र विधमान १२ बहुउपयोगी योजनाहरू रहेको छ । खानेपानी, सिंचाइ र सिंचाइ पोखरीको रुपमा ति योजनाहरू सञ्चालनमा छन । प्राय: ति योजनाहरू आंशिक रुपमा चलेको देखिन्छ ।

**जलउर्जा (पानी घट्ट):**

यस नगरपालिका क्षेत्रमा कुल ३९ वटा परम्परागत पानीघट्टहरू छन । ९ वटा वडाहरू मध्ये विशेष गरी वडा न १, ३, ३ र ४ का मनिसहरू आसपासका १५ वटा परम्परागत पानी घट्टहरूवाट सेवा लिइरहेको हुदा प्रयोगकर्ताहरूको बर्गिकृत संख्या यकिन गर्न गाह्रो हुन गएको छ । निकट भविश्यमा बत्तिको सुविधा पुग्न लागेको हुँदा, यस्ता परम्परागत पानीघट्टहरूको उपयोगिता आधुनिक मिल पिसानीले गर्ने सम्भावना उच्च रहेको छ । दिगो विकास लक्ष्यको नविकरणीय उर्जा खपतको हिस्सा बढाउने तथा धान्न सकिने, दिगो उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्य हासिल गर्न यस नगरपालिकाले विद्यमान लघु जलविद्‍युतलाई मर्मत व्यवस्थापन सुधार गरी सुचारु गर्नु पर्ने देखिन्छ । साथै नयाँ विद्‍युत उत्पादन गरी भरपर्दो विद्‍युत उर्जा सेवा दिने र बढी भएको राष्ट्रियलाई नाफा दिने समेत गर्न सम्भावना रहेको छ । साथै टोलबस्तीहरूमा सुधारिएको घट्टहरू निरन्तरता दिएर सेवास्तर बढाउनको लागि योजनाहरू तर्जुमा गर्नु पर्ने देखिन्छ ।

## ५.२ आवधिक योजनाको सारांश

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा विद्यमान जलस्रोतहरू, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरूको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको छ । आवधिक योजना अर्न्तगत नगरपालिकाका ९ वटै वडाहरूमा योजना तर्जुमा मार्फत जम्मा सबै क्षेत्रका क्षेत्रगत योजनाहरू पहिचान गरी प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन।

पाँच वर्षमा गर्न सकिने प्रस्तावित योजनाहरूलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्रय सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी विभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरूको कार्यान्वयनका लागि नगरपालिकामा प्राथमिकता क्रम सूची तयार गरिएको छ । यसरी नगरपालिका र वडाहरूको आवश्यकतालाई ध्यानमा राखेर तथा योजना तर्जुमा गोष्ठीमा बृहत छलफल गरेर तोकिएको प्राथमिकताको आधारमा जम्मा २४२ वटा विभिन्न क्षेत्रगत योजनाहरूलाई आवधिक योजनाको रुपमा यस जलउपयोग गुरुयोजनामा प्रस्ताव गरेका छन । नगरपालिकाबाट कार्यान्वयन गर्नका लागि यी योजनाहरूको सारांश तपसिल अनुसार रहेको छ ।

- ४६ वटा नयाँ खानेपानी योजनाहरू,
- ४७ वटा मर्मत तथा पुन निर्माण गर्नुपर्ने खानेपानी योजनाहरू,
- ४४ वटा कुलो सिंचाइ तथा निकास योजनाहरू,


- ४२ वटा लघु सिंचाइ योजनाहरू,
- १२ वटा बहु उपोयोगी योजनाहरू,
- ३७ वटा वातावरण, तथा पर्यावरण (स्रोत संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम न्युनीकरण क्षेत्रका योजनाहरू समेत गरि) तर्फका योजनाहरू
- १४ वटा जलउर्जा तर्फका योजनाहरू

पञ्चवर्षीय योजनाहरूको अनुमानित लागत तयार गर्दा नगरपालिकाभित्र रहेका विद्यमान निर्माणाधीन/ योजनाहरूको प्रति व्यक्ति लागत र नगरपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरूको आधारमा प्रस्तावित योजनाको हालको लागत अनुमान सहित तयार गरिएको छ । नगरपालिकामा प्रस्तावित योजनाहरूको एकाई दर रेट तथा लागत मापदण्ड तालिका ३५ मा संलग्न गरिएको छ ।

**तालिका-३५: लागत मापदण्ड नगरपालिका गोष्ठीबाट प्रस्तावित**

| क्र. सं. | क्षेत्रगत योजना | एकाई | लागत प्रति एकाई (रु) |
|---|---|---|---|
| १ | नयाँ खानेपानी योजना | प्रति घर | ५०,०००।- |
| २ | नयाँ लिफ्ट खानेपानी योजना | प्रति घर | ७५,०००।- |
| ३ | खानेपानी योजना मर्मत | प्रति घर | ३०,०००।- |
| २ | सिंचाइ योजना | प्रति कि.मि. | १५,००,०००।- |
| ४ | सिंचाइ पोखरी योजना | प्रति Soil Cement पोखरी | ५,००,०००।- |
| ५ | | प्रति RCC पोखरी | १०,००,०००।- देखि १५,००,०००।- |
| ६ | वातावरण तथा पर्यावरण योजना | प्रति रोपनी | ३,००,०००।- देखि ४,००,०००।- |
| ७ | स्रोत संरक्षण योजना | प्रति रोपनी | ७,००,०००।- |
| ८ | बहुउपयोगी योजना (खा.पा, सिचांइ) | प्रति घर | खा.पा. – ५,००,०००।- |
| | | प्रति कि.मि. | सिंचाइ – १५,००,०००।- |
| **नोट** | भौगोलिक अवस्था, मौसम र सामाग्रीको अनुकुलता हेरेर लागत फरक पर्न सक्छ | | |

पञ्चवर्षीय योजनाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने अनुमानित लागत तथा प्रस्तावित योजना संख्याको विश्लेषण तलको चित्र - १४ मा गरिएको छ भने थप क्षेत्रगत पञ्चवर्षीय योजनाहरूको योजनागत विस्तृत विवरण अनुसूची - ७ सम्ममा उल्लेख गरिएको छ ।




चित्र १४: नगरपालिकाको जलउपयोग गुरुयोजनामा समेटिएका क्षेत्रगत योजनाहरू र अनुमानित लागत


## ५.२.१ खानेपानी योजनाहरू


यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाका समुदायस्तरमा भएका छलफल, अन्तरक्रिया, योजना तर्जुमा कार्यशाला गोष्ठीहरू र विद्यमान खानेपानीको सुविधास्तर विश्लेषण गरीगरि नगरपालिकामा जम्मा ४६ वटा नयाँ खानेपानीका योजनाहरू र ४७ वटा खानेपानी मर्मतका योजनाहरू प्रस्ताव गरीगरि पञ्चवर्षीय योजनामा समावेश गरिएका छन् । उक्त खानेपानी क्षेत्रका योजनाहरूको निर्माण तथा उचित व्यवस्थापनबाट नगरपालिकाको ९ वटै वडाका करिब ७२०३ घरधुरीहरूमा सेवा बिस्तार गरी सफा सुरक्षित खानेपानी पुर्याउने लक्ष्य राखिएको छ । यसको लागि अनुमानित लागत रु २७ करोड ९३ लाख ५ हजार (रू २७,९३,०५,०००.००) रकम तर्जुमा गरेको छ । तर्जुमा गरिएका तथा कार्यान्वयनका लागि वडा/नगरपालिकामा सिफारिस गरिएका योजनाहरूको प्राथमिकता क्रम अनुसारको वडागत विवरण तालिका-३६ र चित्र १५ मा र अनुसूची- ७ मा उल्लेख गरिएको छ ।

**तालिका-३६: प्रस्तावित खानेपानी योजनाहरूको विवरण**

| वडा नं. | प्रस्तावित खानेपानी योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.'०००) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.'००० ) |
| १ | ५ | ९८० | ५४८६० | ६ | ३८३ | ११४९० |
| २ | ५ | ४८५ | २८९४२ | ५ | २८५ | ८५५० |
| ३ | ४ | २८० | १५८९८ | ५ | ३२० | ९६०० |
| ४ | ६ | ८३५ | १५३९५ | ६ | १५० | ४५०० |
| ५ | ५ | २२८ | १२७६३ | ५ | २४२ | ७२६० |
| ६ | ५ | ४८० | १८१९४ | ५ | १४८ | ४४४० |
| ७ | ६ | २०० | २७५४२ | ५ | ३९५ | ११८५० |
| ८ | ५ | ६३५ | १८५२९ | ५ | १४३ | ४२९० |
| ९ | ५ | ७३० | १६६८२ | ५ | २८४ | ८५२० |
| **जम्मा** | ४६ | **४,८५३** | **२०८८०५** | **४७** | **२,३५०** | **७०,५००** |

*स्रोत: जलउपयोग गुरुयोजना वडा तथा नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*




चित्र १५: जलगुरुयोजनामा प्रस्तावित खानेपानी योजनाहरूको लागत अनुमान

### ५.२.२ सरसफाइ योजनाहरू

चामुण्डाबिन्द्रासैनी नगरपालिकाले घरायसी तथा संस्थागतस्तरमा सरसफाई सम्बन्धीसम्बन्धी (नयाँ अथवा मर्मत सम्वन्धि) कुनैपनी योजनाहरू यस जलउपयोग गुरुयोजनामा प्रस्ताव गरेको छैन ।

### ५.२.३ बहुउपयोगी योजनाहरू


चामुण्डाबिन्द्रासैनी नगरपालिकाको वडा तथा नगरपालिकास्तरीय आवश्यकता पहिचान तथा योजना तर्जुमाको समयमा यस नगरपालिकामा विभिन्न क्षेत्रलाई लक्षित गरी जम्मा १२ वटा बहुउपयोगी क्षेत्रका योजनाहरू प्राथमिकीकरण गरिएका छन भने मर्मत सम्भारपुन/ निर्माण सेवा/बिस्तार सम्बन्धी कुनै पनि योजनाहरू प्रस्ताव गरिएको छैन । नगरपालिकामा प्रस्तावित गरिएका बहुउपयोगी क्षेत्रका १२ योजनाहरूको निर्माण र व्यवस्थापानबाट करिब १,८३१ घरधुरीहरूमा सेवा बिस्तार गर्ने लक्ष्य लिएको छ । यी योजनाहरू निर्माणका लागि अनुमानित लागत रु. २७ करोड ४६ लाख ५० हजारको अनुमान गरिएको छ । उक्त योजनाहरूको वडागत विवरण तलको तालिका-३७ र चित्र १६ मा उल्लेख गरिएको छ भने प्राथमिकता क्रम अनुसारको सूची र थप विस्तृत विवरण **अनुसूची-९ मा** उल्लेख गरिएको छ ।

| **वडा नं.** | **प्रस्तावित बहुउपयोगी योजनाहरू** | | |
|---|---|---|---|
| | **नयाँ** | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.'०००) |
| १ | १ | २०० | ३०,००० |
| २ | १ | ५२ | ७,८०० |
| ३ | २ | १७० | २५,५०० |

**तालिका-३७: प्रस्तावित बहुउपयोगी योजनाहरूको वडागत विवरण**

| वडा नं. | प्रस्तावित बहुउपयोगी योजनाहरू | | |
|---|---|---|---|
| | नयाँ | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.'०००) |
| ४ | २ | २१० | ३१,५०० |
| ५ | २ | ७५० | ११२,५०० |
| ६ | ३ | २०५ | ३०,७५० |
| ७ | १ | २४४ | ३६,६०० |
| जम्मा | **१२** | **१,८३१** | **२७४,६५०** |

*स्रोत: जलउपयोग गुरुयोजना वडा तथा नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*




चित्र १६: नगरपालिकाको प्रस्तावित बहुउपयोगी योजना (नयाँ)

### ५.२.४ सिंचाइ योजनाहरू


वडा तथा नगरपालिकास्तरमा सञ्चालित योजना तर्जुमा गोष्ठीबाट चामुण्डाबिन्द्रासैनी नगरपालिकामा जम्मा ८६ वटा सिंचाइ (२२ वटा कुलो सिंचाइ तथा २२ वटा लघु सिंचाइ) योजनाहरू प्रस्ताव गरेका छन् । सिंचाइ सुविधाको विद्यमान अवस्था र ती सिंचाइ योजनाहरूको सञ्चालनको अवस्थालाई मध्यनजर गरी ५,८८३ घरधुरीहरूको खेतीयोग्य जमिन सिंचित हुने गरी योजनाहरू तर्जुमा गरिएका छन् । योजनाहरू निर्माणका लागि अनुमानित लागत २ करोड २० लाख रहेको छ । त्यसैगरी योजना तर्जुमा गोष्ठीबाट चामुण्डाबिन्द्रासैनी नगरपालिकामा जम्मा ४२ वटा सिंचाइ (१८ वटा कुलो सिंचाइ तथा २४ वटा लघु सिंचाइ) योजनाहरू मर्मत सम्भार/पुन निर्माण/सेवा बिस्तार आदिको लागि प्रस्ताव गरेका छन् । सिंचाइ सुविधाको विद्यमान अवस्था र ती सिंचाइ योजनाहरूको मर्मत सम्भार/पुन निर्माण/सेवा बिस्तार पश्चात सञ्चालनको अवस्थालाई मध्यनजर गर्दा ३,६६२ घरधुरीहरूको खेतीयोग्य जमिन थप सिंचित हुने गरी यी योजनाहरू तर्जुमा गरिएका छन् । योजनाहरू मर्मत सम्भार/पुन निर्माण/सेवा बिस्तार आदिको लागि लागत २ करोड १० लाख अनुमान गरिएको छ । उक्त सिंचाइ योजनाहरूको वडागत विवरण तालिका-३८ र प्राथमिकताक्रम अनुसारको सूची अनुसूची-८मा उल्लेख गरिएको छ ।

**तालिका-३८: वडागत रुपमा प्रस्तावित सिंचाइ योजनाहरूको विवरण**


| वडा नं. | प्रस्तावित सिंचाइ योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार/पुनः निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० |
| **प्रस्तावित कुलो सिंचाइ योजनाहरू** | | | | | | |
| १ | ३ | ३०५ | १,५०० | १ | ३०८ | ५०० |
| २ | ३ | ६१० | १,५०० | ३ | २२८ | १,५०० |
| ३ | ० | ० | ० | ३ | १२२ | १,५०० |
| ४ | ३ | ० | १,५०० | ३ | ९२२ | १,५०० |
| ५ | १ | ० | ५०० | ३ | ३७५ | १,५०० |
| ६ | ३ | ५४० | १,५०० | ३ | ९२१ | १,५०० |
| ७ | ३ | ० | १,५०० | ० | ३०८ | ० |

| वडा नं. | प्रस्तावित सिंचाइ योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ | | | मर्मत सम्भार/पुनः निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० |
| ८ | ३ | ० | १,५०० | ४ | ४९९ | २,००० |
| ९ | ३ | ० | १,५०० | २ | ७४५ | १,००० |
| **जम्मा** | **२२** | **१४५५** | **११०००** | **२२** | **४४२८** | **११०००** |
| **प्रस्तावित लघु सिंचाइ योजनाहरू** | | | | | | |
| १ | ० | १२५ | ० | ३ | ० | १,५०० |
| २ | ३ | ९९ | १,५०० | ३ | ० | १,५०० |
| ३ | ३ | २१६ | १,५०० | ३ | २४१ | १,५०० |
| ४ | ३ | १२५ | १,५०० | ३ | १७८ | १,५०० |
| ५ | ० | ० | ० | ३ | ३०० | १,५०० |
| ६ | ३ | २०१ | १,५०० | ० | ४२ | ० |
| ७ | ० | २७० | ० | ३ | ४० | १,५०० |
| ८ | ३ | ४३६ | १,५०० | ३ | २७४ | १,५०० |
| ९ | ३ | ९८५ | १,५०० | ३ | १३० | १,५०० |
| **जम्मा** | **१८** | **२,४५७** | **९०००** | **२४** | **१,२०५** | **१२,०००** |

*स्रोत: जलउपयोग गुरुयोजना वडा तथा नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*




चित्र १८: प्रस्तावित सिंचाइ योजना (नयाँ) को लागत अनुमान




चित्र १७: प्रस्तावित सिंचाइ योजना (मर्मत) को लागत अनुमान

### ५.२.५ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरू

यस नगरपालिकामा कर्णाली र भेरी नदी तथा अन्य खोलाहरूको कटान, पहिरो, वर्षातको भल तथा बाढी र जलवायु परिवर्तनको प्रत्यक्ष असरहरूले गर्दा पर्यावरण र वातावरण व्यवस्थापनका क्रियाकलापहरू यस नगरपालिकाको लागि धेरै आवश्यक रहेका छन् । हाल भइरहेको जलवायु परिवर्तनका असरहरू अझ आक्रामक हुने संभावना रहेको देखिन्छ । स्थानीय तहहरूको नयाँ संरचना संगै विकासमा बढ्दो जनआकांक्षा तथा नयाँ सडक ट्र्याक खोल्ने कार्यहरू, सडक बिस्तार योजना लगायतले जोखिम झनै

थपिने हुँदा भौगौलिक रुपमा यस नगरपालिकाको पश्चिम र दक्षिण क्षेत्रका वडा तथा बस्तीहरूमा वर्षातको समयमा अझै बढी खतरामा हुने गर्दछन।


नगरपालिकामा वातावरण संरक्षण र जलाधार क्षेत्र व्यवस्थापन सम्बन्धी विभिन्न क्रियाकलापहरू तय गरिएका तापनि जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कुनै पनि क्रियाकलापहरू तय गरिएको छैन । आगामी दिनहरूमा यस नगरपालिकामा विकास निर्माणका गतिविधिहरू सञ्चालनसँगसंगै यी क्रियाकलापहरूलाई बढी प्राथमिकता दिई जलवायु परिवर्तनका असर न्यूनीकरण र जोखिम व्यवस्थापनमा ध्यान दिनुका साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरी विकास गतिविधिहरूमा जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु जरुरी देखिन्छ । यसरी योजना तर्जुमाको समयमा योजनहरूको लगानी र प्रकृति हेरी नगरपालिका र बाँकी योजनाहरू वडामा नै सिफारिस गरिएका छन।

नगरपालिकामा प्रस्तावित गरिएका वातावरण तथा पर्यावरण क्षेत्रका ३७ योजनाहरूको निर्माणबाट करिब ३,३१८ घरधुरीहरूले लाभ पाउने छन भने योजनाहरू निर्माणका लागि अनुमानित लागत २ करोड ५० लाख २५ हजार रहेको छ । उक्त वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरूको वडागत विवरण तलको तालिका- ३९ मा र थप प्राथमिकता क्रम अनुसारको सूची अनुसूची १० मा उल्लेख गरिएको छ ।

**तालिका-३९: वातावरण तथा पर्यावरण सम्बन्धी तर्जुमा गरिएका योजनाहरू**

| वडा नं. | प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजना विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जलवायु अनुकुलनअनुकूलन | | | जोखिम व्यवस्थापन | | | स्रोत संरक्षण | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० |
| १ | ० | ० | ० | २ | ४२१ | ३,००० | २ | २७० | ३५० |
| २ | ० | ० | ० | ० | २३ | ० | ७ | २८१ | १,२२५ |
| ३ | ० | ० | ० | २ | ५५ | ३,००० | ३ | ३१ | ५२५ |
| ४ | ० | ० | ० | ५ | ९४ | ७,५०० | १ | २०० | १७५ |
| ५ | ० | ० | ० | १ | ४० | १,५०० | २ | १९४ | ३५० |
| ६ | ० | ० | ० | १ | ७५ | १,५०० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ४० | ० | ३ | १९३ | ५२५ |
| ८ | ० | ० | ० | १ | ६० | १,५०० | २ | ७२० | ३५० |
| ९ | ० | ० | ० | २ | १०५ | ३,००० | ३ | ५१६ | ५२५ |
| **जम्मा** | **०** | **०** | **०** | **१४** | **९१३** | **२१,०००** | **२३** | **२,४०५** | **४,०२५** |

*स्रोत: जलउपयोग गुरुयोजना वडा तथा नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*




चित्र १९: प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजनाहरूको विवरण तथा लागत अनुमान


### ५.२.६ जलउर्जा सम्बन्धी योजनाहरू


चामुण्डाबिन्द्रासैनी नगरपालिकामा योजना तर्जुमा क्रममा तत्कालिक अवस्थामा कुनै पनि लघु जलविद्युत सम्वन्धित योजनाहरू जलउपयोग गुरुयोजनामा प्रस्ताव गरिएको छैन । यसको अलावा २ वटा नयाँ पानी घट्ट योजनाहरू तथा हाल सञ्चालनमा रहेका पानीघट्ट योजनाहरूमध्ये १२ वटा योजनाहरूको मर्मत सम्भार/पुन निर्माण/सेवा बिस्तार गर्न तथा नियमित सञ्चालन गर्न यस गुरुयोजनाको जल उर्जा योजनाहरूमा समावेश गरिएको छ । यसको लागि नगरपालिकाले करिब ३,३१८ घरधुरीहरूले लाभ पाउने छन भने योजनाहरू निर्माणका लागि करिब रू. २ करोड ८० लाखको लागत अनुमान गरिएको छ । उक्त जलउर्जा क्षेत्र सम्बन्धी तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरूको वडागत विवरण तलको तालिका-४० मा र थप प्राथमिकता क्रम अनुसारको सूची **अनुसूची-१०** मा उल्लेख गरिएको छ ।

**तालिका-४०: प्रस्तावित जल उर्जा तथा अन्य योजनाहरूको विवरण**

| वडा नं. | प्रस्तावित जल उर्जा तथा अन्य ( घट्ट) योजना विवरण (जल विद्युत) | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ ( घट्ट) | | | मर्मत सम्भार/पुन निर्माण/सेवा बिस्तार ( घट्ट) | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० |
| १ | ० | ० | ० | ३ | १२५० | ६००० |
| २ | ० | ० | ० | ३ | ४२० | ६००० |
| ३ | ० | ० | ० | ३ | ४४० | ६००० |
| ४ | २ | ३०० | ४००० | १ | १५० | २००० |
| ५ | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | २ | ४७० | ४००० |
| ८ | ० | ० | ० | ० | | ० |
| ९ | ० | ० | ० | ० | | ० |

| वडा नं. | प्रस्तावित जल उर्जा तथा अन्य ( घट्ट) योजना विवरण (जल विद्युत) | | | | | |
|---|---|---|---|---|---|---|
| | नयाँ ( घट्ट) | | | मर्मत सम्भार/पुन निर्माण/सेवा बिस्तार ( घट्ट) | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (रु.)'००० |
| **जम्मा** | **२** | **३००** | **४०००** | **१२** | **२,७३०** | **२४,०००** |




चित्र २०: प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजनाहरूको विवरण तथा लागत अनुमान

# अध्याय-६: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१ गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना

नगरपालिकाहरूले गुरुयोजना कार्यान्वयन, बजारीकरण, र अद्यावधिकको लागि यसका विभिन्न प्रकृया र चरणहरू अपनाउने योजना रहेको छ । जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ती तथा समुदायस्तरबाट सहभागितामूलक ढंगबाट सङ्कलन गरिएका सूचनाहरूको वडास्तरमा प्रमाणीकरण गरी सबै क्षेत्रगत योजनाहरूको प्राथमिकीकरण गरिएको र नगरपालिकास्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट अझै योजनाहरूको प्राथमिकीकरण परिष्कृत भएको छ । पालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरू, सबै वडाका जनप्रतिनिधिहरू, स्थानीय समाजसेवी, बुद्दिजीविहरू र नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरूको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग पुगेको थियो ।

जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि पालिकाले आफुसँग भएको स्रोतहरूको उपलब्धताको यकिन गर्नुका साथै सम्भावित साझेदारहरूको पहिचान, स्रोतहरूको खोजी गरेर ती स्रोतहरूको आधारमा जलउपयोग गुरुयोजनामा समावेश भएका योजना तथा क्रियाकलापहरूलाई अल्पकालीन, मध्यम कालिन र दीर्घकालीन रुपमा बिभाजन गरिएकोछ । साथै नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो आन्तरिक तथा बाह्य स्रोतहरू जुटाई वार्षिक रुपमा गर्न सक्ने लगानीको समेत प्रक्षेपण गरी प्राथमिकताक्रम अनुसारका योजनाहरूलाई अल्पकालीन/मध्यमकालिन/ दीर्घकालीन रुपमा बिभाजन गर्नुपर्ने हुन्छ । चामुण्डाबिन्द्रासैनी नगरपालिकाले प्रक्षेपण गरेका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरूलाई तल चर्चा गरिएको छ ।

**अल्पकालीन योजनाहरू (पहिलो र दोश्रो वर्ष):** नगरपालिकाले जल उपयोग गुरुयोजनाभित्र समावेश गरिएका क्षेत्रगत योजनाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी जुटाउन यस जल उपयोग गुरुयोजनालाई नगरकार्यपालिका र नगरसभाबाट अनुमोदन गर्नेछ र नगरपालिकाले आफ्नो लगानी सुनिश्चित गरी यदि सो लगानी योजनाहरूको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाहय स्रोतहरूको खोजी गर्ने छ साथै आफ्ना क्षेत्रगत परिकल्पनाहरू साकार पार्न अल्पकालीन योजनाहरूको रुपमा हाल १४ वटा नयाँ, तथा १३ वटा मर्मत सुधार एवं पुनर्निर्माण गर्नुपर्ने खानेपानी योजनाहरू रहेका छन् । त्यसै गरी १३ वटा सिंचाइ योजनाहरू, ५ वटा बहुउपयोगी योजनाहरू लगायत ७ वटा वतावरण संरक्षण सम्बन्धी र जलउर्जा तर्फका योजनाहरू ३ वटा घट्टका योजनाहरूलाई यस नगरपालिकाले कार्यान्वयन गर्नेछन् ।

सत्यसैगरी अल्पकालीन योजनाहरू हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका योजनाहरू वडा कार्यालय वा नगरपालिकाको आफ्नै स्रोतबाट पनि निर्माण हुन सक्ने योजनाहरूलाई अल्पकालीन अवधिका योजनाको रुपमा समावेश गरिएका छन् । त्यस्तै वातावरण तथा पर्यावरण क्षेत्रका अति आवश्यक क्रियाकलापहरू जस्तै; वृक्षारोपण, मुहान संरक्षणका योजनाहरूलाई पनि स्रोतको उपलब्धताको हिसाबले सञ्चालन गर्ने गरी अल्पकालीन योजनाको रुपमा राखिएको छ ।

**मध्यमकालीन योजनाहरू (तेश्रो तथा चौथो वर्ष):** नगरपालिकाले मध्यमकालीन योजनाको रुपमा जलउपयोग गुरुयोजनामा प्राथमिकिकरण गरिएका क्षेत्रगत योजनाहरूको अवस्था, स्रोतहरूको उपलब्धताको आधारमा निर्माण सम्पन्न भएका खानेपानी योजनाहरूबाट सम्भव भएमा सेवा बिस्तार र सम्भव नभएमा प्राथमिकता अनुसार खानेपानी, सिंचाइ तथा वातावरण तथा पर्यावरण र जनउर्जा तर्फ प्राथमिकीकरण गरिएका योजनाहरू मध्ये आवश्यकतानुसार योजनाहरूको कार्यान्वयन गर्ने नीति लिएको छ । यस अबधिमा १५ वटा नयाँ, तथा १५ वटा मर्मत सुधार एवं पुनर्निर्माण गर्नुपर्ने खानेपानी योजनाहरू रहेका छन् । त्यसै गरी २० वटा सिंचाइ योजनाहरू, ५ वटा बहुउपयोगी योजनाहरू लगायत ७ वटा वतावरण संरक्षण सम्बन्धी र जलउर्जा तर्फका योजनाहरू ३ वटा घट्टका योजनाहरूलाई नगरपालिकाले कार्यान्वयन गर्नेछन् ।


**दीर्घकालीन लगानी योजना (५ वर्ष देखि):** जल उपयोग गुरुयोजना कार्यन्वयनको सिलसिलामा दीर्घकालीन योजनाको रुपमा नगरपालिकाले यस जलउपयोग गुरुयोजनाको समिक्षा गरी प्राथमिकिकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरू मध्ये कति कार्यान्वयन गर्न सकिए, कति सकिएनन लगायत जल उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरूको कार्यान्वयन गर्दा भएका सिकाईहरूको समेत समिक्षा गरी यदि जल उपयोग गुरुयोजना अद्यावधिक गर्नुपर्ने देखिएमा अद्यावधिक गरेर थप प्राथमिकता निर्धारण गरी समयसापेक्ष रूपमा योजनाहरूको कार्यान्वयन गर्नेछ । यस अबधिमा बाँकी नयाँ, तथा मर्मत सुधार एवं पुनर्निर्माण गर्नुपर्ने खानेपानी योजनाहरू रहेका छन् । त्यसै गरी बाँकी सिंचाइ योजनाहरू, बहुउपयोगी योजनाहरू लगायत वतावरण संरक्षण सम्बन्धी र जलउर्जा तर्फका घट्टका योजनाहरूलाई नगरपालिकाले कार्यान्वयन गर्नेछन् ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन ,मध्यमकालीन र दीर्घकालीन योजनाहरूको कार्यान्वयनका लागि नगरपालिकाले थप छलफल र निर्णय अनुसार हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा नगरपालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरूबाट हुने लगानीको प्रक्षेपण गर्नुका साथै स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा योजना तथा कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गर्नेछ । साथै जलउपयोग गुरुयोजनाका क्षेत्रगत योजनाहरू कति कार्यान्वयन भए भन्ने कुराको समिक्षा गर्ने संयन्त्रको पनि विकास गर्नेछ ।

यसका अतिरिक्त जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति तथा कार्यविधि निर्देशिका/नगरपालिकाले निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानव संसाधन सहितको संयन्त्रको विकास गर्नेछ । त्यो संयन्त्रले अन्य क्षेत्रगत संयन्त्रहरूसँग समन्वय,सहकार्य र जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजना तथा क्रियाकलापहरूको कार्यान्वयन र व्यवस्थापनका लागि एकीकृत रुपमा योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नेछ ।

## ६.२ पहिलो आ.व.मा कार्यन्वयन हुने योजनाहरू

यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाले पहिलो वर्षका लागि २७ वटा खानेपानी सम्बन्धी योजनाहरू, १३ वटा सिंचाइ बिस्तारका योजनाहरू, ५ वटा बहुउपयोगी, र ७ वटा वातावरण सम्बन्धी योजनाहरू लगायत जम्मा ५२ वटा योजनाहरूलाई कार्यान्वयन गर्नेछ । पहिलो आ.व.मा कार्यान्वयन हुने योजनाहरूको विवरण तलको तालिका-४१ मा उल्लेख गरिएको छ ।




चित्र २१: पहिलो वर्षमा प्रस्तावित लगानीको सारांस

**तालिका-४१: पहिलो वर्षमा कार्यान्वयन गर्ने गरी तर्जुमा गरिएका योजनाहरू**

| क्र.स. | योजनाको नाम | सञ्चालन हुने वडा | क्षेत्र | जिम्मेवार निकाय | अनुमानित लगानी (रु.).००० |
|---|---|---|---|---|---|
| १ | अलैचिबारी बलमपुर खा.पा.यो. | ४ | खा.पा | नगरपालिका | ५००० |
| २ | भाटि अच्छमबाडा कोल चौतारा | ३ | खा.पा | नगरपालिका | ५००० |
| ३ | कालेखा पदमपुर दहाड वस्ति | ६ | खा.पा | नगरपालिका | ५००० |
| ४ | स्यालधारा खा.पा.यो. | ९ | खा.पा | नगरपालिका | ५००० |
| ५ | सुकिला खोला खालिचाका लिफ्ट खा.पा. | ७ | खा.पा | नगरपालिका | ५००० |
| ६ | सिमगाउँ भम्प हुड्के पघारापानी कोहलपुर टिमिले सइन माथिल्लो तल्लोखाड एकिकृत खा.पा.यो. | ८ | खा.पा | नगरपालिका | ५००० |
| ७ | धारापानी राम्ति चाल्ने खा.पा.यो. | २ | खा.पा | नगरपालिका | ५००० |
| ८ | देउता मग्राहा दलित टोल खा.पा. | ५ | खा.पा | नगरपालिका | ५००० |
| ९ | रानिछेरा बडा कार्यालय थापागाउँ खा.पा.यो. | १ | खा.पा | नगरपालिका | ५००० |
| १० | आम रुख ठाडावट सुनारटोल खा पा योजना - ५ | ५ | खा.पा | नगरपालिका | ३००० |
| ११ | साब्रा मुल धमला टोल खा पा यो. | ८ | खा.पा | नगरपालिका | ३००० |
| १२ | खाडी खोला खा.पा.यो. | २ | खा.पा | नगरपालिका | ३००० |
| १३ | अम्लेसनी खा. पा. यो. | ४ | खा.पा | नगरपालिका | ३००० |
| १४ | भट्गाउ खापा योजना | ९ | खा.पा | नगरपालिका | ३००० |
| १५ | कालापानि खाउँकाटे खा पा | ७ | खा.पा मर्मत | नगरपालिका | ३००० |
| १६ | बाघमारा धारा खा.पा.यो. | ६ | खा.पा मर्मत | नगरपालिका | ३००० |
| १७ | मान्मा आहाल खाला थापागाँउ खा.पा.यो. | १ | खा.पा मर्मत | नगरपालिका | ३००० |
| १८ | नौखोलीभुवाटाकुँरा खा.पा.यो. | ३ | खा.पा मर्मत | नगरपालिका | ३००० |
| १९ | माथिल्लो आहाल खोला गम्बले डाँडा सि.कु. | १ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २० | डुडाले खोला सि.कु. | २ | खा.पा मर्मत | नगरपालिका | १५०० |


| क्र.स. | योजनाको नाम | सञ्चालन हुने वडा | क्षेत्र | जिम्मेवार निकाय | अनुमानित लगानी (रु.).००० |
|---|---|---|---|---|---|
| २१ | चिउरुवा तिरखुलेबाडि सि.कु. | ४ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २२ | बङ्गाबस्तेरिपाटा सि. यो. | ५ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २३ | खैर सेडा रुईना सिचाई कुलो | ६ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २४ | बडाखोला कुलो | ७ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २५ | खोड खोला डाँडा नारे सि.कु. | ९ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २६ | बेडुखेत दह सि.कु. | ८ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २७ | आलाखेत छडेखोला सि.कु. | ३ | खा.पा मर्मत | नगरपालिका | १५०० |
| २८ | बैसकोफेद सि.पो. | २ | सिंचाइ | नगरपालिका | १००० |
| २९ | आहाल खेत सि.पो. | ३ | सिंचाइ | नगरपालिका | १००० |
| ३० | टाँटे पुरनधारा सि.पो. | ४ | सिंचाइ | नगरपालिका | १००० |
| ३१ | कोलखेत सिचाई पोखरी | ६ | सिंचाइ | नगरपालिका | १००० |
| ३२ | लुवासैन सि.पो. | ८ | सिंचाइ | नगरपालिका | १००० |
| ३३ | पानीमुल सि.पो. | ९ | सिंचाइ | नगरपालिका | १००० |
| ३४ | तोलाखोला सि.पो. | १ | सिंचाइ | नगरपालिका | १००० |
| ३५ | कैईना सिचाई पोखरी -२ वटा | ५ | सिंचाइ | नगरपालिका | १००० |
| ३६ | खोडखोला पालताडा | ७ | सिंचाइ | नगरपालिका | १००० |
| ३७ | मुसे देखि जिउला थापा गाँउ बहुउपयोगी योजना | १ | सिंचाइ | नगरपालिका | २५०० |
| ३८ | कागते बहुउपयोगी योजना | २ | सिंचाइ | नगरपालिका | २५०० |
| ३९ | ठूलोखोला जंगले बहुउपयोगी योजना | ३ | सिंचाइ | नगरपालिका | २५०० |
| ४० | काँडाधारा बहुउपयोगी योजना | ४ | सिंचाइ | नगरपालिका | २५०० |
| ४१ | चिउरूवा घट्ट | ५ | बहुउपयोगी | नगरपालिका | २५०० |
| ४२ | नाङ्गे डाँडा, काफल डाँडा बृक्षारोपण | १ | बहुउपयोगी | नगरपालिका | ३०००० |
| ४३ | खोक साउनेपानी तटबन्धन | २ | बहुउपयोगी | नगरपालिका | ३०००० |
| ४४ | भर्तले सा.व. पहिरो नियन्त्रण | ४ | बहुउपयोगी | नगरपालिका | ३०००० |
| ४५ | लेक डाडा मुल संरक्षण | ७ | बहुउपयोगी | नगरपालिका | ३०००० |
| ४६ | नावधारा मुल संरक्षण | ८ | वाताबरण | नगरपालिका | ३०००० |
| ४७ | गैराखालि तट्बन्धन बृक्षारोपण | ९ | वाताबरण | नगरपालिका | ३०००० |
| ४८ | लोसे मुहान संरक्षण | ३ | वाताबरण | नगरपालिका | ३०००० |
| ४९ | कोलडाडा मुहान संरक्षण | ५ | वाताबरण | नगरपालिका | ३०००० |
| ५० | गडेखोला पहिरो नियन्त्रण | ६ | वाताबरण | नगरपालिका | ३०००० |
| ५१ | चिउरुवा तिरखुले (नयाँ) | ४ | वाताबरण | नगरपालिका | ५०००० |
| ५२ | डावरखोला (नयाँ) | ४ | वाताबरण | नगरपालिका | ५०००० |
| | | | | **जम्मा:** | **४७७,०००** |

*स्रोतजलउपयोग गुरुयोजना :, वडा तथा नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

## ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरूको पहिचान


गुरुयोजना तयार भएपछि यसको प्राथमिकता क्रममा परेका योजनाहरू कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरूको खोजी गर्ने र त्यसको समुचित बाँडफाँड गर्ने जस्ता कार्यको भुमिका पूर्ण रुपमा पालिकाको रहनेछ भने यसको प्रचारप्रसार गरी कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा महत्वपूण भुमिका निर्वाह गर्नेछ । नगरपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैह सरकारी संघ संस्थाहरूको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई अवलम्बन गर्दै लैजाने प्रणालीको विकास गरिनेछ । यसले गर्दा एकातिर पालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउने छैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरू सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुनेछ ।

नगरपालिकामा गुरुयोजना कार्यान्वयनका लागि स्रोतको सुनिश्चितता ,स्रोत एकद्वार प्रणालीको विकास , लगानीकर्ताका लागि अनुकुल वातावरण ,जवाफदेहिता संयन्त्र विकास जलाधार क्षेत्रको स्वाथ्य सुदृढ र , समग्र विकासका लागि अन्तर स्थानीय तहप्रदेश सरकार तथा सं ,घीय सरकारका सरोकारवाला संयन्त्रहरूसँगको सम्बन्ध बिस्तार र आवश्यक समन्वय गुरुयोजनाको सफल कार्यान्वयनका लागि अति नै महत्वपूर्ण रहने सरोकारवालाहरूको साझा बुझाई रहेको छ । नगरपालिकामा बिगतमा पानीको उपयोग र विकासका क्षेत्रमा कार्यगर्दै आएका र भविश्यमा समेत सहकार्य साझेदारी हुन सक्ने सम्भावित/ कार्यान्वयन सरोकारवाला सहयोगी निकायहरूको विवरण र सहसम्-वन ध्लाई चार्टमा प्रस्तुत गरिएको छ ।




चित्र २२: जलस्रोत संरक्षण तथा जलउपयोग क्षेत्रका सरोकारवाला पहिचान चित्र

**संकेत:**

| | |
|---|---|
|  | कार्यान्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय |
|  | निर्माणमा पालिकालाई सहयोग गर्न सक्ने दातृ निकायहरू/परियोजना |
|  | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
|  | निर्माण तथा स्थानीयस्तरमा सामाजिक/प्राबिधिकप्राविधिक सहयोग पुरयाउने अन्तर/राष्ट्रिय संघ/संस्थाहरू |

**तालिका ४२ जल उपयोग गुरुयोजना कार्यान्वयन गर्न लगानी सहकार्य गर्ने सम्भावित सरोकारवालाहरू**

| सरोकारवाला संस्थाको नाम | क्रियाकलापको प्रकार | सम्भावित कार्य क्षेत्र (वडा/भूगोल) | निकाय /संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविश्यमा सहकार्य हुन सक्ने क्षेत्र |
|---|---|---|---|---|
| **युएसएआइडी, कर्णाली जल परियोजना** | जलस्रोत व्यवस्थापन | नगरपालिकाको सबै वडाहरू | युएसएआइडी | खानेपानी, बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| **प्रदेश सरकार, खानेपानी डिभिजन कार्यालय** | खानेपानी, सरसफाइ तथा स्वच्छता | नगरपालिकाको सबै वडाहरू | प्रदेश सरकार | खानेपानी, सरसफाइ, स्वच्छता, खानेपानी प्रशोधन प्रणाली निर्माण |
| **खानेपानी विभाग, संघीय खानेपानी आयोजना कार्यालय** | खानेपानी, सरसफाइ तथा स्वच्छता | नगरपालिकाको सबै वडाहरू | संघीय सरकार, खानेपानी विभाग | खानेपानी, सरसफाइ, स्वच्छता, खानेपानी प्रशोधन प्रणाली निर्माण |
| **बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र** | जल उर्जा | नगरपालिकाको सबै वडाहरू | नेपाल सरकार, बहु राष्ट्रिय सहयोग | लघु/साना जलविद्युत, सुधारिएको घट्ट, परम्परागत घट्ट, नयाँ, मर्मत बिस्तार, क्षमता अभिबृद्धि, मर्मत सेवा केन्द्र स्थापना, अनुसन्धान, अध्ययन |
| **वन तथा भूसंरक्षण विभाग** | वातावरण तथा पर्यावरण संरक्षण | नगरपालिकाको सबै वडाहरू | संघीय सरकार, वन तथा भूसंरक्षण विभाग | वन संरक्षण, पहिरो नियन्त्रण, नदी नियन्त्रण, नर्सरी |
| **सिंचाइ विभाग** | सिंचाइ | नगरपालिकाको सबै वडाहरू | संघीय सरकार, सिंचाइ विभाग | परम्परागत सिंचाइ, लघु सिंचाइ |
| **विकास साझेदारहरू र गैर सरकारी संस्थाहरू** | खानेपानी, सरसफाइ तथा स्वच्छता, | नगरपालिकाको सबै वडाहरू | विकास साझेदारहरू | खानेपानी, सरसफाइ तथा स्वच्छता, विद्यालय वास, अपाङ्गता भएका |

| सरोकारवाला संस्थाको नाम | क्रियाकलापको प्रकार | सम्भावित कार्य क्षेत्र (वडा/भूगोल) | निकाय /संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविश्यमा सहकार्य हुन सक्ने क्षेत्र |
|---|---|---|---|---|
| | विद्यालय वास, स्वास्थ्य, लैङ्गिक समानता तथा समावेशीकारण | | | व्यक्तिहरूको लागि कार्यक्रम, समावेशी कार्यक्रम, जनचेतना, स्वस्थ्य |

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति

चामुण्डाबिन्द्रासैनी नगरपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरू अपनाउने छ ।

- सबै स्थानीय सरोकारवाला निकायहरूको जलाधार संरक्षण सम्बन्धी साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरू आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिबृद्धि गरिने छ ।
- कुनै पनि ठूला संरचनाहरू निर्माण गर्दा वातावरण प्रभाव मूल्यांकन अनिवार्य गरिनेछ ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायकोको अधिकतम सहभागिता गराइनेछ ।
- नगरपालिकास्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरू जस्तै; सामुदायिक वन उपभोक्ता समुहहरू, कृषि समुहहरूसँग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरूलाई स्थानीय समुदायको आयमूलक/जीविकोपार्जनका गतिविधिसँग जोडी वातावरणमैत्री र संरक्षणमुखी बनाइने छ ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदायसँग जलाधार संरक्षणका उपायहरूकाबारेमा छलफल गरी साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरू (जलउपयोग गुरुयोजनामा आधारित भइ) सञ्चालन गरिने छन् ।
- लोप हुन/हराउन लागेका सिमसार/ताल तलैयाहरूलाई संरक्षण र व्यवस्थापनको माध्यमबाट “पुरानै स्वरुपमा ल्याउने” रणनीति अपनाईने छ ।

## ६.५ गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिका क्षेत्रभित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरूको पहिचान तथा परिचालन पनि महत्वपूर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले नगरपालिकाहरूलाई योजना कार्यान्वयन गर्ने कार्यकारि निकायका रुपमा राखेको छ भने नगरपालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरू कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरूलाई परिचालन गर्न सहज हुने देखिन्छ । गुरुयोजना कार्यान्वयन गर्न नगरपालिकाको नेतृत्वमा सबै साझेदारहरूलाई साझेदारीको वातावरण सहित

परिचालन गर्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरू नगरपालिकाको सभा मार्फत निर्माण गरी क्षेत्रगत साझेदारहरूलाई स्पष्ट जिम्मेवारी प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष नगरपालिकाले विभिन्न सरोकारवाला निकायहरूकोपक्ष/हरूको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी अद्यावधिक गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभूत तथ्याङ्क र एकीकृत जलस्रोत विकासको खाका वा प्राथमिकता योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ । यसको अद्यावधिकरणबाट नगरपालिकाको एकीकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ । सामान्यतया गुरुयोजना कार्यान्वयन समिक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरू अद्यावधिक प्रत्येक वर्ष गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अद्यावधिक गर्नको लागि कार्यपालिकावाट अनिवार्य रुपमा निर्णय गर्नु पर्ने हुन्छ ।

## ६.६ गुरुयोजना कार्यान्वयन रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्रसमन्वय र सरोकारवाला निकाय ,हरू बिच सहकार्य हुन जरुरी छ । त्यसकारण नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपशिलका रणनीति अपनाउने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरूको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरू समय(समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, बिभागहरूमा गुरुयोजनाको प्रचार प्रसार गरी आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।
- नगरपालिकास्तरका सरोकारवाला साझेदारहरूको आवश्यकता अनुसार समन्वय बैठक र अन्तरक्रियाहरू आयोजना गरी गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिबद्धता सहितका कार्यक्रम तय गरिने छ ।
- नगरपालिकास्तरमा गुरुयोजना सम्बन्धी प्रचार प्रसार, समिक्षा तथा जलस्रोत क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरूलाई गुरुयोजनाले औल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरू सञ्चालन गरिने छ ।
- क्षेत्रगत योजनाहरूमा लगानी सम्बन्धी दोहोरोपना हटाउन वार्षिक कार्यक्रम तय गर्नु पूर्व विषयगत समितिका बैठकहरू मार्फत आगामी वर्षका योजना तथा कार्यक्रमहरू सरोकारवालाहरूसँगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।

## अनुसूचीहरू

| | |
|---|---|
| अनुसूची-१ | SA-1: घरधुरी तथा जनसंख्या सम्बन्धी विवरण |
| | SA-2: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारि सम्बन्धी विवरण |
| | SA-3: विद्यमान सहकारि संस्थाहरू सम्बन्धी विवरण |
| | SA-4: विद्यमान सरोकारवाला संस्थाहरू सम्बन्धी विवरण |
| | SA-5: स्वास्थ्य तथा सरसफाइ सम्बन्धी विवरण |
| अनुसूची-२ | TA-1: पानीका स्रोतहरूको विवरण |
| अनुसूची-३ | SA-6: टोलहरूको सूची |
| | TA-2: विद्यमान खानेपानी योजनाहरूको सुविधास्तर र संरचानागत विवरण फारम |
| अनुसूची-४ | SA-7: विद्यमान खानेपानी योजनाहरूको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-8: विद्यमान कुलो सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-3: विद्यमान कुलो सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-9: विद्यमान लघु सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-4: विद्यमान लघु सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-10: विद्यमान बहु उपयोगी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-5: विद्यमान बहु उपयोगी योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-11: विद्यमान वातावरण तथा पर्यावरणसँग सम्वन्धित योजनाहरूको मुख्य विवरण फारम |
| | TA-6: विद्यमान वातावरण तथा पर्यावरणसँग सम्वन्धित योजनाहरूको बिस्तृत विवरण फारम |
| | SA-12: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरूको मुख्य विवरण फारम |
| | TA-7: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरूको बिस्तृत विवरण फारम |
| | TA-8: विद्यमान लघु जलविद्युत योजनाहरूको बिस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-1: निर्माणाधीन जलस्रोत सम्वन्धित योजनाहरूको मुख्य विवरण फारम |
| | OT-1: निर्माणाधीन खानेपानी योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-2: निर्माणाधीन कुलो सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-3: निर्माणाधीन लघु सिंचाइ योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-4: निर्माणाधीन बहु उपयोगी योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-5: निर्माणाधीन सुधारिएको र परम्परागत घट्ट योजनाहरूको बिस्तृत विवरण फारम |
| | OT-6: निर्माणाधीन लघु जलविद्युत योजनाहरूको बिस्तृत विवरण फारम |
| अनुसूची-७ | PL-1: तर्जुमा गरिएका खानेपानी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-9: तर्जुमा गरिएका खानेपानी योजनाहरूको विस्तृत विवरण फारम |
| | TA-10: तर्जुमा गरिएका सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-८ | PL-2: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरूको मुख्य विवरण फारम |
| | TA-11: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-९ | PL-4: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरूको मुख्य विवरण फारम |
| | TA-13: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१० | PL-5: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसँग सम्वन्धित योजनाहरूको मुख्य विवरण फारम |
| | TA-14: तर्जुमा गरिएकावातावरण तथा पर्यावरणसँग सम्वन्धित योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-११ | PL-6: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरूको मुख्य विवरण फारम |
| | TA-15: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१२ | PL-7: तर्जुमा गरिएका लघु जलविद्युत योजनाहरूको मुख्य विवरण फारम |
| | TA-16: तर्जुमा गरिएका लघु जलविद्युत योजनाहरूको विस्तृत विवरण फारम |
| अनुसूची-१३ | चामुण्डा बिन्द्रासैनी नगरपालिकाको क्षमता विकास योजना २०७९ का क्रियाकलापहरू |



चामुन्डा विन्द्रासैनी नगरपालिका वडा न. ५ को स्रोत नक्शांकनको लागि समुदायका सहभागीहरू

**प्रतिदावी:**

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री चामुन्डा बिन्द्रासैनी नगरपालिकाको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।

चामुन्डाबिन्द्रासैनी नगरपालिकाको

# जलउपयोग गुरुयोजना, २०८०